सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ असोज २०८०, बिहीबार (21 Sep 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ डिजिटल पेमेन्टमा 'मोबाइल बैंकिङ'को हिस्सा ३३ प्रतिशत

महिनामै साढे दुई खर्बको कारोबार



विद्युतीय भुक्तानी (डिजिटल पेमेन्ट) गर्न मोबाइल बैंकिङको प्रयोग सबैभन्दा धेरै हुने गरेको देखिएको छ। चालू आवको पहिलो महिनामा विद्युतीय भुक्तानीसम्बन्धी कारोबार संख्यामा मोबाइल बैंकिङको हिस्सा झन्डै ३३ प्रतिशत देखिएको छ।

(विस्तृत पृष्ठ ९)

बाल यौन दुर्व्यवहारलाई फस्टाउन दिइरहेका छन् ठूला प्रविधि कम्पनी





● मिए कोहियामा

प्रविधि कम्पनीसँग बालबालिकाको सुरक्षाका लागि आवश्यक प्रतिरक्षा निर्माण गर्न सीप र संसाधन दुवै छन्। उनीहरूसँग नभएकोचाहिँ यसका लागि लगानी र परिचालनको इच्छाशक्ति मात्र हो।

(विस्तृत पृष्ठ ७)

■ केन्द्रीय बैठकअघि कांग्रेसमा विवाद





सभापतिको कार्यशैलीप्रति कोइरालाको असन्तुष्टि, समेटेर जाने देउवाको आश्वासन

(विस्तृत पृष्ठ ४)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नागरिकको स्वास्थ्यमाथि गम्भीर खेलबाड

रोग प्रतिरोधात्मक क्षमता घटाउने, दीर्घकालीन रूपमा कुनै पनि एन्टिबायोटिकले शरीरमा काम नै नगर्नेलगायतका समस्या निम्त्याउने भन्दै डब्लुएचओले प्रतिबन्ध लगाएको दुई वर्षसम्म पनि नेपालमा १४ प्रकारका एन्टिबायोटिकको निर्बाध प्रयोग


■ डब्लुएचओले लगाएको प्रतिबन्ध थाहा हुँदाहुँदै सरकारले रोक लगाउन चासो दिएन, पेसागत धर्म र नैतिकता बिर्सेर चिकित्सकले पनि लाखौँ बिरामीलाई तिनै एन्टिबायोटिक सिफारिस गरिरहे, दुई वर्षपछि आइतबार बल्ल बिक्री-वितरणमा रोक लगाइयो

शिवहरि घिमिरे/नयाँ पत्रिका

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले दुई वर्षअघि नै प्रतिबन्ध लगाएका एन्टिबायोटिक औषधि नेपालमा निर्बाध उत्पादन, बिक्री-वितरण र प्रयोग गर्न दिएर सरकारले जनस्वास्थ्यमाथि गम्भीर खेलबाड गरेको छ। डब्लुएचओले सन् २०२१ मै प्रतिबन्ध लगाएको थाहा हुँदाहुँदै सरकारले रोक लगाउन चासो दिएन, पेसागत धर्म र नैतिकता बिर्सेर चिकित्सकले पनि लाखौँ बिरामीलाई तिनै एन्टिबायोटिक सिफारिस गरिरहे। दुई वर्षपछि आइतबार बल्ल औषधि व्यवस्था विभागले बिक्री-वितरणमा रोक लगायो। त्यतिञ्जेल ती एन्टीबायोटिकले कति नागरिकको स्वास्थ्यमा कस्तो असर पाऱ्यो, कोही जबाफदेही छैन।

डब्लुएचओले संसारभर एक सय तीन प्रकारका एन्टिबायोटिक औषधिमा प्रतिबन्ध लगाएको थियो। जसमा नेपालमै उत्पादन हुने १४ प्रकारका एन्टिबायोटिक पनि छन्। यिनै औषधी विदेशका ४० कम्पनीले पनि नेपालमा आपूर्ति गरिरहेका थिए। अहिले पनि ठूलो परिमाणमा यी एन्टिबायोटिक बजारमा मौज्दात छ। चार करोड मूल्यबराबरका १४ प्रकारका एन्टिबायोटिक

» पृष्ठ ११ मा क्रमशः



■ **यी हुन् प्रयोगमा रोक लगाइएका एन्टिबायोटिक**

१) एमोक्सिसिलिन/प्रोक्सा।
२) एम्टिसिसिलिन/क्लोक्सा।
३) एमोक्सिसिलिन/क्लोक्सा।
४) एसिटिइस्पिरामेसिन तथा मेट्रोनिडाजोल।
५) एम्ट्रिसिलन/डाई क्लोक्सा।
६) बेन्जाएल प्यानिसिसिलिन र स्ट्रेप्सोमाइटिन।
७) सेफिपाइम र सल्ब्याकटोम।
८) किमिसेफिपाइम र क्लाबुल्याटिक एसिड।
९) सेफोप्याराजोन र सल्ब्याकटम।
१०) सेफोट्याक्सिन र सल्ब्याकटम।
११) सेट्राइअब्सन र सल्ब्याकटम।
१२) सेट्राइअब्सन र ट्याजोब्याक्टोम।
१३) सेफ्रुरअक्सिम र क्लाबुल्यानिक एसिड।
१४) ओफ्फोल्क्सासिन र अर्निलाजोल।

■ यी एन्टिबायोटिकले स्वास्थ्यमा के गर्छ असर ?

चिकित्सकका अनुसार प्रतिबन्ध लगाइएका १४ प्रकारकै एन्टिबायोटिक दुईवटा एन्टिबायोटिक मिसाएर बनाइएका हुन्। यी एन्टिबायोटिक प्रयोगले दीर्घकालीन असर पार्ने भन्दै प्रयोग नगर्न डब्लुएचओले सूचना जारी गरेको थियो। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनी उल्लेखित सबै एन्टिबायोटिक ब्याक्टेरियल संक्रमणविरुद्ध प्रयोग हुने गरेको बताउँछन्। 'कुनै निश्चित रोगसँग सम्बन्धितभन्दा पनि सबै किसिमका ब्याक्टेरियाको संक्रमणविरुद्ध यी एन्टिबायोटिक प्रयोग गर्ने गरिएको थियो,' उनले भने, 'तर, यीमध्ये पनि कस्तो अवस्थामा कुन एन्टिबायोटिक चलाउने भन्ने विषय डाक्टरमा भर पर्ने कुरा हो, एन्टिबायोटिकको मुख्य काम ब्याक्टेरियाबाट हुने संक्रमण रोक्नु नै हो।' विज्ञहरूका अनुसार डब्लुएचओले बन्देज लगाएका यी एन्टिबायोटिक प्रयोगले मानव स्वास्थ्यमा ठूलो हानि पुऱ्याउँछ। खासगरी दीर्घकालीन रूपमा कुनै पनि एन्टिबायोटिकले काम नै नगर्ने, शरीरको रोग प्रतिरोधात्मक क्षमता घटाउनेजस्ता समस्या निम्त्याउँछ।

पछि कुनै पनि एन्टिबायोटिकले काम नगर्दा उपचारमै समस्या हुन सक्छ



● **डा. प्रदीप ज्ञवाली**
औषधि विशेषज्ञ, त्रिवि शिक्षण अस्पताल

यी एन्टिबायोटिकको प्रयोग हानिकारक भएर नै बन्देज लगाइएको हो। अहिले यी एन्टिबायोटिक प्रयोग गरिएको व्यक्तिको शरीरमा पछि कुनै पनि एन्टिबायोटिकले काम गर्न छाड्छ, जसका कारण उपचारमै समस्या हुन सक्छ। यो निकै सिरियस विषय हो। डब्लुएचओले सूचना जारी गरेपछि त्यतिवेलै सरकारले लागू गर्नुपर्ने थियो, तर दुई वर्षसम्म पनि कार्यान्वयन गरेन। यसले कति बिरामी प्रभावित भए होलान् ? त्यसको जिम्मेवार को हुने ? सरकारले ढिलै भए पनि यो नियम पालना गर्न लागेको छ, बन्देज गरिएका एन्टिबायोटिकको प्रयोग अब कुनै हालतमा गर्न दिनुहुँदैन। सरकारले देशभरका स्वास्थ्य संस्थामा प्रयोग भए-नभएको अनुगमन गर्न जरुरी देखिन्छ। अन्यथा लुकिछिपी वा थाहा नभएर बिक्री-वितरण हुने अवस्था रहन्छ।

डब्लुएचओले प्रतिबन्ध लगाएपछि सरकारले तत्काल रोक लगाउनुपर्थ्यो



● **डा. रुद्र मरासिनी**
निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

यी एन्टिबायोटिक औषधि नेपालमा धेरै नै प्रयोग हुने गरेका छन्, तर डब्लुएचओको सूचना थाहा पाएपछि मैले सिफारिस गर्न छाडेको छु। डब्लुएचओले नै सिफारिस गरिसकेपछि सरकारले प्रयोगमा तत्काल प्रतिबन्ध लगाउनुपर्थ्यो।

हामीले त सरकारलाई वेलैमा भनेका हौं, तर वास्ता गरेन



● **सन्तोष बराल**
उपाध्यक्ष, औषधि उत्पादक संघ

हामीले त सरकारलाई डब्लुएचओको सूचना आउनेबित्तिकै ती औषधि प्रयोग नगर्न भनेका हौं, तर समयमै बन्देज गरेन, यो लापरबाही हो। नेपालमा यी एन्टिबायोटिक औषधि उत्पादन गर्ने ६ उद्योग छन्। विदेशबाट ४० कम्पनीले सप्लाई गर्छन्। माग बढेपछि नै स्वदेशी कम्पनीले करिब ५-६ वर्षदेखि विदेशबाटै कच्चापदार्थ ल्याएर उत्पादन थालेका हुन्।

मन्त्रालयले त्यतिवेलै रोक लगाउन भनेको रहेछ, तर विभागले कार्यान्वयन गरेनछ



● **नारायणप्रसाद ढकाल**
महानिर्देशक, औषधि व्यवस्था विभाग

डब्लुएचओले प्रयोग नगर्न भनेका औषधि दुई वर्षसम्म चलाइनु गम्भीर विषय हो। तर, त्यतिवेला म पदमा थिइनँ, यहाँ आएको तीन महिना मात्रै भयो। त्यतिवेला भरत भट्टराई महानिर्देशक हुनुहुन्थ्यो, उहाँले किन लागू गर्नुभएन, त्यो थाहा भएन। त्यतिवेला स्वास्थ्य मन्त्रालयले पनि विभागलाई कार्यान्वयन गर्न भनेको रहेछ।

त्यतिवेलाको विषयमा अहिले म बोल्दिनँ



● **भरत भट्टराई**
तत्कालीन महानिर्देशक, औषधि व्यवस्था विभाग

त्यतिवेलाको विषयमा अहिले आएर बोल्दिनँ। मैले बोल्ने विषय नै केही छैन। अहिलेका महानिर्देशकलाई सोध्नू।

■ आन्दोलित शिक्षक



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सरकारले २७ भदौमा प्रतिनिधिसभामा दर्ता गरेको विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकविरुद्ध बुधबार प्रदर्शनमा उत्रिएका शिक्षक। उनीहरूले माइतीघरदेखि बानेश्वरसम्म ऱ्याली प्रदर्शन गरे। देशभरका २७ हजारभन्दा बढी सामुदायिक विद्यालयका करिब एक लाख ६० हजार शिक्षक आन्दोलनमा उत्रिँदा ५४ लाख विद्यार्थीको पठनपाठन प्रभावित भएको छ। **विस्तृत पृष्ठ ३**

कर्नर किक

● रवि मिश्र





■ कर्मचारी खटनपटनमा संघ र स्थानीय तहबीच द्वन्द्व

एक महिनामा आठ पालिकाले फिर्ता गरे प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत फिर्ता गर्ने पालिकाका निमित्तको अधिकार कटौती

नयाँ पत्रिका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४ भदौमा शाखा अधिकृत राजीव रिमाललाई स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कामकाज गर्न खटायो। हालै लोकसेवा परीक्षा पास गरेर नियुक्त भएका रिमालको पहिलो पदस्थापन कालीगण्डकीमा भएको थियो। तर, मन्त्रालयको पत्र लिएर गाउँपालिका कार्यालयमा पुगेका रिमालले हाजिर नै लगाउन पाएनन्। गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले उनलाई हाजिर गर्न रोकेका हुन्।

कालीगण्डकीले रिमाललाई कामकाजमा खटाउन असमर्थ भएको भन्दै हाजिर नै नगराई फिर्ता गरिदिएको पत्र २५ भदौमा मन्त्रालयलाई पठायो। प्रशासकीय अधिकृतको पद रिक्त नभएको अवस्थामा जानकारी र सरसल्लाह नै नगरी कामकाजका लागि कर्मचारी खटाइएको भन्दै त्यसप्रति गम्भीर आपत्ति रहेको पालिकाको पत्रमा उल्लेख छ। रिमाललाई खटाउनुअघि त्यहाँ देवेन्द्र पाण्डेय प्रमुख प्रशासकीय

» पृष्ठ ११ मा क्रमशः



प्रमुख प्रशासकीय अधिकृतलाई फिर्ता पठाएर निमित्तबाट काम चलाउन खोज्ने स्थानीय तहका गतिविधिमाथि सामान्य प्रशासन मन्त्रालयले अंकुश लगाउन सुरु गरेको छ। मन्त्रालयले त्यस्ता पालिकाका निमित्त प्रमुख प्रशासकीयको आर्थिक र प्रशासनिक अधिकार खोस्ने निर्णय गरेको छ। मन्त्रालयका सहसचिव सुमन दाहालले प्रमुख प्रशासकीय अधिकृत छाडेर निमित्त रोज्ने स्थानीय तहको विकृति रोक्न यस्तो निर्णय गरिएको बताए। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सेवा गठन नभएसम्मका लागि नेपाल सरकारबाट प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्था गरेको छ। त्यसैअनुसार मन्त्रालयले प्रमुख प्रशासकीय खटाइरहेको छ। तर, पूर्ण रूपमा सबै स्थानीय तहमा सधैँ प्रमुख प्रशासकीय अधिकृत खटाउन सम्भव नहुने भएकाले यस्तो वेला आर्थिक र प्रशासनिक अधिकार दिएर निमित्तलाई जिम्मेवारी दिने अभ्यास छ। निमित्तका नाममा स्थानीय तहमा केही विकृति देखिएको मन्त्रालयको ठहर छ। निमित्तलाई आर्थिक, प्रशासनिक अधिकार दिँदा स्थानीय तहमा अनुशासनहीनता, अनियमितता र बेरुजु बढेको देखिएको मन्त्रालयको मूल्यांकन छ। मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत पठाउँदा फिर्ता गरेर निमित्तबाट काम चलाउने कुरा गैरकानुनी हुने सहसचिव दाहाल बताउँछन्। 'मन्त्रालयले प्रमुख प्रशासकीय पठाउँदा तिनलाई फिर्ता गरेर निमित्तबाट काम चलाउने कुरा गैरकानुनी हो,' दाहालले भने, 'मन्त्रालयले पठाएका कर्मचारीले काम गर्न नसके वा कमजोरी गरे कारबाही प्रक्रियामा जान सकिन्छ। तर, फिर्ता पठाएर निमित्तबाट काम चलाउनु गलत हो।' यस्ता समस्या हल गर्न मन्त्रालयले निमित्तको अधिकार खोस्ने नीतिगत निर्णय गरेको उनको भनाइ छ।

■ उपत्यकामा द्रुत बस सेवा सुरु

४५ मिनेटभित्र रत्नपार्कदेखि सूर्यविनायकसम्म पुग्न सकिने

नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बुधबारदेखि उपत्यकामा बस च्यापिड ट्रान्जिट (बिआरटी) तथा द्रुत बस सेवा सञ्चालन ल्याएको छ। रत्नपार्कस्थित शान्तिवाटिकाबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले द्रुत बसको उद्घाटन गरे।

पहिलो दिन शान्तिवाटिकाबाट सूर्यविनायकसम्म दुईवटा बसले सेवा दिएको यातायात व्यवस्था विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले बताए। बसले ४०-४५ मिनेटमा रत्नपार्कदेखि सूर्यविनायकसम्म पुऱ्याउने उनले बताए। बिहीबारदेखि दैनिक २५ वटा बस यस नियमअनुसार सञ्चालन हुनेछन्।

गत सोमबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सडक विभाग, ट्राफिक प्रहरी, यातायात व्यवस्था विभागलगायत निकायसँग बैठक बसेर संविधान दिवसको दिनदेखि बस सेवा सुरु गर्न निर्देशन दिएका थिए। सोहीअनुसार यातायात व्यवस्था विभाग, सडक विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवसायी राष्ट्रिय महासंघले द्रुत बस सेवा सञ्चालन गर्न थालेका हुन्।

पहिलो चरणमा बिहीबारदेखि सूर्यविनायक-रत्नपार्क क्षेत्रमा २५ वटा ३९ भन्दा बढी सिट क्षमता भएका बस बिहान ९ देखि ११ र साँझ ४ देखि ६ बजेसम्म सञ्चालन गरिनेछ। द्रुत बस सेवा सञ्चालनका लागि १९ वटा स्टप कायम गरिएको छ।। रत्नपार्क, भद्रकाली, माइतीघर, बबरमहल, नयाँबानेश्वर, शान्तिनगर, कोटेश्वर जडीबुटी, कौशलटार, गट्ठाघर, चारदोबाटो, सूर्यविनायकलगायत १९ स्टपमा यात्रुलाई झर्ने र चढाउने गरिनेछ। बसमा



अन्य सार्वजनिक बससरह नै भाडा लाग्नेछ। सडक विभागले द्रुत बस सञ्चालनका लागि डेडिकेटेड लेन नै छुट्याएको छ। विभागका प्रवक्ता रामहरि पोखरेलका अनुसार तीनकुने-माइतीघर क्षेत्रमा सर्भिस लेनको देब्रे साइड, कोटेश्वर चोकआसपासमा मुख्य लेनको देब्रे साइड, कोटेश्वरदेखि जडीबुटीसम्म सर्भिस लेनको देब्रे साइड, जडीबुटीदेखि सूर्यविनायकसम्म मुख्य लेनको देब्रे साइड र माइतीघर-रत्नपार्क क्षेत्रमा मुख्य लेनको देब्रे साइडबाट द्रुत बस गुड्नेछन्। द्रुत बस जहाँ पायो त्यही रोकिनेछैन। यो बस अन्य सार्वजनिक सवारीसाधनका लागि बनाइएका सबै स्टपमा पनि रोकिँदैन।

■ सार्वजनिक यातायातलाई प्रभावकारी बनाउने प्रयास

बस सेवाको शुभारम्भ गर्दै मन्त्री ज्वालाले सहरी क्षेत्रको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन र जनतालाई सार्वजनिक यातायातप्रति विश्वास र भरोसा दिलाउन पहिलो चरणमा कार्यालय समयमा सूर्यविनायकदेखि रत्नपार्कसम्म द्रुत बस सेवा सञ्चालन गरिएको बताए। "सरकारको अभियान यत्तिमै मात्र सीमित हुँदैन, यसलाई सुधार र विस्तार गर्दै लैजानेछौं", उनले भने, "विमानस्थल, चक्रपथ, बालाजु, महाराजगन्ज, थानकोट, ललितपुरलगायत क्षेत्रमा द्रुत बस सेवा विस्तार गरिनेछ।"

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धव रिजालले यस्तो सेवा सञ्चालनमा आएसँगै सहरी क्षेत्रको यातायात व्यवस्थापन सहज हुने विश्वास व्यक्त गरे। बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले सार्वजनिक यातायातप्रति नागरिकको विश्वास र भरोसा बढाउनुपर्ने बताए। भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्माले उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने जमर्कोस्वरूप द्रुत बस सेवा सञ्चालनमा ल्याइएको बताए।

निमित्त प्रहरी महानिरीक्षक दीपक थापाले ट्राफिक नियमलाई पालना गरेर यातायातका साधन सञ्चालन गर्न आग्रह गरे।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८०/०६/०४

अस्पतालबाट आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०८०/०४/१० गते प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचना अनुसार रितिपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र न्यून मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठे.नं.	विवरण	बोलपत्रदाताको नाम, ठेगाना	ठेक्का स्वीकृत रकम (मू.अ.कर बाहेक)
PH/Karnali/ ICB-32/079-80	Supply, Installation & Commissioning of Bi-Plane Cath Lab.	*Medtronix Nepal Pvt. Ltd. Chandol, Kathmandu.*	**NPR. 113559600.00**

अस्पताल निर्देशक

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीमाई, सिरहाको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०६/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सांविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय धनगढीमाई, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज १९ गते शुक्रबार**का दिन शाखा कार्यालय धनगढीमाई, सिरहामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. **ऋणीको विवरण:**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान सिराहामा मिति २०७७/०६/०८ मा प्रा.फ.र.नं.१२३३३/२०७७/०७८ कायम भई दर्ता रहेको सिराहा जिल्ला, हनुमाननगर गा.वि.स/न.पा वडा नं. ७ (हाल धनगढीमाई न.पा. वडा नं. ०३) स्थित रजिष्टर्ड कार्यालय रहेको **अरिना जनरल स्टोर** (प्रोप्राईटर रंजित साहको नातिनि, राम देव साहू तेलीको छोरी, जय नारायण साहको पत्नी, सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला धनगढीमाई.न.पा वडा नं.०३ बस्ने **अनिता कुमारी साह**, ना.प्र.प.नं १५-०१-७५-१३२११, जारी मिति २०७५/११/०८, जिल्ला प्रशासन कार्यालय, सिरहा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. रंजित साहको नातिनि, राम देव साहू तेलीको छोरी, जय नारायण साहको पत्नी, सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला धनगढीमाई.न.पा वडा नं.०३ बस्ने **अनिता कुमारी साह** (ना.प्र.प.नं १५-०१-७५-१३२११, जारी मिति २०७५/११/०८, जिल्ला प्रशासन कार्यालय, सिरहा)।
२. महन्थी साहको नाति, राम पुत साहू तेलीको छोरा, अनिता कुमारी साहको पति, सिरहा जिल्ला हनुमाननगर प्र .ध गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला धनगढीमाई.ना.पा वडा नं. ०३ बस्ने **जय नारायण साह** (ना.प्र.नं. १५१०२४/१७२२१ मिति २०६६/०६/२६ जिल्ला प्रशासन कार्यालय, सिरहा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **जय नारायण साह**को नाममा मालपोत कार्यालय, लाहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमाननगर प्र .ध गा.वि.स. वडा नं. ७, (हाल सिरहा जिल्ला, धनगढीमाई.ना.पा वडा नं. ०३) स्थित कि.न ५४५ को क्षेत्रफल ०-२-१२.५०-० (वि.क.धु.क.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणीको विवरण:**

जलधरी महराको नाती, मुनाई महराको छोरा, सिरहा जिल्ला, नरहा गा.वि.स. वडा नं ०३, स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं ०५ बस्ने **जुगुत लाल महरा** (ना.प्र.प.नं ११५९/१२९६, जारी मिति २०५०/०३/०९, जिल्ला प्रशासन कार्यालय, सिरहा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मुनाई महराको बुहारी, विलटु चमारको छोरी, सिरहा जिल्ला, नरहा वलकवा गा.वि.स. वडा नं ०३, स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं ०५ बस्ने **फूल कुमारी देवी महरा** (ना.प्र.प.नं १५३०७३/१३, जारी मिति २०६३/१०/२६, जिल्ला प्रशासन कार्यालय, सिरहा)।
२. मुनाई महराको नाती, जुगुत लाल महराको छोरा, सिरहा जिल्ला, नरहा वलकवा गा.वि.स. वडा नं ०३, स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा वडा नं ०५ बस्ने **राकेश कुमार महरा** (ना.प्र.प.नं १५-०१-७१-०२९५७, जारी मिति २०७१/०४/१५, जिल्ला प्रशासन कार्यालय सिरहा)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **जुगुत लाल महरा**को नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, नरहा गा.वि.स. वडा नं ०३, कि.नं. १७३ को क्षेत्रफल ०-५-५.५-० (बिगाहा) र सिरहा जिल्ला, चन्द्रयोध्यापुर गा.वि.स. वडा नं ४, को कि.न ३१२५ को क्षेत्रफल ०-७-२-० (बिगाहा) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज १८ गते** भित्र बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीमाई, सिरहाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलवन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज १९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढीमाई, सिरहामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय धनगढीमाई, सिरहा फोन नं. ०३३-५४५१३३/१३४

मिटरब्याजको झमेला

'१५ लाख ऋण दिएर ७४ लाख असुली'

नयाँ पत्रिका

भक्तपुर गट्ठाघरकी राधादेवी श्रेष्ठ (५९ वर्ष) ले चिनजानका व्यक्तिबाट ऋण सापटी लिँदा आफू ठगिएको बताएकी छिन्। उनले एकपटक १५ लाख ऋण लिँदा ७४ लाख र अर्कोपटक ४० लाख ऋण लिँदा ८० लाख तिर्नुपरेको दाबी गरेकी छिन्। उनले आफूबाट मिटरब्याज असुलेको भन्दै जिल्ला प्रशासनमा पनि उजुरी दिएकी छिन्।

कोभिड-१९ संक्रमणका वेला आर्थिक अभाव भएर कर्मचारीलाई तलब दिन नसक्ने अवस्थामा पुगेपछि चिनजानकै व्यक्ति कल्पना पराजुली र केशव तिमल्सिनासँग सापटी लिँदा ठगिन पुगेको श्रेष्ठको भनाइ छ। उनी कान्तिपुर टेक्निकल कलेजकी सञ्चालक हुन्। 'शिक्षकलाई तलब खुवाउन पैसा नभएपछि मैले केशव र कल्पनासँग १५ लाख रुपैयाँ मागेँ,' उनले सुनाइन्, उनीहरूले मलाई धितोस्वरुप ३१ लाखको चेक लेखिदिन भने, अरू धितो केही चाहिँदैन, तर सहकारीले भन्दा व्यक्तिले बढी ब्याज लिन्छ भनेका थिए।' राधादेवीले ब्याज तिर्न सहमत भएर २१ माघ ०७८ मा ३१ लाखको एनआइसी एसिया बैंकको चेक केशव र कल्पनालाई थमाएकी थिइन्। 'केही दिनपछि उनीहरूले मलाई थप पैसा चाहिएको भए अझै अन्य व्यक्तिबाट खोजिदिन्छौं भनेर आश्वासन दिए, मलाई ऋणको भार थियो, त्यसैले हुन्छ भनेँ,' राधादेवीले भनिन्, 'मैले १५ लाख लिएकोमा विभिन्न मितिमा नगद र चेक गरी उनीहरूले ७४ लाख उनीहरूले असुली गरिसकेका थिए, त्यसपछि ४० लाख लिएकोमा ८० लाख मैले तिरिसकेँ। अझै पनि मलाई चेक अनादर, चेक बाउन्स र नगद दिएको पैसाको रेकर्ड नभएको भन्दै थप पैसा मागिरहेका छन्।'

राधादेवीसँग नगद र चेकको कारोबार गर्दै आइरहेका केशव तिमल्सिनाले आफूहरूलाई राधादेवीले लिएअनुसारको पैसा नदिएको दाबी गरे। 'मसँग लगेअनुसारको पैसा फिर्ता भएको छैन, सुवास रानाभाट, महेश श्रेष्ठ र सुमित कार्कीलाई उहाँले पैसा फिर्ता दिनुभएको होला। तर, त्यसबारे थाहा भएन,' उनले भने, 'मैले त आफ्नो फसेको पैसा फिर्ता नपाएर त्यसको माग गरेको हुँ, उहाँले हामीलाई उल्टै अन्यायमा पार्नुभएको छ।' पैसा सापटी दिएकी महिला कल्पना पराजुलीले भने आफूहरूले राधादेवीबाट थप रकम माग गरेको नभई सापटी दिएको रकम मात्रै माग गरेको बताइन्।

तिमल्सिनाले सुवास रानाभाट, महेश श्रेष्ठ र सुमित कार्कीमार्फत पैसा लिने गरेको राधादेवीको आरोप छ। उनले यस विषयमा छानबिन गर्नका लागि ३ भदौमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा उजुरीसमेत दिएकी छिन्। आफूमाथि धम्की, त्रास र निरन्तर डर देखाएर असुरक्षित पारेको भन्दै राधादेवीले गएको साउन १८ मा जिल्ला प्रशासन कार्यालय भक्तपुरसँग शान्तिसुरक्षासमेत माग गरेकी थिइन्। भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले श्रेष्ठले उजुरी दिएको बताए। 'उहाँले दुई-तीनपल्ट आएर सुरक्षा माग गर्नुभएको छ। मिटरब्याज ठगीमा पनि मुद्दा दर्ता गराउनु भएको छ,' उनले भने, 'दुवै पक्षलाई राखेर वार्ता गराउने प्रयासमा छौं।'

सत्याल र स्पन्दनका कृति लोकार्पण

काठमाडौं/ साहित्यकार नर्मदेश्वरी सत्यालका 'प्रभातमय जिन्दगी' यात्राकाव्य र 'गुराँसझैं' बालकवितासंग्रह र साहित्यकार जयन्ती स्पन्दनको बालकवितासंग्रह 'खेलौं रमेर' को आज लोकार्पण र परिचर्चा गरिएको छ। साथै, सत्यालका पति एवं स्पन्दनका पिता डा. मदनप्रसाद सत्यालको हीरक जन्मजयन्ती मनाइएको छ।

राष्ट्रिय जनसाहित्यिक संघ, नेपालको आयोजनामा भएको कार्यक्रममा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य एवं सांसद रघुजी पन्तले साहित्यलाई जीवनसँग जोड्न बालसाहित्य महत्त्वपूर्ण विधा भएको बताउँदै हाम्रा बालबालिकालाई सानैदेखि मानवीय बनाउने काम गर्न आग्रह गरे।

राष्ट्रिय जनसांस्कृतिक महासंघ, नेपालका अध्यक्ष प्रेमनाथ अधिकारीले मुलुकको समृद्धिका पक्षमा र समाजमा चेतना फैलाउने कर्ममा साहित्यकारहरू लागिरहनुपर्ने बताए। संघका अध्यक्ष राम विनयले कृति विमोचन र जन्मदिनको संयोगलाई जोडेर कार्यक्रम गरिएको बताए।

३२ जनाबाट रक्तदान

काठमाडौं/ संविधान दिवस तथा आफ्नो स्थापनाको प्रथम वार्षिकोत्सवका अवसरमा क्विन फिटनेस स्टुडियो, कामपा- ९, बत्तीसपुतली, विजयचोकले नेपाल रेडक्रस सोसाइटीका सहयोगमा बुधबार आफ्नो प्रांगणमा आयोजना गरेको कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन्। स्टुडियोका प्रशिक्षक तथा सञ्चालक राघव पाण्डेले विभिन्न रोगका संक्रमणका कारण देशभर रगत अभाव भइरहेका वेला आज रक्तदान कार्यक्रम आयोजना गरिएको जानकारी दिए।

डा. दासको शताब्दी जन्मोत्सव मनाइँदै

काठमाडौं/ राष्ट्रिय मानव अधिकार आयोगका संस्थापक सदस्य डा. गौरीशंकरलाल दासको शताब्दी जन्मोत्सव मनाइने भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आज जारी गरेको प्रेस विज्ञप्तिमा डा. दासको शताब्दी जन्मोत्सवका अवसरमा वर्षभरि नै विभिन्न कार्यक्रम गरिने उल्लेख छ।

विसं ०८० भदौ ३१ गते काठमाडौंमा आयोजित नागरिक समाजका अगुवाहरूको भेलाले २३औं प्रकाश मानव अधिकार पुरस्कार २०७४ बाट सम्मानित व्यक्तित्व डा. दासको सम्मानमा कार्यक्रम गर्न राष्ट्रिय मानव अधिकार आयोगका पूर्वअध्यक्ष एवं पूर्वप्रधानन्यायाधीश केदारनाथ उपाध्यायको संयोजकत्वमा ३५ सदस्यीय 'मानव अधिकार शताब्दी व्यक्तित्व डा. गौरीशंकरलाल दास शताब्दी जन्मोत्सव समारोह समिति' गठन गरेको थियो।

उक्त समितिले डा. दासको सम्मानमा वर्षभरि विभिन्न कार्यक्रम आयोजना गर्ने र सो कार्यक्रमका लागि गठित समितिको सचिवालय इन्सेक केन्द्रीय कार्यालयमै राख्ने निर्णयसमेत गरेको छ। विसं १९८१ असोज ९ गते सिराहा जिल्लामा जन्मिएर चिकित्सा सेवा, मानव अधिकार र समाजसेवाका क्षेत्रमा मुलुकलाई महत्त्वपूर्ण योगदान दिएका उनी यही असोज ८ गते एक सय वर्षमा प्रवेश गर्दै छन्।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit, Rupandehi

INVITATION FOR BIDS (IFB)

IFB NO.: FPIU Rupandehi/02-080/081
DATE OF PUBLICATION: 2080-06-04 BS (September-21-2023 AD)

Department of Urban Development & Building Construction, Federal Project Implementation Unit, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: *www.bolpatra.gov.np/egp* (FPIU Rupandehi). All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

S.N.	Contract No /Bid No	Description of Works	Estimated Amount (Without VAT & Contingencies)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Last date of Bid Submission and Time
1.	DUDBC/FPIURupandehi/Works/NCB/06/080/81	Road Infrastructure for Settlement Development At Shantipur Chandrakot Rural muncipality, Arghabang Thulichaur Malika rural muncipality , Gulmi	30,10,969.02	90,000	3,000.00	October-30-2023 A.D. (2080-07-13 B.S.) 12:00 Hours
2.	DUDBC/FPIURupandehi/Works/NCB/07/080/81	Gungagutunga-Koktabudi Sishne Road Blacktop and Upgrading At Chhatrakot Rural Municipality Ward No 1 , Gulmi	85,69,290.49	2,60,000	3,000.00	
3.	DUDBC/FPIURupandehi/Works/NCB/08/080/81	Chandisthan Kharjyang Bazaar Motor Road Blacktop and Upgrading, Chhatrakot Rural municipality ward no.5, Gulmi	85,68,878.57	2,60,000	3,000.00	
4.	DUDBC/FPIURupandehi/Works/NCB/09/080/81	Bhuwan Shingh Marga Road Upgrading Work at Butwal Sub Metropolitan City-11	85,79,000.96	2,60,000	3,000.00	
5.	DUDBC/FPIURupandehi/Works/NCB/10/080/81	Construction of Road & Drain at Ramnagar, Butwal Sub Metropolitan City-10	42,90,215.29	1,35,000	3,000.00	
6.	DUDBC/FPIURupandehi/Works/NCB/11/080/81	Construction of Drain at Semlar-Nawaratna Chowk-Mainapur-Ujelapur Road, Butwal Sub Metropolitan City-15	42,90,074.89	1,35,000	3,000.00	
7.	DUDBC/FPIURupandehi/Works/NCB/12/080/81	Upgradation of connection road in Singapore Colony DandaKhola to Siddhartha Highway Siddharthanagar Municipality-3, Rupandehi	85,66,714.42	2,60,000	3,000.00	
8.	DUDBC/FPIURupandehi/Works/NCB/13/080/81	Upgradation of Road Smriti Path to Ruru Resunga,Salik Janki Manakamana Path Way to Ranimahal in Tillotama Municipality-03, Rupandehi	42,86,954.45	1,35,000	3,000.00	

Project Chief

देशभरका शिक्षक काठमाडौंकेन्द्रित आन्दोलनमा, पठनपाठन प्रभावित

सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गत २७ भदौमा प्रतिनिधिसभामा दर्ता गरेलगत्तै त्यसका केही प्रावधानमा असन्तुष्टि जनाउँदै शिक्षकहरू बुधबारदेखि आन्दोलनमा, देशभरका २७ हजारभन्दा बढी सामुदायिक विद्यालयका करिब एक लाख ६० हजार शिक्षक आन्दोलनमा उत्रिँदा ५४ लाख विद्यार्थीको पठनपाठन प्रभावित

शिवहरि घिमिरे / नयाँ पत्रिका

संसद्मा दर्ता भएको 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' का केही प्रावधानमा असन्तुष्टि जनाउँदै देशभरका शिक्षक आन्दोलनमा उत्रेका छन् । विद्यालय बन्दको घोषणा नै गरेर शिक्षकहरू आन्दोलनका लागि संघीय राजधानी काठमाडौं आएका छन् ।

पाँच दशकको अन्तरालमा आउन लागेको विद्यालय शिक्षा ऐनले शिक्षकलाई अन्यायमा पारेको आन्दोलनरत शिक्षकको दाबी छ । विधेयकको परिच्छेद ७ मा शिक्षकको सरुवा तथा बढुवाको अधिकार स्थानीय तहलाई दिइने प्रावधान छ । यसमा शिक्षकहरूको बढी विरोध छ । उनीहरूले यो अधिकार जिल्ला शिक्षा कार्यालयलाई दिनुपर्ने माग राखेका छन् ।

बुधबार काठमाडौंको माइतीघर मण्डलादेखि नयाँ बानेश्वरमम्म हजारौं शिक्षक आन्दोलनमा उत्रिए । शिक्षकहरूको छाता संगठन नेपाल शिक्षक महासंघको नेतृत्व र आह्वानमा विधेयकमाथि विरोध जनाउँदै देशभरका ७७ वटै जिल्लाबाट शिक्षक केन्द्र सरकारलाई दबाब दिन काठमाडौं आएका हुन् ।

बुधबार सार्वजनिक बिदाको दिन आन्दोलन सुरु गरेका उनीहरूले बिहीबारदेखि थप आन्दोलनका कार्यक्रम चर्काउने चेतावनी दिएका छन् । महासंघले देशभरका शिक्षकलाई आन्दोलनकेन्द्रित कार्यक्रमका लागि मंगलबारदेखि नै काठमाडौंमा उतारेको थियो । माग सम्बोधन नभएसम्म आन्दोलन कायम रहने महासंघको भनाइ छ । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले सरकारले वार्ता नगरेसम्म आन्दोलनबाट पछि नहट्ने बताए । 'हामी कुनै पनि हालतमा पछि हट्दैनौं, बरु स्थानीय तहको कारबाही भोग्न तयार छौं,' उनले भने, 'देशभरका चार लाखभन्दा बढी शिक्षक-कर्मचारीलाई कसरी कारबाही हुने रहेछ हेर्छौं ।' उनले बुधबार ४० हजार शिक्षक आन्दोलनमा सहभागी भएको र बिहीबारदेखि हरेक दिन एक लाख शिक्षक आन्दोलनमा जोडिने दाबी गरे ।

आन्दोलनरत शिक्षकहरूले सबै तहको सरुवा पालिकाले गर्न नहुने, अस्थायी प्रकृतिका शिक्षकलाई स्थायी गरिनुपर्ने, स्थायी शिक्षकलाई आवधिक बढुवा गर्नुपर्ने, बालविकासका शिक्षकको तलब वृद्धि, दरबन्दी बढाउनुपर्ने, विद्यालय कर्मचारीलाई दरबन्दीको सिर्जना गरी स्थायी गर्नुपर्ने, ४ चैत ०७५ यता भर्ना भएका शिक्षकलाई पुरानै प्रणालीबाट पेन्सन दिनुपर्ने, शिक्षकलाई विभागीय कारबाही गर्ने जिम्मा प्रदेश निर्देशनालयलाई दिनुपर्ने, ट्रेड युनियनको अधिकार कटौती गर्न नहुने, प्राविमा स्नातक तह र माविमा स्नाकोत्तर तहले मात्रै पढाउनुपर्ने नियम हटाउनुपर्ने, जिल्ला शिक्षा र प्रदेश निर्देशनालयलाई सरुवा-बढुवा र विभागीय कारबाहीको अधिकार दिनुपर्नेलगायत माग राखेका छन् ।

हाल देशभर कक्षा १२ सम्मका निजी र सरकारी सबै शिक्षक कर्मचारीको संख्या झन्डै चार लाख २० हजार छ । यीमध्ये अधिकांश शिक्षक ट्रेड युनियनमा आबद्ध छन् । त्यसैले पनि शिक्षकको आन्दोलनमा ठूलो सहभागिता छ ।

यस्ता छन् माग

- अस्थायी प्रकृतिका शिक्षकलाई स्थायी गरिनुपर्ने
- स्थायी शिक्षकहरूलाई आवधिक बढुवा पर्नुपर्ने
- बालविकासका शिक्षकको तलब वृद्धि दरबन्दी बढाउनुपर्ने
- विद्यालय कर्मचारीलाई दरबन्दीको सिर्जना स्थायी गर्नुपर्ने
- ४ चैत ०७५ यता भर्ना भएका शिक्षकलाई पुरानै प्रणालीबाट पेन्सन दिनुपर्ने
- शिक्षकलाई विभागीय कारबाही गर्ने जिम्मा प्रदेश निर्देशनालयलाई दिनुपर्ने
- सरुवा-बढुवाको जिम्मा स्थानीय तहलाई दिन नहुने
- ट्रेड युनियनको अधिकार कटौती गर्न नहुने
- प्राविमा स्नातक तह र माविमा स्नाकोत्तर तहले मात्रै पढाउनुपर्ने नियम हटाउनुपर्ने
- सबै तहको सरुवा पालिकाले गर्न नहुने
- जिल्ला शिक्षा र प्रदेश निर्देशनालयलाई सरुवा बढुवा र विभागीय कारबाहीको अधिकार दिनुपर्ने



नयाँ बानेश्वरमा प्रदर्शन गर्दै शिक्षकहरू । **तस्बिर : दिपेन्द्र ढुंगाना / नयाँ पत्रिका**

कोइरालाले ट्रेड युनियनबारे विधेयकमा स्पष्ट व्यवस्था नगरिए शिक्षकका माग सरकारले सुन्नुपर्ने बताए । मध्यमार्गी बाटो अपनाए पनि शिक्षक आन्दोलन मत्थर हुने र सबैको न्याय हुने शिक्षाविद् कोइरालाको बुझाइ छ । शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माले कार्यवाहक प्रधानमन्त्रीले नै शिक्षकहरूमा



माग सम्बोधन गर्नेबारे मंगलबार नै जानकारी गराए पनि शिक्षकहरूले आन्दोलन गरेको बताए । 'विधेयकको विषयमा लिखित रूपमा सम्झौता गर्न मिल्दैन, संशोधनबारे कार्यवाहक प्रधानमन्त्रीज्यूले नै भनिसक्नुभएको छ,' उनले भने ।

विधेयकले प्रदेश परीक्षा कार्यालयको जिम्मेवारीबारे केही बोलेको छैन । एसइई खारेजीको व्यवस्था गरेको छ । यसअघि एसइई परीक्षाको व्यवस्थापन प्रदेशले गरेको थियो । विधेयकमा कक्षा ८ को परीक्षा स्थानीय सरकार र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिन पाउने व्यवस्था गरिएको छ ।

उच्च मावि संघ नेपाल (हिसान)का महासचिव रमेश सिलवालले विधेयकमा धेरै कुरा समेट्न खोजिए पनि कतै-कतै घुमाउरा शब्द राखिएको बताए । 'धेरै ठाउँमा कानुनअनुसार र तोकिएअनुसार हुनेछ भनेर घुमाउरो भाषा प्रयोग गरेर उम्कन खोजिएको छ,' उनले भने, 'यसमा शंका छ ।'विधेयकमा कक्षा ११ र १२ का शिक्षकलाई पनि बेवास्ता गरिएको भन्दै उनीहरूले पनि विरोध गरेका छन् । विधेयकमा एउटा राहत शिक्षक भन्ने शब्द मात्रै राखेको तर अन्य व्यवस्थापन र शिक्षकबारे उल्लेख नगरेको हिस्टुनको आरोप छ । हाल कक्षा ११ र १२ मा पढाइ हुने ४ हजार ३१० सामुदायिक विद्यालयमा अध्यापनरत सबै शिक्षक अस्थायी हुन् । सरकारले सामुदायिक विद्यालयमा कार्यरत राहत, करार र अस्थायी दरबन्दीका कुनै पनि शिक्षकलाई स्थायी गर्न सकेको छैन । ०४६ मा उच्च मावि शिक्षा नियमावली आएपछि २०४९ देखि सरकारले उच्च मावि तहको पठनपाठन सुरु गरेको थियो । तर, ३० वर्ष बित्दा पनि सरकारले उमावि तहमा स्थायी शिक्षक दरबन्दी कायम गर्न सकेको छैन ।

नेपालको संविधान २०७२ ले कक्षा १२ सम्मको पढाइ निःशुल्क हुनुपर्ने व्यवस्था गरेको छ । तर, शिक्षकहरूलाई स्थायी नगर्दा र आवश्यक मात्रामा शिक्षक संख्या नदिँदा सामुदायिक उमाविहरूले विद्यार्थीबाट शुल्क उठाएर व्यवस्थापन गर्दै आइरहेका छन् । यसबारे विधेयकमा व्यवस्था नै गरिएको छैन ।

■ **दीपक शर्मा**, महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र



विधेयकको विषयमा लिखित रूपमा सम्झौता गर्न मिल्दैन, संशोधनबारे कार्यवाहक प्रधानमन्त्रीज्यूले नै भनिसक्नुभएको छ

■ **लक्ष्मीकिशोर सुवेदी**, महासचिव, नेपाल शिक्षक महासंघ



हामी कुनै पनि हालतमा पछि हट्दैनौं, बरु स्थानीय तहको कारबाही भोग्न तयार छौं । देशभरका चार लाखभन्दा बढी शिक्षक-कर्मचारीलाई कसरी कारबाही हुने रहेछ, हेर्छौं ।

■ **विद्यानाथ कोइराला**, शिक्षाविद्



शिक्षकहरूका मागको विश्लेषण गरेर सम्बोधन गर्नुपर्छ । कुन माग मन्त्रालयले पूरा गर्ने र कुन मागको गाँठो प्रधानमन्त्रीले फुकाउने भन्नेबारे सोच्नुपर्छ । शिक्षकको तलब पालिकालाई दिन लगाउने र पालिकाको अन्डरमा बस्दिनँ भनेर शिक्षकले भन्न पाउने कि नपाउने ? यसले संघीयतामाथि नै प्रश्न उब्जाएको छ ।

■ काठमाडौंमा मेयर र प्रअहरू आमने-सामने

शिक्षकहरूको आन्दोलनलाई लिएर काठमाडौंका मेयर र प्रअहरू आमने-सामने देखिएका छन् । काठमाडौं महानगरपालिकाले विद्यालय नै बन्द गरेर धर्ना, नारा-जुलुस तथा आन्दोलनका कार्यक्रममा सहभागी हुन गए ती शिक्षकमाथि कारबाही गर्ने चेतावनी दिएको छ । तर, महानगरभित्र रहेका ८९ वटै सामुदायिक विद्यालयका प्रअहरूले संयुक्त विज्ञप्ति जारी गर्दै माग सम्बोधन नभएसम्म निरन्तर धर्ना र आन्दोलनमा जाने बताएका छन् ।

प्रअहरूले माग सम्बोधन नहुँदासम्म निरन्तर माइतीघरमा हाजिर हुने बताउँदै अनिश्चितकालका लागि विद्यालय बन्द गरिएको विज्ञप्तिमार्फत जनाएका छन् । 'काठमाडौं महानगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयको प्रधानाध्यापकहरूको बैठकले माइतीघर मण्डलामा नियमित हाजिर हुने गरी सम्पूर्ण शिक्षक कर्मचारी उपस्थित हुन अनुरोध गर्दै यो विज्ञप्ति जारी गरिएको छ,' विज्ञप्तिमा छ, 'साथै, आन्दोलनका क्रममा विद्यार्थीलाई हुने शैक्षिक क्षतिप्रति संवेदनशील हुँदै उक्त क्षतिलाई परिपूर्ति गर्न बिदाका दिनमा पठनपाठन गरिने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

प्रधानमन्त्री प्रचण्ड र श्रीलंकाली राष्ट्रपतिबीच न्युयोर्कमा भेटवार्ता

काठमाडौं / प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेसँग भेटवार्ता गरेका छन् । संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रमा सहभागी हुन न्युयोर्कमा रहेका प्रचण्ड र विक्रमासिंघेबीच साइडलाइन भेटवार्ता भएको हो । प्रधानमन्त्री प्रचण्डले महासभालाई बिहीबार सम्बोधन गर्ने कार्यक्रम छ ।



'प्रधानमन्त्रीले श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेसँग फलदायी कुराकानी गर्नुभयो,' संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग न्युयोर्कले भनेको छ, 'दुईपक्षीय सम्बन्ध थप सुदृढ गर्ने तथा बहुपक्षीय सहकार्य अघि बढाउने विषयमा छलफल केन्द्रित रह्यो ।' नियोगले दुई शीर्ष नेताबीच दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कलाई सक्रिय बनाउने विषयमा छलफल भएको संकेत दिएको छ । तर, भेटवार्ताबारे थप जानकारी दिइएको छैन ।

न्युयोर्कमै परराष्ट्रमन्त्री एनपी साउदले संयुक्त राष्ट्रसंघका उपमहासचिव अतुल खरेसँग भेटवार्ता गरेका छन् । उनीहरूबीच संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा थप सहकार्य मजबुत गर्नेबारे छलफल भएको स्थायी नियोगले जनाएको छ । नेपालले राष्ट्रसंघीय शान्ति मिसनमा दश हजार सुरक्षाकर्मी खटाउने प्रतिबद्धता जनाइसकेको छ । हाल शान्ति स्थापक मिसनमा नेपालका ६ हजारभन्दा बढी जनशक्ति कार्यरत छन् । यो विश्वको दोस्रो ठूलो सैन्य शक्ति हो ।

टीकापुर घटनामा जन्मकैद भोगिरहेका चार कैदी रिहा

धनगढी / टीकापुर घटनामा दोषी ठहर भई जेल सजाय भुक्तान गरिरहेका चारजना कैदी रिहा भएका छन् । संविधान दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलबाट बाँकी कैद मिनाहा भएपछि कैलाली जिल्ला कारागारमा रहेका तीनजना र पोखराको सुधारगृहमा रहेका एकजना रिहा भएका हुन् ।

आठ वर्षदेखि कैद सजाय भुक्तान गरिरहेका कैलालीको जानकी गाउँपालिका- ७ का हरिनारायण चौधरी, प्रदीप चौधरी र टीकापुर नगरपालिका- ३ का वीरबहादुर चौधरी जिल्ला कारागारबाट मुक्त भएका छन् । आठ प्रहरी र एक नाबालकसहित नौजनाको हत्या भएको टीकापुर घटनामा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँकाचोरी मुद्दामा दोषी ठहर भएका तीनैजना जन्मकैदको सजाय भुक्तान गरिरहेका थिए ।

संविधान दिवसका अवसरमा राष्ट्रपतिबाट बाँकी कैद मिनाहा भएपछि टीकापुर घटनाका तीनसहित विभिन्न मुद्दाका नौजना कैदीलाई रिहा गरिएको जिल्ला कारागार कैलालीका प्रमुख पदमराज तिमिल्सिनाले जानकारी दिए । तिमिल्सिनाका अनुसार रिहा हुने अन्य कैदी चोरी, अवैध हातहतियार, बहुविवाह र सवारी ज्यान मुद्दा सजाय भोगिरहेका थिए ।

संघीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीसमेत रहेकी नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रन्जिता श्रेष्ठ, प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामेश्वर चौधरी, प्रतिनिधिसभा सदस्यद्वय गंगा चौधरी र अरुणकुमार चौधरी, नागरिक उन्मुक्तिका संरक्षक रेशमलाल चौधरीलगायत उक्त पार्टीका नेताहरूले कैदमुक्त भएका तीनैजना कैदीलाई कारागारको गेटमा अबिर र खादा लगाएर स्वागत गरेका थिए । त्यस्तै, टीकापुर घटनामा दोषी ठहर भई तत्कालीन अवस्थामा नाबालक रहेकाले अदालतको आदेशअनुसार पोखराको सुधारगृहमा पठाइएका जानकी गाउँपालिका- ३ का श्रवणकुमार चौधरी पनि रिहा भएको प्रतिनिधिसभा सदस्य गंगा चौधरीले जानकारी दिए ।

न्यायपरिषद्को निर्णयमा बारको आपत्ति

काठमाडौं / न्यायपरिषद्ले मुख्य रजिस्ट्रार र उच्च अदालतका न्यायाधीशको वरिष्ठताक्रम सच्याएकोप्रति नेपाल बार एसोसिएसनले आपत्ति जनाएको छ । संशोधन संविधानविपरीत रहेको भन्दै बारले सच्याउन चेतावनी दिएको छ ।

१ असोजमा नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै न्यायपरिषद् नियमावली, २०७४ को नियम ११ संशोधन गरेको हो । साबिक नियमावलीमा रहेको नियम ११ को खण्ड (ख) पछि खण्ड ख (१) र ख (२) थपिएको छ । यी व्यवस्था संविधानको धारा १४१ (३) र प्रचलित कानुनविपरीत हुने बारले आरोप लगाएको छ । संविधानको उक्त धारामा उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य सर्त परिवर्तन नगरिने व्यवस्था छ ।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उक्त संशोधनले न्यायाधीश नियुक्तिसम्बन्धी रोलक्रमको संशोधित व्यवस्था संविधान, कानुन र न्यायका मान्य सिद्धान्तविपरीत भएको नेपाल बार एसोसिएसनको ठहर छ । यसका अतिरिक्त यो संशोधन पश्चगामी, विभेदपूर्ण, पूर्वाग्रही र स्वेच्छाचारीसमेत रहेको एसोसिएसनको ठम्याइ छ ।' रोलपक्रमको यो फेरबदल अप्रत्याशित रहेको र केही व्यक्तिलाई मात्र यसले फाइदा पुऱ्याउने तथा सिंगो न्यायकर्मीलाई भने अपमानित, हतोत्साही र निराश बनाउने बारको ठहर छ ।

'यो संशोधन तत्काल नसच्याई कार्यान्वयन गरिएमा यसविरुद्ध बारले आवश्यक कदम चाल्नेछ । तसर्थ, उक्त संशोधन अविलम्ब खारेज गर्न र सो संशोधनका आधारमा साबिकका न्यायाधीशको मर्यादाको रोलक्रमको प्रावधानमा कुनै कुरा फेरबदल नगर्न-नगराउन न्याय परिषद्लगायत सम्बन्धित निकायलाई नेपाल बार एसोसिएसन गम्भीर ध्यानाकर्षण गराउँदछ,' विज्ञप्तिमा भनिएको छ ।

■ नियुक्ति भएको मितिका आधारमा वरिष्ठता रहने

न्यायपरिषद् नियमावलीको नियम ११ मा न्यायाधीशको वरिष्ठता कायम गर्ने उल्लेख छ । जसको उपनियम १ (क) मा सम्बन्धित पदमा नियुक्ति भएको मितिका आधारमा वरिष्ठता रहने उल्लेख छ । १ (ख) मा भने नियुक्तिका आधारमा वरिष्ठता नछुट्टिने भएमा सो तहको न्यायाधीशको पदमा नियुक्ति क्रमका आधारमा वरिष्ठता कायम हुने उल्लेख छ । यसपछि (ग) को व्यवस्था रहेकोमा बीचमा संशोधनमार्फत ख (१) र ख (२) थपिएको हो । ख (१) मा भनिएको छ, 'नेपाल न्याय सेवाको मुख्य रजिस्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीशपछिको क्रममा ।' स्पष्टीकरण भन्दै थप छ, 'मुख्य रजिस्ट्रारका रूपमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्ति एकभन्दा बढी भएमा नियुक्ति मितिको आधारमा वरिष्ठता कायम गरिनेछ ।'



■ केन्द्रीय बैठकअघि कांग्रेसमा विवाद

सभापतिको कार्यशैलीप्रति कोइरालाको असन्तुष्टि, समेटेर जाने देउवाको आश्वासन

देउवालाई भेटेर कोइरालाले भने-

■ आजबाट तपाईंसँग कुरा गर्दिनँ





पार्टी विधिसम्मत चलाउनुपर्छ भनेर पटकपटक सुझाव दिएका छौं । तर, पार्टी विधिविधानमा चलाउन सक्नुभएको छैन । पार्टीको अर्को समूहलाई निरन्तर बेवास्ता गर्दै आएको अवस्था छ । सुझाव नमान्ने हो भने आजबाट तपाईंसँग कुरा गर्दिनँ, तपाईं जसरी चल्नुहुन्छ चल्नुहोस्, म आफ्नो तरिकाले चल्छु



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

केन्द्रीय समिति बैठकको पूर्वसन्ध्यामा कांग्रेसको मतभेद पुनः सतहमा आएको छ । पार्टी सञ्चालनको शैलीलाई लिएर इतर समूहका नेता डा. शेखर कोइरालाले पार्टी विधानअनुसार नचलेको भन्दै सभापति शेरबहादुर देउवासँग असन्तुष्टि पोखेका छन् । सभापति देउवाले सबै पक्षलाई समेटेर जाने आश्वासन दिएका छन् ।

सभापति देउवालाई भेटेर नै नेता कोइरालाले पार्टी सञ्चालन शैलीमा असन्तुष्टि व्यक्त गरेका हुन् । केन्द्रीय सदस्य डा. गोविन्द पोखरेलका अनुसार बुधबार कोइरालासहित इतर समूहका नेता धुम्बाराही निवासमै पुगेर देउवासँग भेटघाट गरेका थिए । भेटमा कोइरालाले आफ्नो सुझाव पटकपटक बेवास्ता गरिएको भन्दै असन्तुष्टि जनाएका थिए ।

कोइरालाले केन्द्रदेखि प्रदेशसम्मका सरकारमा सहभागी गराउँदा अर्को समूहसँग छलफल नगरेको, विभाग गठन नगरेको, भ्रातृ संस्थामा विधानविपरीत जम्बो कार्यसमिति बनाएको र इतर समूहलाई उचित व्यवस्थापन नगरेकोलगायतका विषय उठाएका थिए । यसबाहेक सरकारमा रहेर पनि जनस्तरमा महसुस हुने गरी कार्यसम्पादन गर्न नसकेको पनि कोइरालाको गुनासो छ ।

भेटमा कोइरालाले कोशीमा प्रदेश सरकार गठनमा सभामुखलाई मतदान गर्न लगाएर संविधानविपरीत गएको, भ्रष्टाचारको विषयमा पार्टीको छवि खराब हुने गरी काम गरेकोलगायतका विषय पनि उठाएका थिए । भेटमा कोइरालाले सुझाव ग्रहण नगरे आफ्नो तरिकाले चल्ने चेतावनी दिएको एक नेताको दाबी छ ।

'पार्टी विधिविधानमा चलाउन सक्नुभएको छैन । पार्टीको अर्को समूहलाई निरन्तर बेवास्ता गर्दै आएको अवस्था छ । पार्टी विधिसम्मत चलाउनुपर्छ भनेर पटकपटक सुझाव दिएका छौं । सुझाव नमान्ने हो भने आजबाट म तपाईंसँग कुरा गर्दिनँ, तपाईं जसरी चल्नुहुन्छ चल्नुहोस्, म आफ्नो तरिकाले चल्छु,' कोइरालाको भनाइ उद्धृत गर्दै एक नेताले भने ।

जवाफमा देउवाले आफूले सबैलाई समेटेर लैजाने बताएका थिए । 'तपाईंहरूले भनेका विषय जायज छन् । यसमा म जानकार छु । चिन्ता नगर्नुस्, सबैलाई समेटेर अगाडि बढ्छु,' भेटमा देउवाको भनाइ थियो ।

पोखरेलका अनुसार मंगलबार भेलाले दिएको सुझावअनुसार कोइरालाले सभापति देउवालाई भेटेका हुन् । 'केन्द्रीय समिति बैठकअघि समूहको असन्तुष्टिबारे पदाधिकारीले गएर सभापतिलाई जानकारी गराउनुपर्छ, भेलाको विषय जानकारी गराउनुपर्छ भन्ने केन्द्रीय सदस्यहरूको मागअनुसार उहाँहरूले सभापतिलाई भेट गर्नुभएको हो,' पोखरेलले भने ।

कोइरालाको साथमा उपसभापति तथा कानुनमन्त्री धनराज गुरुङ र सहमहामन्त्री जीवन परियार सहभागी थिए । महामन्त्री गगन थापा र सहमहामन्त्री तथा बिपी साहित्य महोत्सव तयारी समिति संयोजकको समेत जिम्मेवारीमा रहेका कारण बद्री पाण्डे भेटमा सहभागी भएनन् ।

केन्द्रीय सदस्य मधु आचार्यले पनि केन्द्रीय समिति बैठकअघि सभापतिले कतिपय विषय समाधान गरेर लान सक्ने भएकाले मंगलबारको निर्णयअनुसार पदाधिकारीले भेटेर जानकारी गराएको बताए । तर, सभापतिको आश्वासन चित्तबुझ्दो नआएको उनको भनाइ छ । 'सरकार र पार्टी अत्यन्तै जिम्मेवारीपूर्वक चल्नुपर्ने अवस्था छ । तर, सभापतिको भनाइमा आश्वस्त हुने स्थिति छैन,' आचार्यले भेटबारे भने ।

मंगलबार कोइरालाले इतर समूहको भेला गरेर केन्द्रीय समितिमा सशक्त रूपमा प्रस्तुत हुन निर्देशन दिएका थिए । केन्द्रीय समितिमा पार्टी र जनजीविकाका विषयलाई सशक्त रूपमा प्रस्तुत गर्न केन्द्रीय सदस्यलाई कोइरालाको निर्देशन छ । केन्द्रीय समिति बैठकको औपचारिक एजेन्डा तय भइसकेको छैन । एजेन्डा बैठकअघि तय हुने कांग्रेसले जनाएको छ । बैठक बिहीबार दिउँसो १ बजे पार्टी कार्यालय सानेपामा राखिएको छ ।

बिपी साहित्य महोत्सवको मञ्चमा कोइराला परिवारको जमघट



काठमाडौं/ बिपी साहित्य महोत्सवको समापन मञ्चमा कोइराला परिवारका नेताहरूको जमघट भएको छ । महोत्सवमा १४औं महाधिवेशनमा तीन ध्रुवमा बाँडिएर प्रतिस्पर्धामा उत्रिएका कोइराला परिवारका तीन सदस्य एकै मञ्चमा वक्ताका रूपमा सहभागी भएका हुन् ।

'परिवारले बुझेको बिपी' सत्रमा बिपी पुत्र शशांक कोइराला, डा. शेखर कोइराला र सुजाता कोइराला छलफलमा सामेल बने । कार्यक्रममा फ्लोरबाट नेता-कार्यकर्ताहरूले १५औं महाधिवेशनमा कोइराला परिवार एक ठाउँमा आउने सम्भावनाबारे जिज्ञासा राखेका थिए । जवाफमा उनीहरूले 'लिगेसी' जोगाउन एक ठाउँमा आउनुपर्ने आवश्यकता औंल्याए ।

शशांकले १४औं महाधिवेशनको प्रसंग निकाल्दै १५औं महाधिवेशनमा एकै ठाँउमा उभिने प्रतिबद्धता जनाए । उनले सभापतिमा आफू उपयुक्त उम्मेदवार हुने जिकिर गरे । तर, सुझाव लिएर निष्कर्षमा पुग्ने बताए । 'आउँदा दिनमा हामी एकै ठाउँमा उभिनुपर्छ । कांग्रेस र राष्ट्रका लागि एकै ठाउँ उभिन्छौं । यो प्रतिबद्धता म गर्न चाहन्छु । १५औं महाधिवेशनअघि म देशैभर जान्छु र साथीहरूका भावना बझ्छु,' शशांकले भने ।

शशांकको भनाइमा शेखर र सुजाताले पनि सहमति जनाए । सुजाताले महाधिवेशनमा एक भएर अघि बढ्न तयार रहेको बताइन् । 'अबको महाधिवेशनमा हामी एक हुन्छौं । कोइराला परिवारबाट कोही एकजनालाई सभापति बनाएर जाने हो भने म सहयोग गर्न तयार छु,' सुजाताले भनिन् ।

शेखरले पनि आफू सधैं एकताको पक्षमा सकारात्मक रहेको बताए । 'म सधैं एक भएर जानुपर्छ भन्नेमै छु, बिगारेको त उहाँहरूले हो, नत्र समस्या नै आउँदैनथ्यो । उहाँहरूले नेतृत्वका लागि हामी प्रयास गर्दै छौं त भन्नुभयो, तर १४औं महाधिवेशनमा प्रयास गर्नुभएन । १५औंमा एक ठाउँ उभिने कुरा ठीक छ,' शेखरको भनाइ थियो । उनले परिवार बलियो बनाएर कांग्रेस बलियो बनाउने विषयमा कोइराला परिवार चुकेको आशय व्यक्त गरे ।

२६ भदौका लागि निर्धारित कार्यक्रम संविधानसभा सदस्य सुवास नेम्वाङको निधनका कारण स्थगित कार्यक्रम बुधबार भएसँगै महोत्सव समापन भएको हो । महोत्सव बिपीको ११०औं जन्मजयन्तीको अवसर पारेर २४ भदौबाट सुरु भएको थियो ।

■ मनाइयो नवौं संविधान दिवस

पूर्ण परिपालना र कार्यान्वयनमा सबैको जोड

रामचन्द्र पौडेल, राष्ट्रपति



सबै अधिकारले निमुखा जनतालाई निर्वाध स्वतन्त्रता उपभोग गर्ने र जीवनस्तर उकास्ने अवसर प्रदान गर्ने विषय नै संघीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य हो

नयाँ पत्रिका

जननिर्वाचित संविधानसभाबाट संविधान जारी भएको दिनलाई स्मरण गर्दै बुधबार नवौं संविधान दिवस मनाइएको छ । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, मानव अधिकार र मौलिक हकको सुनिश्चित गर्दै संविधानसभाले ३ असोज ०७२ मा संविधान जारी गरेको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले शासकीय कमजोरीलाई राजनीतिक निष्ठा र लोकतन्त्रको पवित्रताले जित्नुपर्ने बताएका छन् । संविधान दिवसमा शीतलनिवासमा बुधबार आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन् । 'कतै हाम्रा कमजोरीलाई व्यवस्थाका कमजोरी भनेर लोकतन्त्रको आदर्शलाई अपव्याख्या गर्ने काम त भइरहेको छैन ? मलाई लाग्छ यसो हुनुमा निश्चय नै अनेक कारण छन् । तर हाम्रा कमजोरी पनि त्यसका कारण हुन् । अतः त्यसलाई हाम्रो राजनीतिक निष्ठाले जित्नुपर्छ र लोकतन्त्रको पवित्रतालाई स्थापित गर्दै अझ परिणाममुखी बनाउन आवश्यक छ,' उनले भने ।

राष्ट्रपति पौडेलले गणतन्त्र जनताको राजकीय शक्तिको प्रवाहमा सामेल हुन पाउने अधिकार भएको उल्लेख गरे । लोकतान्त्रिक आन्दोलनको महत्त्वपूर्ण चरण पार गरेको र संविधानले जनतालाई राजकीय शक्तिको मालिक बनाएको बताए । उनले राजनीतिक उपलब्धिलाई जोगाउँदै संविधानको रक्षा गरेर अगाडि जानुको विकल्प नरहेको बताए । 'संविधानले निर्दिष्ट गरेको संघीय लोकतान्त्रिक गणतन्त्रले नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक स्वतन्त्रतासहित निमुखालाई न्याय र विपन्नलाई आयको परिलक्ष्य राखेको हो, अधिकारका विभिन्न प्रकार उल्लेख गरे पनि ती सबै अधिकारले निमुखा जनतालाई निर्वाध स्वतन्त्रता उपभोग गर्ने र जीवनस्तर उकास्ने अवसर प्रदानगर्ने विषय नै संघीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य हो,' राष्ट्रपति पौडेलको भनाइ थियो ।

यसैबीच, सरकारले काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा संविधान दिवस मनायो । समारोहमा नेपाली सेनाको हेलिकोप्टरबाट 'संविधान दिवस, २०८०' लेखिएको ब्यानर प्रदर्शन तथा पुष्पवृष्टि गरिएको थियो । मैदानबाट रंगीचंगी बेलुन र शान्तिका दूत परेवा उडाइनुका साथै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका विभिन्न टोलीबाट मार्चपास तथा सांगीतिक प्रस्तुति गरिएको थियो । काठमाडौं र ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाद्वारा परम्परागत सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो । सूचना विभागबाट प्रकाशित 'नेपाल' द्वैमासिकको संविधान दिवस विशेषांक विमोचन गरिएको थियो ।

समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिना, मन्त्रीहरू, संसदीय समितिका सभापति तथा सांसदहरू, संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरू, सुरक्षा निकायका प्रमुख तथा विभिन्न पदाधिकारी, कूटनीतिक नियोगका प्रतिनिधि सहभागी थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिका र सभामुख देवराज घिमिरेले आयरल्यान्ड भ्रमणमा रहेकाले उपस्थित भएनन् । विशेष समारोहलाई सम्बोधन गर्दै कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने तथा नागरिकहरूको राजनीतिक, सामाजिक तथा आर्थिक अधिकारलाई पूर्णतः संरक्षण गरेको संविधानको पूर्ण परिपालना र कार्यान्वयनमा सबै एकबद्ध हुन जरुरी रहेको बताए । संविधानमा अभिव्यक्त नेपाली जनताको चाहनाबमोजिम मुलुकमा जनउत्तरदायी एवं जनमुखी शासन व्यवस्था स्थापना तथा सञ्चालनमा सरकार दृढ रहेको उनको भनाइ थियो ।

स्वावलम्बी अर्थतन्त्रमा जोड दिऔं : पूर्वराष्ट्रपति भण्डारी

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि स्वावलम्बी राष्ट्रिय अर्थतन्त्र निर्माण गर्नुपर्ने आवश्यकता औंल्याएकी छिन् । संविधान दिवसका अवसरमा बुधबार शुभकामना वक्तव्य जारी गर्दै पूर्वराष्ट्रपति भण्डारीले त्यस्तो आवश्यकता औंल्याएकी हुन् ।

'संविधानले सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिककल्पनालाई साकार बनाउन समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि मार्गदर्शन गरेको छ । उक्त लक्ष्य हासिल गर्न मुलुकमा उपलब्ध प्राकृतिक स्रोत तथा ऊर्जाशील युवाशक्तिसहित मानवीय संसाधनको दिगो सदुपयोग गर्दै कृषि वन, जलस्रोत र पर्यटनमा आधारित उद्यमशीलताको विकासमार्फत स्वावलम्बी अर्थतन्त्रको निर्माण गर्नु आवश्यक छ । यसैगरी, संविधानद्वारा सुनिश्चित गरिएका मौलिक अधिकारहरूको कार्यान्वयन गरी राज्यबाट प्रापत हुने सेवा र सुविधामा सबै नागरिकको समान पहुँच स्थापित गर्नुपर्छ,' भण्डारीले वक्तव्यमा भनेकी छिन् ।

संविधान केवल साधन मात्र भएकाले कार्यान्वयनका लागि राजनीतिक नेतृत्वको काँधमा ठूलो जिम्मेवारी रहेकोतर्फ सजग गराउँदै पूर्वराष्ट्रपति भण्डारीले संवेदनशील विषयमा आत्मसीक्षा र सुधार गर्दै आगामी दिनमा नयाँ कार्ययोजनासहित जनताको सपना पूरा गर्ने दिशामा अघि बढ्न आह्वानसमेत गरेकी छिन् ।

राष्ट्रिय एकता बलियो पार्दै संविधान कार्यान्वयन गरौं : ओली



काठमाडौं/ एमालेले नवौं संविधान दिवसलाई राष्ट्रिय उत्सवका रूपमा मनाएको छ । काठमाडौंसहित देशैभर एमालेले राष्ट्रिय झन्डा प्रदर्शन र दीप प्रज्वलन गरेर संविधानलाई राष्ट्रिय उत्सवका रूपमा मनाएको हो ।

'सेल्फी विथ नेसनल फ्ल्याग कार्यक्रम' भन्ने नारासहित काठमाडौंको नारायणचौरमा बुधबार बिहान आयोजित कार्यक्रममा पार्टी अध्यक्ष केपी ओलीले राष्ट्रिय झन्डोत्तोलन गरे । उनले दीप प्रज्वलन पनि गरेका थिए । कार्यक्रममा एमालेका पदाधिकारी तथा स्थायी समिति, केन्द्रीय कमिटीका नेता, सांसद, एमालेबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधि तथा ठूलो संख्यामा कार्यकर्ता राष्ट्रिय झन्डासहित सहभागी भएका थिए ।

कार्यक्रमलाई संक्षिप्त सम्बोधन गर्दै ओलीले राष्ट्रिय एकता बलियो बनाउँदै संविधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताए । ओलीले संविधानको प्रभावकारी कार्यान्वयन गरेर देशमा शान्ति, सुरक्षा, सामाजिक न्याय, समानता र राष्ट्रिय एकता कायम गर्नुपर्ने धारणा राखे । प्राप्त उपलब्धिलाई समाप्त पार्न छिटपुट रूपमा प्रयास भइरहेको भन्दै उनले सजग बन्नुपर्ने जिकिर गरे । 'कहींकतै हाम्रा उपलब्धिलाई समाप्त पार्न खोज्ने अभिव्यक्ति र क्रियाकलाप छिटपुट रूपमा हुने गरेको देखिएका छन्,' ओलीले भने, 'त्यस्ता क्रियाकलापप्रति म दुःख व्यक्त गर्न चाहन्छु । राष्ट्रिय एकतालाई खलबल्याउने खालका कुरा सकारात्मक हुन सक्दैनन् ।'

अध्यक्ष ओलीले दिवसले एकताको सन्देश दिएको भन्दै आगामी वर्षमा दिवसलाई राष्ट्रियस्तरमा मनाइने बताए । त्यस्तै, ओलीले सामाजिक सञ्जालमा दशकौं लामो संघर्ष, बलिदान र धेरै ठूलो अवरोध छिचोलेर संविधानसभामार्फत संविधान जारी भएको चर्चा गर्दै संविधानले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएर ३१ वटा मौलिक अधिकार सुनिश्चित गरेको स्मरण गरे । यसैबीच बुधबार बिहानै ओलीले संविधानले दिएको अधिकार कार्यान्वयनमा जोड दिँदै देशवासीलाई शुभकामना दिएका थिए । 'संविधानले हामीलाई अधिकार दिएको छ, कर्तव्य, विवेक र इमानदारी भने हामी आफैंसँग हुनुपर्छ, संविधान दिवसको सबैलाई शुभकामना !' सामाजिक सञ्जालमा ओलीले भनेका छन् ।

लोसपाले भन्यो कालो दिन, जसपा मौन

जनकपुरधाम/ संविधान जारी भएको दिनलाई कालो दिन भन्दै मधेश प्रदेशका धनुषा, सप्तरी, सिराहा, महोत्तरी, सर्लाहीलगायत जिल्लामा लोसपा, तमलोपाले प्रदर्शन गरेका छन् । मधेशमा सबैभन्दा ठूलो जनाधार भएको जसपा भने मौन बस्यो । केन्द्रीय सत्तागठबन्धनमा रहेको जसपाकै नेतृत्वमा रहेको मधेश सरकारले भने संविधान दिवस मनाउने निर्णय गरेको थियो । यद्यपि, मुख्यमन्त्री सरोजकुमार यादव कार्यक्रममा सहभागी भएनन् ।

लोसपा र तमलोपाले भने केही जिल्लामा विरोध प्रदर्शन गरे । लोसपाको मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनललले संविधानलाई पूर्ण रूपमा स्वीकार गर्न नसकिएकाले ३ असोजमा विरोध कार्यक्रम गरेको बताए । 'संविधान दिवसमा कालो दिवस मनाउनु भनेको संविधानलाई अस्वीकार्य गर्नु होइन । हामी आंशिक रूपमा संविधानलाई स्वीकार्य गरेर नै अगाडि बढेका छौं । तर, संविधान कुन परिवेश र अवस्थामा घोषणा गरियो, त्यसको पृष्ठभूमि बुझ्नुपर्छ,' उनले भने, 'संविधान घोषणा हुँदा काठमाडौंले उत्सव मनाए पनि मधेशमा प्रहरीले गोली हानेर मधेसीलाई हत्या गरियो । अन्यत्र दीपावली हुँदा पूरै मधेशमा ब्ल्याकआउट थियो । त्यस कारण हामीले कालो दिनको रूपमा सम्झने गरेका हौं ।'

जसपा नेता रहेका मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले संविधानप्रति असहमति, असन्तुष्टि हुँदाहुँदै पनि संविधानलाई स्वीकार्य गरे अगाडि बढेको प्रतिक्रिया दिए । मधेशमा पूर्वमुख्य न्यायाधिवक्ता दीपेन्द्र झाले संविधान संशोधन गरी मधेशका सरोकार सम्बोधन नगर्दा मुलुक पटक-पटक राजनीतिक दुर्घटनामा फस्दै आएको जिकिर गरे ।

राजनीतिक विश्लेषक चन्द्र किशोरले संविधान घोषणा भएको आठ वर्ष भइसक्दा पनि संघीयता पक्षधरहरू संविधान संशोधनमा गम्भीर नहुँदा संघीयता नरुचाउने शक्तिहरूको हालिमुहाली भएको बताए । 'संविधानमा मधेशी जनताले आफ्ना भविष्य, सुरक्षा, शान्ति, द्वन्द्वको व्यवस्थापन, समृद्धि खोजेका छन्, जुन संविधानकै प्रस्तावनामै उल्लेख छ,' उनले भने, 'तर, शासक वर्ग र शासित सामुदायबीच संविधान संशोधनको विषयमा खाडल देखिएको छ । मधेश आश्रितहरूले संविधान संशोधनका मुद्दा नछोडे पनि मुखर रूपमा उठान सकेका छैन । त्यसकारण यो विषय अब आममधेशी जनताको भएको छ ।'

संक्षेप

सात कैदीबन्दी रिहा

डडेल्धुरा/ जिल्ला कारागार डडेल्धुराबाट सातजना कैदीबन्दी रिहा भएका छन् । संविधान दिवसका अवसर पारेर उनीहरूलाई रिहा गरिएको जिल्ला कारागार डडेल्धुराका जेलर जितेन्द्र ओझाले जानकारी दिए । उनका अनुसार असल चालचलन भएका तथा ४० देखि ५० प्रतिशत कैद भुक्तान गरिएका कैदीबन्दीलाई रिहा गरिएको हो । 'मुलुकी अपराध संहिता कार्यान्वयन हुनुअघिका मुद्दामा दोषी ठहर भएका कैदीबन्दीको हकमा ४० प्रतिशत र त्यसपछि पछाडि ५० प्रतिशत कैद भुक्तान गरेकालाई छोड्न मिल्ने व्यवस्था छ,' उनले भने, 'सोहीअनुसार एकजना ४० प्रतिशत र अन्य ६ जना ५० प्रतिशत कैद भुक्तान गरेकालाई रिहा गरिएको छ ।'

कर्तव्य ज्यान मुद्दाका दुई, बहुविवाहका दुई तथा गर्भपतन, हातहतियार खरखजना र ज्यान मार्ने उद्योगका एक-एक कैदीबन्दीलाई रिहा गरिएको ओझाले जानकारी दिए । संविधान दिवसका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले फैजदारी कसुर कैद कट्टा नियमावली, २०७६ अनुसार उनीहरूको कैद कट्टा गरेका हुन् । संविधानको धारा २७६ को फौजदारी कसुर ऐन, २०७४ तथा फौजदारी कसुर नियमावली, २०७६ मा प्रमुख जिल्ला अधिकारी हुँदै मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले कैदीबन्दीको कैद मिनाहा गर्न सक्ने व्यवस्था छ ।

दुर्घटनामा महिलाको मृत्यु

मकवानपुर/ बकैया गाउँपालिका- ११ खोरभञ्ज्याङमा बुधबार मोटरसाइकल दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकलको पछाडि सवार बकैया १२ टायरबासकी ६८ वर्षीया ठूलीमाया न्यासुर रहेको प्रहरीले जनाएको छ । बुधबार बिहान बकैया- १२ जितपुरभञ्ज्याङबाट चपकीखानीतर्फ जाँदै गरेको ना.५१प ५०४१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा ठूलीमायाको मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । गम्भीर घाइते न्यासुरको उपचारका क्रममा हेटौंडा अस्पतालमा ज्यान गएको हो । मोटरसाइकलचालक सोही स्थानका ३२ वर्षीय राजकुमार न्यासुर घाइते भएका छन् । उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । ठूलीमाया न्यासुर राजकुमारकी आमा हुन् ।

भीमदत्तले लगायो उत्खननमा रोक

कञ्चनपुर/ भीमदत्त नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री-वितरण गर्ने कार्यमा रोक लगाएको छ । नगरपालिका क्षेत्रभित्रका नदी, खोलालगायतबाट अर्को निर्णय नभएसम्मका लागि नदीजन्य पदार्थ ढुंगा, बालुवा, गिट्टी, ग्राभेल र माटो उत्खननमा रोक लगाएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामनारायण गौलीका अनुसार महाकाली नदीको हकमा इआइएको कार्य सुदूरपश्चिम प्रदेशस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा अध्ययनका क्रममा छ । महाकाली नदीबाहेक अन्य नदी तथा खोलाहरूको हकमा आइइई रिभ्युका क्रममा रहेकाले हाललाई नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री-वितरणका लागि ठेक्का बन्दोबस्तको कार्य गर्न केही समय लाग्ने भएकाले अर्को निर्णय नहुँदासम्मका लागि रोक लगाइएको प्रमुख प्रशासकीय अधिकृत गौलीको भनाइ छ ।

धादिङ ज्यामरुङमा वृद्ध मृत भेटिए

धादिङ/ नीलकण्ठ नगरपालिका- ११ ज्यामरुङ कालीमाटी खोलामा वृद्ध मृत अवस्थामा भेटिएका छन् । नीलकण्ठ नगरपालिका- १० का ६१ वर्षीय यमबहादुर खनाल मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए । डिएसपी जैसवारका अनुसार परिवारमा कसैलाई पनि जानकारी नदिई खनाल मंगलबार घरबाट निस्किएका थिए । आफन्तले खोजतलास गर्ने क्रममा बुधबार ज्यामरुङ कालीमाटी खोलामा खनाल मृत अवस्थामा फेला परेको डिएसपी जैसवारले बताए । घटनाबारे अनुसन्धान भइरहेको छ ।

पुतलीमाया मृत फेला

मकवानपुर/ इन्द्रसरोवर गाउँपालिकामा एक वृद्धा मृत फेला परेकी छिन् । यही ३० भदौदेखि हराइरहेकी इन्द्रसरोवर- २ ठूलोटारकी ९१ वर्षीया पुतलीमाया घलान मृत फेला परेको मकवानपुर प्रहरीले जनाएको छ । ३० भदौबाट सोही गाउँपालिकाको वडा नम्बर ३ स्थित छोरीको घरबाट हराएकी पुतलीमाया मृत फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । उनी हराएको भन्दै परिवारले ३१ भदौमा प्रहरी चौकी सिस्नेरी मकवानपुरमा जानकारी गराएको थियो । त्यसपछि प्रहरीले पुतलीमायाको खोजतलास गरेको थियो । खोजीकै क्रममा प्रहरीले भिरबाट अन्दाजी दुई सय मिटर तल खसेर मृत्यु भएको अवस्थामा फेला पारेको हो । त्यसपछि बागमती प्रदेश प्रहरी कार्यालयबाट खटिएको विपत् व्यवस्थापन टोलीको सहयोगमा शव निकाली पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ ।

क्यानडामा पहिलो संगीतयात्रा गर्दै नेपथ्य

नेपथ्यले पहिलोपटक क्यानडाको संगीतयात्रा गर्ने भएको छ । अक्टोबर १ देखि नेपथ्यले क्यालगरी सहरको 'दी प्यालेस थिएटर'मा प्रस्तुति दिने भएको हो । त्यसपछि अक्टोबर ४ मा भ्यानकुभर सहरको 'दी भोग थिएटर'मा प्रस्तुति हुनेछ । अन्तिम सो भने अक्टोबर ८ मा टोरन्टोस्थित 'म्यासी हल'मा हुनेछ ।

एक दर्जन कलाकारको प्रस्तुति रहने

हिल्स होम थिएटरले असोज ५ गते राष्ट्रिय नाचघर जमलमा सांस्कृतिक कार्यक्रम गर्ने भएको छ । 'हाम्रो कला हाम्रो संस्कृति-२०८०' नाम रहेको कार्यक्रममा गायक कलाकार प्रकाश सपूत, सत्यराज आचार्य, स्वरूपराज आचार्य, माण्डवी त्रिपाठी, मदनकृष्ण श्रेष्ठ, लोकगायिका राधिका हमाल, हास्यकलाकार जितु नेपाल 'मुन्द्रे', मनोज गजुरेल, प्रभाकरदेव शर्मालगायत कलाकारको प्रस्तुति रहनेछ ।

नियमित गर्नुस् सुगर फ्री डाइट



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक युनिभर्सल हस्पिटल

हिजोआज सुगर फ्री डाइटको प्रयोग बढ्दो छ । संसारमै बढ्दो मोटोपना, मधुमेह, मेटाबोलिजमजस्ता समस्याका कारण यस्ता डाइटको प्रयोग बढ्न थालेको हो । किनभने, सुगर फ्री डाइटले यस्ता समस्याबाट बचाउन ठूलो भूमिका निर्वाह गर्छ । सुगर फ्री नेचुरल खाद्यपदार्थमा पोषण तत्त्वको मात्रा पनि भरपूर हुन्छ ।

कति सुगरले असर गर्छ ?

सुगर फ्री खाद्यपदार्थमा आवश्यकभन्दा बढी चिनी हुँदैन । यस्ता खाद्यपदार्थमा सामान्य कार्बोहाइड्रेट पनि पाइन्छ । दैनिक ३५० क्यालोरीभन्दा बढी सुगर लिँदा मोटोपना, मधुमेह र मुटुसम्बन्धी रोगको जोखिम बढेर जान्छ । त्यति मात्र होइन, यसले शरीरको प्रतिरक्षा प्रणालीलाई पनि कमजोर बनाउँछ । सुगर फ्री खाना भनेको कुनै पनि गुलियो पदार्थको प्रयोग बन्द गर्नु हो भन्ने धेरै भ्रम छ । तर, त्यस्तो होइन । सुगर फ्रीमा अन्न, फलफूललगायतका खाद्यपदार्थ पर्छन् । मैदाजस्ता प्रोसेस्ड गरी तयार पारिएका खाद्यपदार्थबाट भने सजग रहनुपर्छ ।

यसरी काम गर्छ

चिनीरहित अर्थात् सुगर फ्री खाद्यपदार्थको प्रयोग गर्दा रगतमा चिनीको मात्रा अकस्मात् परिवर्तन हुने भन्ने होइन । यसले शरीरको मेटाबोलिजमको मात्रालाई सुधार गर्न मद्दत गर्छ । साथै, लामो समय पेट भरिएको महसुस पनि हुन्छ । शरीरमा प्रोटिन र बोसोले ऊर्जा उत्पादन गर्न सघाउँछ, जसले गर्दा बिस्तारै तौल पनि नियन्त्रणमा आउने गर्छ । सुगर फ्री खानामा अमिलो पदार्थ बढी मात्रामा प्रयोग गर्नुपर्ने हुन्छ ।



सुगर फ्री खाद्यपदार्थ

- सुगर फ्री खाद्यपदार्थमा फाइबरको मात्रा बढी हुन्छ । यसमा ब्रोकाउली, गोलभेँडा, स्ट्रबेरी, ब्राउन राइसलगायत पर्छन् ।
- यसमा हेल्दी फ्याट पनि पर्छ । जसमा जैतुनको तेल, ओखर, बदाम, काजु, पेस्तालगायत पर्छ ।
- दाल, सिमी, सालमन फिस, अन्डा आदि खाद्यपदार्थ पनि सुगर फ्री हुन् ।
- मौसमी तरकारी र फलफूललाई पनि नियमित डाइटमा अनिवार्य प्रयोग गर्दा स्वास्थ्यमा निकै फाइदा पुग्छ । जस्तै- अम्बा, स्याउ, मौसम, सुन्तला, नास्पाती, किबी, ड्रागन फ्रुट एभोकाडोलगायत समावेश गर्दा हुन्छ ।
- सुगर फ्री खाद्यपदार्थको प्रयोग बढाउनका लागि प्राकृतिक खाद्यपदार्थसँग नजिक रहने गर्नुपर्छ ।
- खाने तरिकामा पनि सुधार ल्याउन आवश्यक छ । कुनै तरकारी वा खाद्यपदार्थ उमालेर वा फ्राई गरेर खान पनि सकिन्छ । तर, यसको पोषण तत्त्वमा ह्रास आउन दिनुहुँदैन ।

सुगर फ्रीका फाइदा

- यस्ता खाद्यपदार्थले तौल घटाउनुका साथै मधुमेहको खतरालाई कम गर्छ ।
- यस्ता खाद्यपदार्थले शरीरमा लामो समयसम्म ऊर्जा दिने गर्छ । नेचुरल सुगरमा सामान्य कार्बोहाइड्रेट हुने गर्छ । जुन तत्कालै रगतमा मिसिन पुग्छ ।
- चिनी कम र बढी फाइबरयुक्त खाद्यपदार्थले पाचन प्रणालीमा पनि सुधार ल्याउने काम गर्छ । यसकै कारण केन्डिडा ब्याक्टेरिया र विभिन्न संक्रमणबाट बच्न सहयोग पुग्छ ।
- सुगर फ्री खाद्यपदार्थ पच्नका लागि लामो समय लाग्छ । जसले गर्दा दिनभर रगतमा चिनीको मात्रा एउटैजस्तो हुन्छ ।
- चिनीको सेवन कम गर्दा फ्याट र कलेजोको सम्भावना पनि कम भएर जान्छ ।
- नियमित रूपमा सुगर फ्री भोजनको प्रयोग गर्दा शरीर सुन्निने समस्या कम भएर जाने गर्छ ।

फेसियलपछि के नगर्ने ?



फेसियलले अनुहार चम्काउँछ । यसर्थ, विशेषगरी सहरी क्षेत्रका लागि बेहुला-बेहुली सिँगार्ने सजिलो र अनिवार्य माध्यम बनेको छ, यो । त्यसो त सामान्य अवस्थामा पनि फेसियल गरिन्छ । अनुहारमा त्यति धेरै मेकअप गर्न नरुचाउनेहरू पनि फेसियल भने गरिरहेका हुन्छन् । किनकि, यसले आकर्षक देखाउन मद्दत पुऱ्याइरहेको हुन्छ । तर, कहिलेकाहीँ स-साना गल्तीले पनि अनुहारमा नकारात्मक असर पुऱ्याउने गर्छ । सचेत नभएको खण्डमा फेसियलले अनुहार कुरूप बनाउन पनि सक्छ । त्यसैले फेसियलपछि यस्ता गतिविधि नगर्दा उपयुक्त हुन्छ ।



शर्मिला बज्राचार्य
ब्युटिसियन
निर्भाना मेकअप स्टुडियो

- फेसियलले अनुहारको छालालाई सफ्ट बनाउँछ । यसर्थ, फेसियलपछि तत्काल घाममा बस्नु या हिँड्नुहुँदैन । फेसियल गरेर घाममा बस्दा छालासम्बन्धी समस्या आउन सक्छ ।
- सकभर फेसियलपछि चिया, कफी पिउनुहुँदैन । यसरी पिउँदा अनुहारको रक्तसञ्चारमा बाधा उत्पन्न हुन्छ । जसले गर्दा फेसियलले राम्रोसँग प्रभाव जमाउन सक्दैन । दुई घन्टाको अवधिपछि चाहिँ पिउँदा हुन्छ ।
- फेसियलपछि स्क्रब गर्दा पनि छालामा समस्या उत्पन्न हुन थाल्छ । जति नै आवश्यक महसुस भए पनि फेसियलपछि यस्तो गर्नुहुँदैन । बरु यसका लागि माइल्ड फेसवास प्रयोग गर्न सक्नुहुन्छ ।
- फेसियल गरेको केही समयमै घाँटी र अनुहार पानीले सफा गर्नु पनि राम्रो होइन । यसको विकल्पमा गुलाबजलको सहायतामा हल्कासँग सफा गर्न सकिन्छ । साबुनपानीले सफा गर्दा अनुहारमा चमक नदेखिने हुन सक्छ ।
- फेसियलपछि तत्काल थ्रेडिङ वा अपर लिप गर्नबाट पनि बच्नुपर्छ । अनुहारको छाला यति संवेदनशील हुन्छ कि यस्तो समय थ्रेडिङ गर्दा स्थायी रूपमै दागसमेत बस्न सक्छ ।
- गर्भवती हुनुहुन्छ भने फेसियलपूर्व आफ्नो अवस्थाबारे पार्लरमा बताउनुपर्छ । ताकि, तपाईंको सुविधा र अवस्थाअनुसार ब्युटिसियनले ट्रिटमेन्ट गरून् ।

मुड फ्रेस गर्ने उपाय



कहिलेकाहीँ मुड अफ हुनु स्वाभाविक हो । यतिवेला हामीले केही उपाय लगाएर आफूलाई फ्रेस बनाउन सक्छौँ ।

मनलाई शान्त बनाउने क्रियाकलाप गर्नुपर्छ । पानी प्रशस्त पिउँदा मन शान्त रहन सहयोग मिल्छ । मुड अफ हुँदा आनन्ददायी अभ्यास गर्नुपर्छ, श्वासप्रश्वासको अभ्यास गर्ने, लामो गहिरो श्वास लिने र छोड्ने गर्नुपर्छ । ध्यान वा माइन्ड फुलनेसको अभ्यासले पनि मुड फ्रेस हुन्छ ।

रमाइलो गीत-संगीत सुन्ने, नाच्ने, गाउने, खुला हावा, फूलबारी वा बगैँचामा घुम्ने गर्नुपर्छ । आफूलाई मन पर्ने रमाइलो कार्यमा संलग्न हुने, रमाइलो कमेडी फिल्म हेर्ने, जोक्स पढ्ने, सुन्ने, घुम्न जाने, मिल्ने साथीभाइसँग भेटघाट गर्ने, रमाइलो कुराकानी गर्ने गर्नुपर्छ । कफी, चकलेटको सेवनले पनि मुडलाई राम्रो बनाउँछ ।

तनावले पनि हाम्रो मुड अफ हुने हुँदा तनाव कम गर्ने क्रियाकलापमा संलग्न हुने, आराम गर्ने, रिफ्रेस हुने गर्नुपर्छ । शारीरिक व्यायाम वा योगा गर्नाले मुड सकारात्मक हुन्छ । मुड अफ बनाउने व्यक्ति, घटना, परिस्थितिबाट केही समय टाढा हुँदा पनि फाइदा हुन्छ ।

घरमै आकर्षक शरीर बनाउन 'ब्याटल रोप'

हिजोआज घरमै विभिन्न उपकरण राखेर व्यायाम गर्ने चलन बढ्दै गएको छ । घरमा बसेर गर्न सकिने व्यायामका धेरै स्वरूप छन् । त्यसमध्ये 'ब्याटल रोप' एक हो । यसका लागि जिम सेन्टर गइरहनुपर्दैन । व्यस्त जीवनशैली हुनेहरूका लागि यो व्यायाम उपयुक्त छ ।

ब्याटल रोप के हो ?

३० देखि ५० फिट लामा र दुई इन्च चौडा दुईवटा डोरीको सहायताले अभ्यास गरिन्छ । कुनै खुला स्पेसमा फलामको बलियो खम्बा गाडेर त्यसमा यी डोरीलाई बाँध्न सकिन्छ । वा, घरको भित्तामा बलियो गरी किला ठोकेर पनि बाँध्न सकिन्छ । त्यसरी डोरीलाई दुवै हातले एकैपटक समात्ने गर्नुपर्छ र चलाउन थाल्नुपर्छ । व्यायामको समय अगाडि फर्किएर हल्का झुक्नुहोस् । तर, पछाडि फर्किएर झुक्नुहुँदैन । कुर्कुच्चामा भार नपर्ने गरी घुँडालाई मोड्नुपर्छ ।



सुरेश सुवेदी
अध्यक्ष
काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघ

तपाईंले २० देखि ४० सेकेन्डसम्म व्यायाम गरेपछि २० देखि अधिकतम ६० सेकेन्डसम्म आराम गर्न सक्नुहुन्छ । यसरी कसरत गर्दै र आराम गर्दै १० देखि ३० मिनेटसम्म अभ्यास गर्दा राम्रो हुन्छ । डोरीलाई धेरै बलियो गरी तान्नुहुँदैन । ब्याटल रोप गर्ने १० देखि १२ वटा विभिन्न तरिका छन् । तपाईंले आफूलाई सहज लाग्ने तरिका अपनाउँदा हुन्छ । यसको लागि प्रशिक्षकसँग परामर्श गर्न सक्नुहुन्छ । तर, सामान्यतः १० देखि १२ तरिकाबाट गर्दा पुग्छ । शरीरको तौल घटाउनका लागि निकै प्रभावकारी मानिने यो अभ्यासलाई हाई इन्टेसिटी ट्रेनिङको रूपमा पनि लिइन्छ । यो अभ्यास गर्दा प्रतिमिनेट १० क्यालोरिसम्म बर्न गर्न सकिन्छ । यो 'एक्सरसाइज'ले शरीरका मांसपेशी अलग-अलग तरिकाले सक्रिय भएका हुन्छन् ।

फाइदा

मानिसले उमेर र स्वास्थ्य क्षमताका आधारमा 'ब्याटल रोप' गर्दा थुप्रै फाइदा छन् । यो एक्सरसाइज सबैले गर्न सक्छन् भन्ने हुँदैन । किनभने, यसका लागि निकै ठूलो ऊर्जा चाहिन्छ ।

मांसपेशी बलियो बनाउँछ

यो एक्सरसाइजले फ्याट बर्नसँगै मांसपेशीलाई बलियो बनाउँछ । काँध वा बाइसेप्सको आसपास फ्याट घटाउँदै शरीरलाई फिट राख्न सहयोग गर्छ ।

होम गार्डेनिङ सुरु गर्दा...

- हिजोआज गमलामा बिरुवा रोपेर मानिसले घरमै बगैँचा बनाउँछन् । तर, होम गार्डेनिङ सुरु गर्नुअघि तपाईंले केही कुरामा ख्याल गर्न जरुरी छ ।
- सबैभन्दा पहिले सही स्थान चयन गर्नुस् । कम्तीमा बिरुवालाई पाँच वा ६ घन्टासम्म प्रकाश मिल्ने खालको स्थान चयन गरेर गमला वा ग्रो ब्याग राख्नु राम्रो हुन्छ । बिरुवाका लागि पर्याप्त पानी आवश्यक पर्ने भएकाले सहजै पानी पुऱ्याउन सकिने ठाउँमा गमला राख्नुस् ।
- खुला स्पेसमा गमला राख्नुभयो भने राम्रो हुन्छ । जसकारण, गमलामा पानी हाल्न असहज नहोस् । गमलालाई तेज हावा र गर्मीको समय चर्को प्रकाशबाट पनि जोगाउन जरुरी छ । किनकि, तेज हावा र चर्को प्रकाशले बिरुवालाई नष्ट गर्न सक्छ ।
- राम्रो गुणस्तरको बिउ चयन गर्नुस् । जसकारण, भविष्यमा राम्रो र स्वस्थ बिरुवा हुर्कियोस् ।
- हल्का वजन भएका गमला चयन गर्नुस् । यसलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न हुन्छ । तपाईंले घरमा प्रयोग नभएका भाँडामा पनि माटो र बिउ हालेर बिरुवा रोप्न सक्नुहुन्छ । बजारमा कम मूल्यमा पनि आकर्षक गमला पाइन्छन् ।
- तपाईंले राम्रो र गुणस्तरीय माटोको चयन गर्नुपर्ने हुन्छ । यसमा विभिन्न प्रांगारिक मल तथा पातपतिंगर पनि मिसाउन सकिन्छ । यसका लागि नर्सरी वा कृषिविज्ञसँग परामर्श गर्न सक्नुहुन्छ ।

स्टाइलिस लेहेंगा

नेपाली बजारमा विभिन्न डिजाइनका लेहेंगा पाइन्छन् । बुटिक र डिजाइनअनुसार लेहेंगाका डिजाइन र मूल्य पनि फरक-फरक हुन्छन् । अहिले विशेष गरी सिल्क, जर्जेट र भेल्भेटका कपडा प्रयोग भएका लेहेंगा चल्तीमा छन् । महिलाहरू पार्टीमा साडीभन्दा लेहेंगा लगाएर जान थालेका छन् । बेहुलीले पनि लेहेंगा लगाउने फेसन आएको छ । फेसनेबल र आकर्षक हुने भएकाले हरेक उमेरसमूहका महिलाको रोजाइमा परेको छ, लेहेंगा । विवाह पार्टीमा नाच्दा, गाउँदा साडीमा भन्दा लेहेंगामा सहज हुन्छ ।



रोजिना श्रेष्ठ
फेसन डिजाइनर
कायरा बुटिक

ब्राइडल लेहेंगा

नेपालमा ब्राइडल लेहेंगाका लागि भेल्भेटको कपडा प्रयोग गरिएको हुन्छ । यो विशेष गरी विवाह र अन्य पार्टीमा लगाइन्छ । भेल्भेट आफैँमा रोयल फ्याब्रिक हो । भेल्भेट कपडा चम्किलो हुन्छ । त्यसैले पनि लेहेंगा झनै आकर्षक देखिन्छ ।

प्रिन्टेड फ्याब्रिक लेहेंगा

प्रिन्टेड फ्याब्रिक लेहेंगा पनि महिलाहरूको रोजाइमा पर्ने गरेको छ । विवाह पार्टी होस् वा समारोहमा, सधैँलेहेंगा प्रिय बनेको छ । यसका लागि फ्याब्रिक कपडाकोथान आउँछ । त्यसमा ब्लाउज, सल म्याच हुने गरी डिजाइन गरिन्छ ।

सिल्क लेहेंगा

सिल्क कपडा मुलायम हुन्छ ।यसको मूल्य पनि अन्य लेहेंगाभन्दा अलि सस्तो पर्न आउँछ । आफ्नो बजेटअनुसारको डिजाइन र स्टाइलका लेहेंगा अर्डर गर्दा राम्रो हुन्छ ।



होमस्टेमा किन बस्ने ?

पछिल्लो समय होमस्टेमा बस्न चाहने आन्तरिक तथा विदेशी पर्यटकको संख्या बढ्दो छ । आतिथ्य सत्कारमा आत्मीयता झल्कने तथा परिवारकै सदस्यजस्तो भएर बस्न पाइने भएकाले पनि होमस्टेमा पर्यटकको आकर्षण बढेको हो ।

हाम्रो देश विविध संस्कृतिले भरिपूर्ण छ । यदि तपाईंले नेपालको संस्कृति र सभ्यतालाई नजिकबाट अनुभव गर्न चाहनुहुन्छ भने होमस्टेमा बस्नु तपाईंका लागि श्रेयष्कर हुन्छ । यहाँ बस्दा तपाईंले सम्बन्धित परिवारको रहनसहन तथा मौलिकताबारे धेरैभन्दा धेरै जानकारी हासिल गर्नुहुन्छ । होमस्टेमा मिल्ने अनुभव कुनै पनि होटेलमा तपाईंलाई मिल्नेछैन ।

कुनै रिसोर्ट वा होटेलमा बस्दा तपाईंले मेनुअनुसार मूल्य तिर्नुपर्ने हुन्छ र आफ्नो बजेटलाई पनि ध्यानमा राख्नुपर्छ । यसको मतलब होमस्टेमा तपाईंले चाहेको खानेकुरा पाउनुहुन्छ भन्ने होइन । तर, त्यहाँ उपलब्ध अर्गानिक खाना रोज्नका लागि तपाईं स्वतन्त्र हुनुहुन्छ । नौलो खाना टेस्ट गर्न पाउनुहुन्छ ।



होमस्टेमा अर्गानिक खानपान गर्न पाइन्छ । जस्तो, तपाईं थकाली समुदायका व्यक्तिको घरमा बस्नुभयो भने थकाली भोजन वा गुरुङ समुदायका व्यक्तिले सञ्चालन गरेको होमस्टेमा बस्नुभयो भने गुरुङ संस्कृतिअनुसारको खानपान गर्न पाउनुहुन्छ । उनीहरूको भाषाबारे पनि तपाईंले धेरैभन्दा धेरै जानकारी लिन सक्नुहुन्छ ।

ठूला होटेलमा गाइड हुन्छन् । उनीहरूले तपाईंलाई त्यहीँ मात्रै घुमाउँछन्, जुन कुरा प्याकेजमा उल्लेख छ । वा उनीहरूले पनि त्यही कुरामा मात्रै जानकारी लिएका हुन्छन्, जसका लागि होटेल सञ्चालकले उनीहरूलाई पैसा तिरेका हुन्छन् । तर, होमस्टे सञ्चालकसँग तपाईंले आफूलाई मन परेको स्थानीय लोकेसनबारे सबै जानकारी लिन सक्नुहुन्छ । किनकि, होमस्टे सञ्चालक आफैँ स्थानीय हुन्छन् । उनीहरूसँग त्यस ठाउँबारे धेरैभन्दा धेरै जानकारी हुन सक्छ ।

तपाईंलाई थाहा नभएका आसपासका अन्य गन्तव्यहरूका विषयमा पनि उनीहरूले जानकारी दिनेछन् । उनीहरूसँग पर्याप्त जानकारी लिएपछि कुनै सहयोगी लिएर वा एक्लै पनि तपाईं आफूलाई मन परेका ठाउँ घुम्न सक्नुहुन्छ । प्रकृतिसँग रमाउन सक्नुहुन्छ । एक स्थानीयजस्तै बनेर तपाईंले घुमफिर गर्न पाउनुहुन्छ ।

अलपत्र निजामती सेवा सुधारको प्रश्न

संविधान जारी भएको आठ वर्ष पुग्दासमेत संघीय निजामती सेवा ऐन संसद्बाट जारी हुन नसक्दा प्रशासकीय संघीयताका धेरै प्रश्न थाती रहेका देखिन्छन्



● ठाकुरप्रसाद बस्ताकोटी

अग्रलेख

मुलुकको शासन व्यवस्था सञ्चालन तथा राज्यको नीति-नियम लागू गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा सार्वजनिक प्रशासनलाई लिइन्छ। शान्ति सुव्यवस्था कायम गर्ने जिम्मेवारीदेखि कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, जनतामा आवश्यक वस्तु र सेवा प्रवाहको सुनिश्चितता गर्ने, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति गर्नेजस्ता लोककल्याणकारी क्रियाकलाप यसका मूल दायित्व हुन्। आधुनिक कालमा निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताका लागि प्रवर्द्धनात्मक र नियमनकारी भूमिका निर्वाह गरी योजनाबद्ध विकास प्रक्रियाद्वारा सुदृढ राज्य निर्माण गर्नुसमेत यसको काम हो। आधुनिक लोकतन्त्र, सामाजिक न्याय र समावेशिताको अवधारणासँगै प्रशासनिक व्यवस्थालाई समयानुकूल परिवर्तन गर्नु जरुरी हुन्छ। नागरिकको आकांक्षाअनुरूप नतिजामुखी सेवा प्रवाह गरी लोकतान्त्रिक मूल्य र मान्यतालाई अभिवृद्धि गर्ने प्रशासन आजको आवश्यकता हो।

योग्यता प्रणालीको पर्यायका रूपमा निजामती सेवा : चीनको हान वंश (इपू २०६ देखि सन् २२०) बाट निजामती सेवाको विकास भएको मानिन्छ। त्यतिवेला सरकारी कर्मचारी भर्नाका लागि प्रतियोगितात्मक परीक्षा सञ्चालन गरिन्थ्यो। योग्यता प्रणालीमा आधारित आधुनिक निजामती सेवाको विकास भने बेलायतबाट भएको देखिन्छ। बेलायतको निजामती प्रशासनमा सुधार ल्याउन सन् १८५३ मा सांसदहरू नर्थ कोट र ट्रेभेलियन रहेको संसदीय समिति गठन गरिएको थियो। सो समितिले सन् १८५४ मा संसद्समक्ष आफ्नो प्रतिवेदन बुझाएपछि सो प्रतिवेदनअनुसार योग्यता प्रणालीको संरक्षकका रूपमा सन् १८५५ मा निजामती सेवा आयोग स्थापना गरियो। आयोगले सन् १८५६ मा प्रतिस्पर्धात्मक लिखित परीक्षामार्फत निजामती पदमा योग्यता प्रणालीका आधारमा कर्मचारी भर्ना गर्‍यो। अमेरिकामा सन् १८८१ मा विनाकारण सेवाबाट बर्खास्त हुनुपरेको आक्रोशमा चार्ल्स जे गुटे नामका कर्मचारीले तत्कालीन राष्ट्रपति जेम्स ए गारफिल्डको हत्या गरेपछि सन् १८८३ मा पेन्डल्टन एक्ट जारी गरी योग्यता प्रणाली, समानता र प्रतिस्पर्धाका आधारमा निजामती सेवालाई अगाडि बढाइएको पाइन्छ। निजामती सेवा शब्दावली भने पहिलोपटक सन् १७८५ मा इष्ट इन्डिया कम्पनीअन्तर्गत काम गर्ने गैरसैनिक कर्मचारीको सेवालाई जनाउन प्रयोग भएको पाइन्छ। त्यसपछि युरोप र अमेरिकामा कार्यकारीअन्तर्गत काम गर्ने कर्मचारीको सेवालाई निजामती सेवा भन्न थालियो। आधुनिक निजामती सेवा सन् १८८३ मा बनेको पेन्डेल्टन एक्टमार्फत नै अमेरिकामा सुरु भएको मानिन्छ। नेपालमा विसं २००८ मा लोकसेवा आयोगको स्थापना र २०१३ मा निजामती सेवा ऐन निर्माणपछि २०१५ मा मात्रै स्थायी स्वरूपको निजामती सेवा विकसित भएको देखिन्छ। यस क्रममा लोकसेवा आयोगको स्थापना र निजामती सेवा ऐन निर्माणसँग निजामती सेवा योग्यता प्रणालीमा आधारित सेवाका रूपमा विकास हुन थालेको देखिन्छ।

नेपालको निजामती सेवामा सुधारको प्रश्न : नेपालमा लामो समय केन्द्रीय र हुकुमी शासनबाट प्रभावित कर्मचारी प्रशासनलाई प्रजातन्त्रको अभ्युदयसँगै विकेन्द्रित र बदलिँदो स्वरूपमा बदल्न धेरै प्रयास भए। छिमेकी भारतमा लामो समयसम्म औपनिवेशिक शासन गर्दै आएको अंग्रेजले त्यहाँको कर्मचारीतन्त्रमा गहिरो छाप छोडेको थियो, जुन सन् १८५४ को बेलायती कर्मचारी प्रशासनको परिवर्तनबाट प्रभावित थियो। उक्त प्रभाव भारत हुँदै नेपाली सार्वजनिक प्रशासनमा समेत पर्न गयो। तुलनात्मक रूपमा भारतको कर्मचारीतन्त्र अहिले पनि संस्थागत, प्रभावकारी र आकर्षक छ। नेपालमा बुच कमिसन गठन गरिँदा विसं २००९ मा तिनै कर्मचारीको अनुभवमा आधारित भई सार्वजनिक प्रशासनको सुधारका लागि सुझाब दिइएको थियो। आज नेपाल संघीय राज्य प्रणालीमा रूपान्तरित भइसकेको छ। विश्वमा भित्रिएका नवीन प्रशासनिक औजार प्रयोग गरी विश्वमा प्रतिस्पर्धी सेवाको रूपमा आफूलाई उभ्याउन अहिले निजामती प्रशासन समर्पित बन्नुपर्छ।

बढुवा, सरुवा, आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाजस्ता आन्तरिक स्रोत र निजामती सेवाबाहिरका व्यक्तिबाट पदपूर्ति गर्ने तरिकालाई निष्पक्षतामा आधारित बनाई भर्ना प्रणालीमा पारदर्शिता र पद्धतिलाई पर्याय बनाएको देखिन्छ। आन्तरिक र बाह्य दुवै अन्तर्राष्ट्रिय प्रणालीलाई हाम्रो परीक्षा प्रणालीले स्विकारेको पनि छ। छड्के प्रवेशले बाह्य स्रोतको मापदण्ड भित्र्याएको छ भने उच्च पदमा निजामती सेवामै लामो समय काम गरेका कर्मचारीमध्येबाट ज्येष्ठता, कार्य सम्पादनको स्तर, शैक्षिक योग्यता, तालिम तथा विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवका आधारमा उच्च अंक ल्याएका कर्मचारीमध्येबाट बढुवा गर्ने पद्धति अँगालिएको छ। तथापि नेपालको निजामती सेवा अपेक्षित रूपमा दक्ष र पारदर्शी हुन नसकेको जनगुनासो सुनिन्छ। विशेषतः सार्वजनिक सेवा प्रवाह र कानुनी शासनमा देखिएका कमी-कमजोरीमा यस्तो हुन्छ। यसका पछाडि विगतदेखिको राजनीतिक अस्थिरता, हस्तक्षेप, कानुनी शासनको कमजोर अवस्थाजस्ता धेरै कारण छन्। तीमध्ये कर्मचारीको सेवा-सुविधा न्यून हुनु एक हो भन्ने मत पनि छ।

नेपालमा कर्मचारीको तलब र प्रतिव्यक्ति आयको अनुपात अन्य मुलुकका निजामती कर्मचारीको तुलनामा निराशाजनक देखिन्छ। कर्मचारीलाई प्रदान गरिने विविध भत्ता र सुविधा जोड्ने हो भने यो परिदृश्य अझै



निराशाजनक छ। यस्तो अवस्थाले निजामती सेवाप्रतिको आकर्षणमा कमी र समग्र सेवाको मनोबल नै गिर्दो छ। नेपालका निजामती कर्मचारीले पाउने सेवा-सुविधा विकसित मुलुकसँग तुलना हुँदैन। किनकि, ती मुलुक र नेपालको प्रतिव्यक्ति आय र विकास स्तर तुलनीय छैन। मुलुकमा नयाँ संविधान जारी भई संघीय राज्य व्यवस्था कार्यान्वयनसँगै निजामती सुधारका क्रममा निरन्तर बहस भएको देखिन्छ। कर्मचारी समायोजन ऐन, ०७५ बमोजिम कर्मचारी समायोजन भई सो सम्बन्धमा सर्वोच्च अदालतले समेत सो ऐनबमोजिम भएको समायोजनलाई सदर गरिसकेको छ।

संघीय राज्य व्यवस्थालाई संघीय एकाइबीच सहअस्तित्व, सहकार्य र समन्वयमा आधारित शासकीय व्यवस्थाका रूपमा अर्थ्याइएको अवस्थामा निजामती सेवाको भूमिकालाई संविधानले नै तीनै तहमा व्यवस्थित गर्ने अपेक्षा गरेको छ। तर, संविधान जारी भएको आठ वर्ष पुग्दासमेत संघीय निजामती सेवा ऐन संसद्बाट जारी हुन नसक्दा प्रशासकीय संघीयताका धेरै प्रश्न थाती नै रहेका देखिन्छन्। संघीयता र समग्र सार्वजनिक प्रशासनको मियोका रूपमा काम गर्ने संघीय निजामती सेवा विधेयकसँग सम्बन्धित मस्यौदामाथि व्यापक छलफल हुनुपर्ने हो। सार्वजनिक महत्त्वको यस्तो मस्यौदालाई समेत गोपनीयताको विषयजस्तो बनाउन खोजिएको छ। संविधान जारी भएको यत्तिका वर्षसम्म महत्त्वपूर्ण निजामती कानुन बनाउन ध्यान नपुग्ने र अब जारी गर्दा पनि पर्याप्त छलफल नभई जारी गर्ने खोज्ने मनोवृत्तिले सार्वजनिक प्रशासन सुधारमा देशका राजनीतिक र प्रशासनिक नेतृत्व इमानदार बन्न नसकेको प्रस्ट देखिन्छ। कानुनी विकास, नीतिगत व्यवस्था, संवैधानिक सम्बोधन र निजामती सेवाका सम्बन्धमा विभिन्न समितिले विगतदेखि दिएका सुझाबसमेतको कार्यान्वयन प्रयास हेर्दा निजामती सेवामा निरन्तर सुधारका प्रयास हुँदै आएको भन्ने गरिन्छ। तर, सुधारको कार्यान्वयन सन्तोषजनक भने छैन। बरु सार्वजनिक सेवाको गुणस्तर र दायरा व्यवहारतः चिन्ताजनक बन्दै गएको टिप्पणी हुँदै आएको छ। संघीय मूल्य-मान्यता प्रशासनिक व्यवहारमा लागू हुन नसकेको अवस्था छ। संविधानमा उल्लिखित सहकारिता, सहअस्तित्व र समन्वयको अवस्था व्यावहारिक नभई सैद्धान्तिक मान्यताजस्तै हुँदै आएको अनुभूत हुन्छ।

> संघीय निजामती कानुन बनाउन समयमै ध्यान नदिने र अब जारी गर्दा पनि पर्याप्त छलफलविनै जारी गर्न खोज्ने मनोवृत्तिले सार्वजनिक प्रशासन सुधारमा देशका राजनीतिक र प्रशासनिक नेतृत्व इमानदार नभएको प्रस्ट हुन्छ

प्रशासनिक संघीयताको संस्थागत विकास र संघीय निजामती सेवा विधेयकलाई औपचारिक मन्तव्यको विषय मात्र बनाइँदा सार्वजनिक सेवाको मियो भनिने निजामती सेवा सुधार अलपत्र पर्दै आएको छ। यस दिशामा खडा भएका अनगिन्ती प्रश्नको सम्बोधन नभएसम्म संघीयता र नेपालको कल्याणकारी राज्य व्यवस्थाको कार्यान्वयन अघि बढ्न मुस्किल छ।

नयाँ संघीय निजामती विधेयक पारित गर्दा ध्यान दिनुपर्ने विषय : निजामती सेवाको कार्यसम्पादन स्तर बढाउन संघीय ढाँचामा आधारित नवप्रवर्तनकारी नीति-नियमको तर्जुमा आवश्यक देखिन्छ। प्रशासकीय संघीयताको सबलीकरण र निजामती सेवाको सुदृढीकरणलाई ध्यान दिई संघीय निजामती सेवाको शीघ्र तर्जुमा गर्न मात्रै होइन, त्यस्तो विधेयक पारित भएपछि प्रभावकारी रूपमा लागू गर्ने वातावरण तयार गर्नसमेत सो विधेयक छलफलकै क्रममा संघीय संसद् र सरोकारवालाको कौशल प्रदर्शन हुनुपर्ने देखिन्छ। पारदर्शिता र सदाचारमा आधारित नीति तर्जुमा गरी निजामती सेवाको उचित नियमन गर्ने रणनीति बनाउन ध्यान केन्द्रित हुनै सकेको छैन। निजामती सेवासम्बन्धी राष्ट्रिय नीति र सदाचार नीति जारी गरी राष्ट्रिय जीवनमा मूल्य-मान्यतालाई दैनिक जीवनमा उतार्न सबै पक्षको ध्यान जानु जरुरी छ। संघीय निजामती सेवा ऐन जारी भएपछि यसलाई सार्वजनिक सेवाको दर्शनका रूपमा विकास गर्न यस्ता तथ्यमा सार्वजनिक क्षेत्रमा रहने सबैले ध्यान दिनु जरुरी छ।

पद्धतिमा आधारित सेवाका रूपमा निजामती सेवाको ओज प्रवर्द्धन गर्न अहिले भइरहेका प्रयासलाई व्यवहारमा उतार्न ऐनमा नै थप केही प्रबन्ध उल्लेख गर्नु आवश्यक हुन्छ। जस्तो- राजनीति र प्रशासनबीचको सम्बन्ध सुदृढ हुनुपर्ने र प्रशासन सुदृढीकरणमा निजामती सेवालाई व्यावसायिक बनाउनुपर्नेमा यी क्षेत्रलाई बढी जिम्मेवार बनाउन नयाँ व्यवस्था ल्याउन ध्यान दिनु आवश्यक छ। चालू पन्ध्रौँ आवधिक योजनाले मानव संशाधन विकास योजना परिकल्पना गरेको छ। सोह्रौँ योजना निर्माणको तयारी भइरहेका वेला चालू योजनामा लिइएको नीति किन प्रभावकारी हुन सकेन भन्ने पक्षमा मिहिन समीक्षा आवश्यक हुन्छ। मेधावी जनशक्तिलाई निजामती सेवामा आकर्षित गरी तिनको क्षमता उपयोग तथा सेवापछि समेत अनुभवी व्यक्तित्वको विशेषज्ञता राष्ट्रिय हितमा सदुपयोग गर्न नयाँ विधेयकमा ध्यान पुग्नु आवश्यक छ। निजामती सेवासँग जोडिएका यस्ता तथ्यलाई संस्थागत गर्न यसको सम्बोधनबारे समेत उचित बहस आवश्यक देखिन्छ।

अबको बाटो : लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र भनिएजस्तै कर्मचारीतन्त्रको विकल्प सक्षम र प्रतिस्पर्धी कर्मचारीतन्त्र नै हो भन्नेमा आधुनिक सार्वजनिक प्रशासनका विज्ञ सहमत देखिन्छन्। नीतिगत तथा कानुनी व्यवस्थाले मात्रै शासकीय प्रभावकारिता सिद्ध हुने होइन। तर, निजामती सेवालाई अझ सक्षम, प्रतिस्पर्धी र नवप्रवर्तनकारी निकायका रूपमा अघि बढाउनमा यस्ता व्यवस्थाको सामयिक व्यवस्थापन र कार्यान्वयनको विकल्प छैन। सार्वजनिक प्रशासनमा भित्रिएका नयाँ आयामलाई व्यवहारमा ढाल्न ढिलाइ गरिनु हुँदैन।

संघीय लोकतान्त्रिक गणतन्त्रमा समेत सेवाग्राहीले सामान्य सेवा प्राप्तिका लागि ठूलो मिहिनेत गर्नुपर्ने अवस्था एकातिर देखिन्छ भने पारदर्शिता, जवाफदेहिता र औचित्यजस्ता गुणलाई सेवा प्रवाहमा स्थापित गर्न नसकेको गुनासोलाई उचित सम्बोधन गर्न सकिएको छैन। मुलुकको राष्ट्रिय नीति तथा कानुन कार्यान्वयन गर्ने अति महत्त्वपूर्ण संयन्त्रका रूपमा रहने निजामती सेवामा यस्तो अवस्था कायमै रहनु भनेको हाम्रो समृद्धिको यात्रा अवरुद्ध हुनु हो। संविधानले कल्पना गरेजस्तै संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित बनाउँदै यसलाई थप सुदृढ बनाउन निजामती सेवाको महत्त्वपूर्ण भूमिकालाई सुदृढ र सबल बनाउनु नै अबको मुख्य कार्यभार हो। यसका लागि परिवर्तित परिस्थितिलाई ध्यानमा राखी तीनै तहमा पर्याप्त कानुनी र नीतिगत व्यवस्था गर्नु अपरिहार्य देखिन्छ भने अर्कोतिर भइरहेका व्यवस्थाको कुशल कार्यान्वयनलाई जनमुखी र कानुनी शासनमा आधारित बनाउनु अत्यावश्यक देखिन्छ।

(बस्ताकोटी न्यायपरिषद् सचिवालयका उपसचिव हुन्)

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



संघीयता कार्यान्वयनका दृष्टिले विगतका आठ वर्ष कस्ता रहे ?

संघीयता हाम्रा लागि नौलो अनुभव हो। संघीयतालाई बलियो बनाउन प्रदेशलाई पर्याप्त अधिकार दिनुपर्छ। तर, हामीकहाँ प्रदेशलाई अधिकारसम्पन्न बनाउनतिर भन्दा पनि प्रदेशका अधिकार खोस्नतिर संघको बढी ध्यान गएको देखियो। ०७४ को निर्वाचनपछि औपचारिक रूपमा नयाँ संविधानको कार्यान्वयन सुरु भयो। तर, झन्डै दुईतिहाइको सरकारले पूर्ण कार्यकाल काम गर्न सकेन। दुईदुई पटकसम्म संसद् विघटन भयो। त्यसको असर तलैसम्म पर्‍यो। संघीयतालाई मजबुत बनाउन संघले बनाइदिनुपर्ने अत्यावश्यक कानुन पनि समयमै बनाइदिएन। जनतालाई शासनव्यवस्था या प्रणालीभन्दा पनि 'डेलिभरी' चाहिएको छ। तर, त्यसतर्फ सरकारले ठोस काम गर्न सकेन।

संघीयता बलियो बनाउने दिशामा कामै भएनन् त ?

संघीयता बलियो हुन अन्तर तह समन्वयकारी सम्बन्ध कसिलो हुनुपर्छ। एकअर्को तहको अधिकार क्षेत्र कसैले पनि मिच्न या प्रवेश गर्न हुँदैन। तर, बितेको आठ वर्षको अवधिलाई फर्केर हेर्दा हाम्रो संघ तलका अधिकार मिच्ने या खोस्ने कार्यमा बढी उद्यत देखियो। हाम्रो संसद् चुस्त छैन। स्विट्जरल्यान्डमा राष्ट्रपतिसहित जम्मा सातजनाको क्याबिनेट हुँदोरहेछ। तर, हामीकहाँको अवस्था छलंग छ।


कतै कालो दिवस त कतै हर्षोल्लासको दिवसका रूपमा मनाउने अवस्था अझै किन बाँकी छ ?

संविधानका राम्रा र नराम्रा पाटा पक्कै छन्। राम्रालाई जोगाउँदै नराम्रालाई सच्याउँदै जानुपर्ने हो। तर, हामीकहाँ जिम्मेवार दलहरूले त्यसतर्फ चासो दिएकै छैनन्। त्यसले गर्दा नै यो अवस्था आएको हो।

प्रेरक प्रसंग

बिरामीको सेवा र गुरुभक्ति

अमृतसरमा एक अनुभवी चिकित्सक बस्थे। उनी आफ्नो पेसाप्रति निकै इमानदार पनि थिए। एकपटक उनी गुरु गोविन्दसिंहको दर्शनका लागि आनन्दपुर पुगे। गुरुले उनलाई एक गुरुमन्त्र दिँदै भने- जाऊ, दीनदुःखीको सेवा गर। अन्य कुनै पनि कर्मभन्दा ठूलो र प्राथमिक दायित्व सेवा नै हो। यसैबाट जीवनमा सुखको द्वार खुल्छ। उनी घर फर्किए। पुनः चिकित्साकर्ममा संलग्न भए। जतिखेर जहाँबाट जस्तो अवस्थामा बिरामी आए पनि उनी आफ्नो धर्म सम्झेर सेवा गर्न तत्पर रहन्थे। सबैको प्रेमपूर्वक उपचार गर्थे। एकदिन बिहान सबेरै ती चिकित्सक पूजापाठ सकेर ध्यानमा बसेका थिए। गुरु गोविन्दसिंह उनलाई भेट्न भनी आनन्दपुरबाट उनको घरमै आइपुगे। उनी चुपचाप चिकित्सक ध्यानमा बसेको स्थानमै पुगे। चिकित्सकले गुरु आएको थाहा पाएनन्। उनी ध्यानमै लीन भइरहे। केहीबेरपछि बाहिरबाट कसैले उनको नाम लिएर बोलाए। आगन्तुकको आवाजले चिकित्सकको ध्यान टुट्यो। आगन्तुकले भने- काका गम्भीर बिरामी हुनुभएको छ। हजुरलाई लिन आएको छु। तत्काल जानुपर्‍यो हजुर ! चिकित्सकले आफ्नो अघिल्तिर गुरुलाई पाए। उनलाई विश्वासै भएन। जब, गुरु साँच्चै घरमै आएको विश्वास भयो, उनले गुरुलाई प्रणाम गरे। यति टाढाबाट आफैँलाई भेट्न आएका गुरुको स्वागत, सत्कार र खातिरदारी गर्नु कि बिरामीको उपचारमा जानु ? उनी धर्मसंकटमा परे। तर, एकैछिनमा उनले गुरुले दिएको मन्त्र सम्झिए। गुरुले भनेका थिए- दीनदुःखीको सेवा नै प्राथमिक दायित्व हो। त्यसैले, उनी गुरुसित अनुमति लिएर आगन्तुकसित गए। बिरामीको उपचार गरेर फर्किंदा केही घन्टा बितिसकेको थियो। गुरु उनलाई पर्खिरहेका थिए। घर पुगेपछि उनी गुरुको चरणमा परे। समय दिन नसकेकोमा माफी मागे। गुरुले उनलाई अँगालो हालेर हर्षित हुँदै भने- यसैगरी दीनदुःखी र बिरामीको सेवा नै गुरुको असली सेवा हो। शिष्यको यस्तो कर्मले नै गुरुलाई अधिक खुसी दिन्छ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जनकपुरीको लेख पढेपछि...

१ असोजको नयाँ पत्रिकामा रोशन जनकपुरीको 'शिक्षा, शिक्षक र राजनीति' शीर्षकको लेख पढेँ। हाम्रो देशको निम्नमध्यम वर्गको नियति थियो– ऋणमा जन्मने, ऋणमै जिउने र ऋणमै मर्ने। अहिले निम्न वर्गले अलिअलि पढे पनि तिनका लागि उच्च शिक्षा आकाशको फल बनेको छ। मध्यम वर्गका लागि एक नयाँ नियति तयार भएको छ– सन्तानको शिक्षाका लागि जन्मने, उसकै लागि बाँच्ने र उसैका लागि मर्ने। पश्चिमा केही देशमा सुधार भएको छ। पूर्वमा शिक्षकले राजनीति गर्दैनथे, राजनीतज्ञ निर्माण गर्थे। शिक्षक आफैँ राजनीतिज्ञ बन्न खोज्नु गलत हो। विधेयकका केही प्रावधानमा लेखकको विचार सही छ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

विद्यार्थीको खाजा खोस्नुपर्ने बाध्यता

'बालबालिकाको खाजा खोसेर शिक्षकलाई तलब' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। खासगरी सरकारले पर्याप्त शिक्षक दिन नसकेपछि स्थानीय तह या विद्यालयको आन्तरिक स्रोतबाट थप शिक्षकको व्यवस्था गर्नुपर्ने स्थिति आउँछ नै। दूरदराजका स्कुलको आन्तरिक आम्दानीको कुनै स्रोत हुँदैन। त्यसैले, थप शिक्षकको व्यवस्था गर्न स्कुल प्रशासनले यस्तै स्रोतको व्यवस्थापन नगरी सुखै हुँदैन। त्यसैले बालबालिकाको खाजा खोस्ने अवस्था नआओस् भन्ने हो भने सरकारले आवश्यक शिक्षकको दरबन्दी थपेर शिक्षकको व्यवस्था गरोस्।

● **पूर्णिमा गदाल**
सानोठिमी, भक्तपुर

द्रुत बस सेवा सकारात्मक

उपत्यकामा बुधबारदेखि द्रुत बस सेवा सञ्चालन हुन लागेको समाचार पढ्दा खुसी लाग्यो। तर, एम्बुलेन्सका लागि अलग लेन नभएको हाम्रोजस्तो देशमा द्रुत बस सेवाका लागि छुट्याइएको लेन कति प्रभावकारी होला, आउने दिनले देखाउने नै छ। यदि यो सेवा प्रभावकारी भयो भने आगामी दिनमा अन्य थप सहरमा पनि यस्तो सेवा सञ्चालन गर्न सक्नुपर्छ। साथै, यो सेवा बिहान ९-११ बजेसम्म र साँझ ४-६ बजेसम्म मात्र नभई रातको १२ बजेसम्म सञ्चालन गरिनुपर्छ।

● **सुजन काफ्ले**
सूर्यविनायक, भक्तपुर

देशको शिक्षा प्रणालीबारे सोच्ने कसले ?

नेपालभरका शिक्षक आन्दोलनमा होमिएको देख्दा हाम्रो प्रणाली कस्तो छ, जागिरे जिन्दगीको भरोसा कतिसम्म गर्ने भन्नेमा प्रश्न उब्जिएको छ। हाम्रोजस्तो तेस्रो विश्वको देशमा शिक्षा प्रणाली नै ध्वस्त हुने गरी गरिएका गलत निर्णयले देशलाई सधैँ पछाडि धकेलिरहेको छ। विद्यालय ऐन या शिक्षा ऐन बनाउँदा त्यो समावेशी हुनुपर्ने हो। कर्मचारी र केही शिक्षाविद् बसेर बनाएको ऐनले 'ग्राउन्ड'का शिक्षकलाई कसरी पक्षपोषण गर्न सकोस् ?

शिक्षा क्षेत्रमा हरेक तरिकाले गरिएको आक्रमण अत्यन्तै निन्दनीय छ। देशलाई सुशासन र विकासको लयमा अघि बढाउन शिक्षा क्षेत्र बलियो बनाउनुपर्छ। तर, हाम्रा बजेट र नीति-निर्माताको आँखा सधैँ शिक्षा क्षेत्रविरुद्ध केन्द्रित देखिन्छ। केही मानिस माथि बसेर सधैँ राज गर्ने परम्परा अन्त्य गर्न शिक्षा क्षेत्र बलियो हुनुपर्छ। विद्यालय गएर पढाउनुपर्ने शिक्षक सडकमा आउनुपर्ने बाध्यता सरकारले बनाउनु हुँदैन। शिक्षण पेसालाई मर्यादित र सम्मानित बनाउन सक्नुपर्छ। तर, नेपालको परिस्थिति हेर्दा अबका केही वर्षभित्रै शिक्षकको चरम अभाव देखिने निश्चित छ।

सरकारले नेपालको शिक्षा प्रणालीलाई व्यावहारिक र व्यावसायिक बनाउँदै लाने हो भने शिक्षामा बजेट बढाउनुपर्छ। विज्ञान र प्रविधिको युग छ, तर हाम्रा सरकारी प्रणाली पुरानै अवस्थामा छन्, यसको मूल जड शिक्षा नै हो। आमनेपालीले संविधानमा भनिएजस्तै माविसम्मको शिक्षा प्राविधिक र निःशुल्क गरिनुपर्छ।

● **सञ्जय थापा क्षेत्री**, फलेवास-३, पर्वत
meetusanjay93@gmail=com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

क्यानडा र भारतबीच कूटनीतिक तनावको नालीबेली

क्यानडाले आफ्ना शिख नेताको हत्या मामिलामा भारतको संलग्नता रहेको आरोप लगाएपछि आगामी दिनमा सार्वजनिक एवं कूटनीतिक दुष्परिणाम निम्तिन सक्छ



देश/विदेश

● स्तुति भटनागर

सोमबार क्यानेडेली प्रधानमन्त्री जस्टिन ट्रुडोले एक चर्चित शिख नेता एवं क्यानेडेली नागरिक हरदीपसिंह निज्जरको यही जुनमा भएको हत्याका लागि भारत जिम्मेवार छ भन्ने स्तब्धकारी आरोप लगाएपछि दुई मुलुकबीच कूटनीतिक चिसोपना बढेको छ। ट्रुडोले क्यानेडेली सरकारले भारतका विदेश गुप्तचर निकायका वरिष्ठ अधिकारीलाई निष्कासन गरेको जानकारी गराए। भारतले पनि कडा शब्दमा आरोपको खण्डन गर्दै तनावलाई थप पेचिलो बनाउने गरी क्यानडाका उच्चस्तरका कूटनीतिज्ञलाई निकाल्यो।

खालिस्तान आन्दोलन : भारतीय राज्यको पन्जाबलाई स्वतन्त्र शिख राज्य खालिस्तान (खाल्सा भूमि) बनाउने मागमा नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्दै निज्जरलाई भारत सरकारले सन् २०२० मा 'आतंकवादी' करार गरेको थियो। वास्तवमा खालिस्तान आन्दोलनको इतिहास जटिल भए पनि यो मुलतः पृथक् शिख राज्यका लागि गरिएको आन्दोलन हो। स्वतन्त्र भारतमा शिख समुदायले व्यहोरेको आर्थिक, सामाजिक एवं राजनीतिक असन्तुष्टिका कारण सन् १९८० को दशकमा खालिस्तान आन्दोलन चुलिएको थियो।

सन् १९४७ मा भारत र पाकिस्तान विभाजनमा पन्जाबको विभाजन हुँदा शिख समुदायमा भय र असन्तुष्टि देखिएको थियो। यो समुदायले आफूलाई मुसलमान बाहुल्य पाकिस्तान र हिन्दू बाहुल्य भारतमा विभाजित गराएको ठानेका थिए। सन् १९६६ मा भारतमा पन्जाब फेरि एकपटक भाषिक आधारमा विभाजित भयो, जहाँ हिन्दीभाषी राज्य हरियाणा बन्यो। कृषि उत्पादनमा सुधार ल्याउन सन् १९६० को दशकको अन्त्यतिर भएको हरित क्रान्तिले पनि पन्जाबका शिख प्रभावित भए। उसो त हरित क्रान्तिले पन्जाबलाई आर्थिक रूपमा लाभ पुर्‍याए पनि सम्पत्तिको असमान वितरण, गैरकृषि विकासको अभाव र कृषिनीतिमा केन्द्र सरकारको एकाधिकारका कारण शिख असन्तुष्ट थिए। पन्जाबबाट बग्ने सतलज नदीलाई छिमेकी हरियाणा र राजस्थानमा पथान्तरणले पनि शिखमाझ असन्तुष्टि निम्त्यायो। यी सबै असन्तुष्टिलाई सन् १९७० को दशकको अन्त्यताका शिख उपदेशक जर्नेल सिंह भिन्ड्रनवालेले उठाएका थिए र उनले सरकारले शिख समुदायप्रति विभेद गरेको र नियतवश शिख पहिचानको अवमूल्यन गरेको आरोप लगाएका थिए। लगत्तै भिन्ड्रनवाले पन्जाबका एक चर्चित राजनीतिक नेता बने र अमृतसरमा रहेको शिख समुदायको पवित्रतम स्वर्ण मन्दिरलाई उनले हतियार सुसज्जित किल्ला बनाउँदै समानान्तर सत्ता चलाए। भिन्ड्रनवाले र लडाकु कार्यकर्तालाई स्वर्ण मन्दिरबाट हटाउन सन् १९८४ मा भारतीय सेनाले अप्रेसन ब्लुस्टार कारबाही चलायो। यसले पवित्र धार्मिक स्थलमा क्षति पुगेपछि मुलुकभित्र र बाहिरका शिख समुदाय थप क्रुद्ध बने।

सन् १९८४ मा भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीलाई उनकै शिख अंगरक्षकले हत्या गरेपछि राजधानी दिल्लीमा चलेको हिंसामा सरकारी आँकडाअनुसार दुई हजार सात सयभन्दा बढी शिख मारिए। पन्जाबमा पृथकतावादी आन्दोलन दमन गर्न हिंसात्मक एवं अत्याचारी पहरेदारी अपनाइएको थियो। सन् ०२०-२१ मा नयाँदिल्लीमा भएको किसान आन्दोलनमा पन्जाब शिख समुदायको बाहुल्य थियो र यसले फेरि एक खालिस्तान मुद्दालाई सतहमा ल्याइदियो। पन्जाबमा रहेका खालिस्तान समर्थक आन्दोलन ब्युँताउन पैरवी गर्न थालेका थिए। किसान आन्दोलनलाई अवैध देखाउन सरकारी अधिकारीले समेत खालिस्तानी आन्दोलनको सम्भावना औँल्याएका थिए। भारत सरकारले वर्षौंदेखि निर्वासनमा रहेका खालिस्तानी समर्थकलाई भारतमा अशान्ति फैलाउन पाकिस्तानले



तस्बिर : इयारिल डिक/एपी

शरण दिने गरेको आरोप लगाउँदै आएको छ।

कहाँनेर जोडिन्छ क्यानडा ? : खालिस्तान आन्दोलन सुरुवाती समयदेखि नै अन्तर्राष्ट्रिय प्रकृतिको थियो। अमृतसरमा भएको भारतीय सेनाको कारबाही र सन् १९८४ को शिखविरोधी हिंसाले शिखमाझ नमेटिने छाप छोडेको थियो। यसले भारतको सरहदसमेत पार गरेको थियो। खालिस्तान आन्दोलनका समर्थक विशेषतः क्यानडा, बेलायत र अस्ट्रेलियामा देखिए। क्यानडा पन्जाबपछि सबैभन्दा बढी शिख जनसंख्या भएको क्षेत्र हो। र, शिख समुदायले क्यानडामा उल्लेख्य राजनीतिक प्रतिनिधित्वसमेत पाएको छ।

सन् १९८५ मा टोरोन्टोदेखि लन्डनका लागि उडेको एयर इन्डियाको जहाजमा तीन सय २९ जनाको ज्यान लिने गरी भएको बम हमलाका लागि क्यानडाका शिख संगठन जिम्मेवार रहेको आरोप लगाउने गरिन्छ। भारत सरकारले ओटावालाई बारम्बार 'खालिस्तानी आतंकवादी र उग्रवादी'लाई खुला छुट दिएको आरोप लगाउँदै आएको छ। सन् २०१९ मा क्यानडामा ट्रुडोले क्यानडाको मौजुदा आतंककारी खतरासम्बन्धी सार्वजनिक प्रतिवेदनबाट खालिस्तान र 'शिख उग्रवाद'लाई हटाएको भन्दै भारत सरकार क्रुद्ध बनेको थियो। हालैका वर्षमा दिल्लीले क्यानडा, बेलायत, अस्ट्रेलिया र अन्य मुलुकमा खालिस्तानका लागि हुने स्वतन्त्र जनमतसंग्रहप्रति आपत्ति जनाउँदै आएको छ। यिनै कारणले पनि भारत-क्यानडा सम्बन्धमा चिसोपना आइरहेको छ। हालैका दिनमा ओटावाले पृथकतावादी समूहलाई पोसेको भन्दै नयाँदिल्लीले व्यापार सम्झौतासम्बन्धी वार्ता स्थगित गरेको थियो। जी-२० बैठकमा भारत र क्यानडाबीच देखिएको चिसोपना पनि यसैको कडी थियो।

अमेरिका, अस्ट्रेलिया र इन्डो-प्यासेफिक क्षेत्रका अन्य मुलुकसँगको निकट सम्बन्धका कारण भारत मानवअधिकार उल्लंघनसम्बन्धी आलोचना छल्न सफल भएको थियो। अवस्था यही रहन्छ वा रहन्न, भन्न सकिँदैन। अस्ट्रेलियाले निज्जरको हत्यामा भारतको संलग्नताको आरोपलाई लिएर 'गम्भीर रूपमा चिन्तित' भएको जनाएको छ। बेलायत सरकारका प्रवक्ताले आरोपलाई 'गम्भीर'को संज्ञा दिएका छन्, तथापि बेलायत र भारतबीचको व्यापार सम्झौतामा कुनै असर नपर्ने जनाएका छन्। यो आरोपका कारण आगामी महिनामा सार्वजनिक एवं कूटनीतिक दुष्परिणाम निम्तिन सक्ने सम्भावना भने देखिन्छन्।

(भटनागर अस्ट्रेलियन नेसनल विश्वविद्यालयकी एसियाली सुरक्षा मामिलाकी शोधकर्ता हुन्)

द कन्भर्सेसनबाट

बाल यौन दुर्व्यवहारलाई फस्टाउन दिइरहेका छन् ठूला प्रविधि कम्पनी

प्रविधि कम्पनीसँग बालबालिकाको सुरक्षाका लागि आवश्यक प्रतिरक्षा निर्माण गर्न सीप र संसाधन दुवै छन् । यसका लागि उनीहरूसँग नभएकोचाहिँ लगानी र परिचालनको इच्छाशक्ति मात्र हो ।



• मिए कोहियामा

(बाल अधिकारकर्मी कोहियामा ब्रेभ मुभमेन्टकी सहसंस्थापक हुन्)



बाल्यकालको दिमागबाट यौनहिंसाको आघात कहिल्यै मेटिँदैन । मलाई यो कुरा थाह छ, किनभने म पाँच वर्षको छँदा एक वयस्क नातेदारले मलाई बलात्कार गरेका थिए । त्यो दुर्व्यवहारले मलाई दमित स्मृतिको अँध्यारो कुवामा धकेलेको थियो । स्नायुतन्त्रीय संयन्त्रले कलिलो मस्तिष्कलाई त्रासदीको स्मृति ढाकछोप गरिदिन्छ । अर्थात त्रासद सम्झनाहरू वास्तवमा बिर्सिएका हुँदैनन्, तिनलाई पछिका लागि केही समय छेउ लागेको मात्र हुन्छ ।

वहन गरेका यी भयानक भारबाट अचेत भएरै म किशोरावस्थामा गएँ । तर, कुनै न कुनै तरिकामा मेरो शरीरलाई के भएको थियो भनेर थाहा थियो, शरीर र भावनालाई नियन्त्रण गर्न म निकै थोरै खान्थेँ । मलाई फोबिया भयो । दुःस्वप्नहरू आए । मलाई रिस नियन्त्रण गर्न कठिन भयो । स्कुलमा मेरो एकाग्रतामा कमी भयो । मैले कुलतसँग लड्नुपऱ्यो । म भरोसापूर्ण र मायालु सम्बन्धमा प्रवेश गर्न सकिनँ ।

जब म ३७ वर्षकी भएँ, बलात्कारका ती घटनाको स्मरण ताजा हुँदै गयो । म यसलाई निको पार्न लामो उपचारात्मक, न्यायिक र व्यक्तिगत परीक्षणबाट गुज्रिएँ । म अहिले ५१ वर्षकी भएँ । अन्ततः मलाई शान्ति महसुस भएको छ । म बाल अधिकारकर्मी र ब्रेभ मुभमेन्टको सह-संस्थापक हुँ । बाल्यकालमा हुने यौनहिंसा अन्त्य गर्न म अन्य सर्भाइभर (पीडित) र सहयोगीसँग मिलेर काम गर्छु ।

आज मेरो अभियानको एउटा मुख्य केन्द्रबिन्दु ठूला प्रविधि कम्पनीलाई विश्वभरका करोडौँ मानिसले दैनिक रूपमा प्रयोग गर्ने प्लाटफर्ममा बाल यौन शोषणका सामग्रीको प्रसारविरुद्ध कारबाही गर्न दबाब दिनु भएको छ । सन् १९७० को दशकमा जब ममाथि दुर्व्यवहार भयो, त्यतिबेला इन्टरनेटको अस्तित्व नै थिएन । त्यसैले मेरा आफन्तले ममाथि गरेका यौन अपराध कुनै सामाजिक सञ्जालमा भाइरल हुने सम्भावना थिएन । तर पनि ईन्टनेटको डरले मलाई पछ्याउन छाडेन । म बलात्कृत भएको दशकौँपछि सन् १९९० को दशकमा मेरा ती आफन्त इन्टरनेटको लती भएछ । ऊ घन्टौँ इन्टरनेटमा बिताउने रहेछ । उसले अनलाइनबाट बाल यौन दुर्व्यवहार सामग्री (सिएसएएम)हरूमा पहुँच पाएको र सेयर गरेको हुन सक्ने चिन्ताले मलाई आजसम्म पनि गम्भीर बनाउँछ । त्यस यता प्रविधिले धेरै प्रगति गरेको छ, तर बालबालिकाका लागि सुरक्षाका उपायमा केही गरिएको छैन भन्ने तथ्यले मलाई आक्रोशित बनाउँछ । जब मलाई दुर्व्यवहार गरियो, मेरो पीडा यति ठूलो थियो कि मेरो दिमागले त्यसलाई दमित बनायो । के तपाईं इन्टरनेटमा आफूमाथिको दुर्व्यवहारका सामग्री भाइरल भएका बालबालिकाको अनुभव कल्पना गर्न सक्नुहुन्छ ? आज, करोडौँ बालबालिका पुनः आघातको अन्त्यहीन दुश्चक्रमा फसेका छन् ।

> यस विश्वव्यापी संकटको अन्त्यका लागि निर्णायक कदम चाल्नुपर्ने वेला आएको छ । सामाजिक सञ्जाल, प्रविधि र भिडियो गेम कम्पनीले बढीभन्दा बढी नाफाका लागि बालबालिकाको सुरक्षालाई दाउमा लगाइरहेका छन् । बाल्यकालमा हुने यौन हिंसालाई बढवा दिने उत्पादन र सेवा निर्माण गरिरहेका छन् ।

'नेसनल सेन्टर फर मिसिङ एन्ड एक्सप्लोयटेड चिल्ड्रेन साइबर ट्रिपलाइन'ले सन् २०२२ मा मात्र विश्वभरबाट बाल यौन शोषणका शंकास्पद सामग्रीका तीन करोड २० लाखभन्दा बढी रिपोर्ट प्राप्त गरेको थियो । हामी डार्क वेबको एक कुनामा छिपेका अपराधीको सानो संख्याबारे कुरा गरिरहेका छैनौँ । अनलाइन बाल यौन दुर्व्यवहार व्यापक बनेको छ ।

इनफ इज इनफ, अब त अति भयो । यस विश्वव्यापी संकटको अन्त्यका लागि निर्णायक कदम चाल्नुपर्ने वेला आएको छ । सोसल मिडिया, टेक्नोलोजी र गेमिङ कम्पनीले बढीभन्दा बढी नाफाका लागि बालबालिकाको सुरक्षालाई दाउमा लगाइरहेका छन् । बाल्यकालमा हुने यौनहिंसालाई बढावा दिने उत्पादन र सेवाहरू निर्माण गरिरहेका छन् ।

युवा तथा बालबालिकासहित सबैका लागि मनोरञ्जन, सम्पर्क र अवसरका स्रोत बन्ने भएकाले प्रविधि अविश्वसनीय सुखद अनुभव हुने गर्छ । तर, खेलौना, कार, लुगाफाटा र अन्य व्यापक रूपमा प्रयोग गरिने उत्पादन बनाउनेहरूको जस्तै यी टेक्नोलोजीका निर्मातामा पनि आफ्ना प्रयोगकर्तालाई हानि नपुगोस् भनेर सुरक्षा र चेकजाँचका संयन्त्र निर्माण गर्ने जिम्मेवारी छ । प्रविधि कम्पनी र ती शक्तिबाट जोगाउनु, व्यवसायबाट हानि-नोक्सानी र शोषणबाट बचाउनु, मानव अधिकारको रक्षा गर्नु सरकारको जिम्मेवारी होइन भने उनीहरू केका लागि हुन् ?

एक फ्रान्सेली नागरिक र एक पीडितका रूपमा, मलाई रिपोर्ट गरिएका सिएसएएमको ६० प्रतिशतभन्दा बढी सामग्री युरोपेली संघबाट होस्ट गरिएको कुरा एकदमै असह्य लाग्छ ।

युरोपेली नेताहरूले यसलाई रोक्न सक्छन् र रोक्नैपर्छ । प्रस्तावित 'इयू रेगुलेसन टु प्रिभेन्ट एन्ड कम्ब्याक्ट चाइल्ड सेक्सुअल अब्युज अफलाइन एन्ड अनलाइन'ले सेवा प्रदायकलाई उनीहरूका प्लाटफर्ममा बाल यौन दुर्व्यवहारको रिपोर्टलाई अनिवार्य बनाउँछ र सिकारीहरूलाई न्यायको कठघरामा ल्याउन अधिकारीहरूलाई सचेत गराउँछ । करोडौँ बालबालिकालाई आजीवन आघातबाट बचाउने यो अद्वितीय अवसर हो । संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, अफ्रिकी संघ र अन्य देशमा बाल यौनहिंसाको मुद्दा राजनीतिक एजेन्डा बनिरहेको यो समयमा इयूसँग बालबालिकाहरूको सुरक्षा गर्ने र टेक कम्पनीहरूलाई जवाफदेही बनाउने शक्तिशाली अवसर छ ।

त्यसैले, युरोपेली सरकारहरू साहसी र निडर हुन आवश्यक छ । हामीले उनीहरूलाई शंका गर्ने, विरोध गर्ने र अवरोध गर्नेहरूको सामना गर्न अझ अग्लो भएर उभिनु आवश्यक छ । यसर्थ, यो प्रस्ताव युरोपेली संसद्मा बहसको महत्त्वपूर्ण चरणमा पुगेसँगै ब्रेभ मुभमेन्टका पीडित, युवा अभियन्ता र सहयोगीहरूले ब्रसेल्स र युरोपभर सामूहिक कदम चालिरहेका छन् । हामी आज बालबालिका र सर्भाइभरहरूलाई प्राथमिकतामा राखिएको कुरा सुनिश्चित गर्न ब्रसेल्समा छौं । हामी प्रस्तावित यो कानुनलाई ठूला प्रविधि कम्पनी र तिनका समर्थकको धम्कीको प्रभाव पर्न अनुमति दिनेछैनौं ।

जब म आफूले भोगेका कुरा र वर्षौंसम्मका त्यसका आघातबारे सोच्छु, मैले सम्झिने कुरा के हुन्छ भने, 'जब म बलात्कृत भएँ, इन्टरनेटको अस्तित्व नै थिएन ।' यौन दुर्व्यवहारमा परेका र त्यसपछि इन्टरनेटमा त्यो दुर्व्यवहारको सामग्री प्रसारको आघात भोगेका सर्भाइभरहरूलाई म चिन्छु । एउटी सानी केटीलाई तिनका बाबुले वर्षौंसम्म बलात्कार गरे । ती अपराधका तस्बिरहरू इन्टरनेटमा लाखौँपटक प्रसारित भएका छन् । उनी अहिले ३० वर्षकी भइसकेकी छिन् । उनलाई आफूलाई मानिसहरूले सडकमा चिन्ने हुन् कि भन्ने डरले सधैं सताउने गर्छ । त्यसैले उनी बिरलै घरबाहिर निस्किन्छिन् ।

ती सर्भाइभर र ती बालबालिकाका लागि म अहिले ब्रसेल्समा मेरा सर्भाइभर भाइबहिनीसँगै छु । हामी यहाँ युरोपेली संसद् र इयूका सदस्य राष्ट्रहरूलाई 'हामी तपाईहरूलाई हेरिरहेका छौं । हामीलाई निराश नबनाऊ, यी बालबालिकालाई असफल नबनाऊ' भन्न आएका छौं ।

- अलजजिराबाट

इतिहासमा आज



सन् १९९३ : रुसी राष्ट्रपति बोरिस यल्त्सिनले संसद् विघटन गरेर विद्यमान संविधानलाई अमान्य घोषणा गरेपछि रुसमा संवैधानिक संकट सुरु भयो । विघटित संसद्का सदस्यले काम रोक्न नमानेपछि यल्त्सिनले संसद् भवनमा तोप हान्न लगाएका थिए ।

सन् १३२७ : इंग्ल्यान्डका राजा एडवर्ड द्वितीयलाई उनकै श्रीमती इसावेलाको आदेशमा हत्या गरियो । एडवर्ड द्वितीय मारिनुभन्दा केहीअघि रानी इसावेलाको प्रयासमा सत्ताच्युत भएका थिए ।

सन् १५२० : सलिम प्रथमका छोरा सुलेमान प्रथम कन्स्टान्टिनोपल केन्द्रित ओटोमन सुल्तान बने ।

सन् १८६६ : विज्ञान आख्यान लेखनमा निकै नाम चलेका एचजी वेल्सको आजकै दिन जन्म भएको थियो । उनका द टाइम मेसिन, द इनभिजिबल म्यान र द वार अफ द वर्ल्ड लोकप्रिय कृति मानिन्छन् ।

सन् १९३७ : जेआरआर टोल्किनको विश्व चर्चित उपन्यास 'द होबिट'को पहिलो संस्करण प्रकाशित ।

सन् १९८१ : बेलिज संयुक्त राज्य अमेरिकाको शासनबाट पूर्ण स्वतन्त्र भयो ।

सन् १९९१ : आर्मेनियाले सोभियत संघबाट स्वतन्त्रता हासिल गऱ्यो ।

सन् १९९९ : ताइवानमा आएको भूकम्पले २४०० भन्दा बढीको ज्यान लियो भने ११ हजार तीन सय पाँचलाई घाइते बनायो ।

सन् २००३ : वृहस्पतिको वायुमण्डलको अध्ययनका लागि पठाइएको ग्यालिलियो अन्तरिक्ष मिसन समाप्त भयो ।

भारतबाट धेरै पछि परेकोमा पाकिस्तानका पूर्वप्रधानमन्त्रीको चिन्ता

इस्लामाबाद / पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफले पाकिस्तान सरकारको आलोचना गरेका छन् । स्वदेश फर्किनुअघि लाहोरमा भेला भएका पार्टीका नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै पाकिस्तान मुस्लिम लिगका प्रमुखसमेत रहेका सरिफले देशको वर्तमान आर्थिक स्थिति नाजुक हुनुमा सत्तासीन नेता जिम्मेवार रहेको बताए । 'छिमेकी देश भारत चन्द्रमामा पुगिसक्यो । उसले आर्थिक रूपमा सबल देशका नेताहरूको साझा मञ्च जी-२० शिखर बैठक आयोजना गरिसक्यो । हामी भने राज्य सञ्चालनका निम्ति रकम नभएर यो देश र त्यो देशसँग सहायता माग्न हिँडिरहेका छौं,' नेता सरिफले सम्बोधनका क्रममा भने ।

पूर्वप्रधानमन्त्री सरिफले देशलाई अहिलेको आर्थिक स्थितिमा पुऱ्याउने सबै 'अपराधी' भएको बताए । सन् १९९० मा आफूले प्रारम्भ गरेको आर्थिक सुधारका नीतिलाई भारतले समेत पछ्याएको बताउँदै 'अटलविहारी बाजपेयी प्रधानमन्त्री हुँदा भारत सरकारसँग एक अर्ब डलर मात्र थियो, तर अहिले भारतसँग ६ खर्ब डलर राज्यकोशमा छ । हामी भने एक अर्ब डलर ऋण कसैले दिन्छ भन्दै हिँडिरहेका छौं । हामी भारतले जस्तै किन प्रगति गर्न सक्दैनौं,' सरिफले प्रश्न गरे । बेलायतमा निर्वासित जीवन बिताइरहेका पूर्वप्रधानमन्त्री सरिफ आगामी कात्तिक ४ गते स्वदेश फर्कने उनको पार्टीले बताएको ।

पुटिनको आह्वानपछि काराबाखमा युद्धविराम घोषणा

मस्को / अर्मेनियाली पृथकतावादी र अजरबैजानबीच केही दिनदेखि भड्किएको हिंसा रोक्ने युद्धविराम सम्झौता भएको छ । युद्धविराम घोषणाअघि नागोर्नो-काराबाखमा जारी द्वन्द्वको 'शान्तिपूर्ण' समाधानका लागि पुटिनले आह्वान गरेका थिए । मस्को भ्रमणमा रहेको चीनका विदेशमन्त्री वाङ यीसँगको भेटमा पुटिनले यस तनाबारे टिप्पणी गर्दै भनेका थिए, 'येरेभानका अधिकारी, स्टेपानेकर्टका (पृथकतावादी काराबाख) अधिकारी र बाकुमा द्वन्द्वका सबै पक्षसँग निकट सम्पर्कमा छौं । मलाई आशा छ कि हामी तनाव कम गर्न सक्छौं र यस समस्याको समाधान शान्तिपूर्ण मार्गबाटै टुंगोमा पुऱ्याउनेछौं ।

अजरबैजानले बुधबार नागोर्नो-काराबाखको विवादित क्षेत्रमा पृथकतावादीले हतियार



बिसाउन र पुनः एकीकरण वार्ता गर्न सहमति जनाएपछि आफ्नो सैन्य कारबाही रोकेको घोषणा गरेको थियो ।

चिनियाँ आवासीय विद्यालयमा १० लाख तिब्बती बालबालिका !



• डा. ग्याल लो

(लो शिक्षा समाजशास्त्री हुन्)

सन् २०१८ को मार्चमा, संसद्को वार्षिक बैठकमा राष्ट्रपति सी चिनफिङले भनेका थिए, 'मूलभूत समाजवादी मूल्यले यस सबै जातीय समूहको साझा आध्यात्मिक घरमा पनि माहोल तयार गर्नुपर्छ र मानिसहरू, विशेषगरी बालबालिकाहरूमा समेत यसको पक्षपोषण गर्नु आवश्यक छ'



सन् २०१६ को नोभेम्बरको अन्त्यताका एक दिन मेरा भाइले चिन्तित हुँदै फोन गरे । उनी मलाई उनका नाति-नातिनीको चेकजाँच गरिदिनुपर्ने भनिरहेका थिए । 'केही अनौठो भइरहेको छ,' उनले भने । त्यसबखत ती कलिला नाति-नातिनी क्रमशः चार र पाँच वर्षका थिए, जो चिनियाँ सरकारले स्थापना गरेको बोर्डिङ प्रि-स्कुल(आवासीय पूर्वप्राथमिक विद्यालय)मा केहीअघि मात्रै भर्ना भएका थिए । तिब्बती पठारको उत्तरपूर्वी कुनोमा रहेको मेरो गृहनगर कानल्होमा अवस्थित उनीहरूको त्यस नयाँ स्कुल बेइजिङका प्रि-स्कुलहरूको सञ्जालकै एक हिस्सा थियो । यी स्कुलले तिब्बती बालबालिकालाई आफ्नो परिवार र समुदायबाट अलग गरेर चिनियाँ संस्कृतिमा समाहित गर्छन् । म आफैंले तिब्बतका तीनवटा प्रिफेक्चरमा यस्ता लगभग १६० स्कुल गनेको छु ।

यी साना नानीहरूले स्कुल सुरु गरेको तीन महिना मात्र भएको थियो, तर उनीहरूले आफूलाई तिब्बती पहिचानबाट अलग्याउन थालिसकेका मेरो भाइले वर्णन गरे । सप्ताहिक बिदामा उनीहरू स्कुलबाट आफ्नो घर-परिवारमा फर्कदा घरको खाना खान रुचाउँदैनथे । उनीहरूमा हाम्रो बौद्ध परम्पराप्रति चासो कम हुन थालेको थियो । तिब्बती भाषा पनि कम बोल्न थालेका थिए । सबैभन्दा डरलाग्दो त के भने उनीहरू भावनात्मक रूपमा हाम्रो परिवारबाट टाढिँदै गइरहेका थिए । 'केही गरिएन भने मैले उनीहरूलाई गुमाउन सक्छु,' मेरो भाइले चिन्तित हुँदै भने ।

म केही दिनपछि सप्ताहन्तमा ती नानीहरूलाई लिन उनीहरूको स्कुल गएँ । स्कुलको ढोकाबाट बाहिर निस्केपछि मलाई देखेर उनीहरूले हात हल्लाए, तर खासै कुराकानी भने गरेनन् । जब हामी घर पुग्यौं, अघि-अघिजस्तो यी नानीहरूले आफ्ना आमाबाबुलाई अँगालो हालेनन् । उनीहरूले आफू-आफूबीच मन्डारिन मात्र बोले, परिवारसँग रातिको भोजन गर्दा पनि अधिकतर चुपचाप नै बसे । यस्तो लाग्थ्यो, उनीहरू आफ्नै घरमा अपरिचितजस्तो भएका थिए ।

जब मैले यी नानीहरूलाई स्कुलको बारेमा सोधैं, जेठीले स्कुलको पहिलो दिन धेरै केटाकेटीले आफ्नै सुरुवालमा दिसा-पिसाब गरेका थिए भनेर बताइन् । उनीहरू मन्डारिन मात्र बोल्ने र बुझ्ने शिक्षकहरूसँग कुराकानी गर्न नसकेर आत्तिएका थिए रे !

> सन् १९८५ मा तिब्बतभित्र स्थापना गरिएका बोर्डिङ स्कुलका अतिरिक्त, बेइजिङले आफ्नो अन्तरदेशीय स्कुलिङ कार्यक्रम ल्यायो, जसले तिब्बती विद्यार्थीलाई मुख्य भूमि चीनका बोर्डिङ स्कुलमा पठाउँछ ।

चीन सरकारले तिब्बतमाथि नियन्त्रण र वैधता कायम गर्ने आफ्नो ७० वर्ष लामो प्रयासलाई निरन्तरता दिइरहेको छ । यसैक्रममा उसले राजनीतिक नियन्त्रण हासिल गर्न शिक्षालाई रणभूमिका रूपमा प्रयोग गर्न थालेको छ । सरकार बालबालिकालाई तिनका परिवार र परिचित परिवेशबाट अलग गरेर सजिलै नियन्त्रण र तोडमोड गर्न सकिने विषय र चिनियाँ भाषामा मात्रै पढाइ हुने आवासीय विद्यालयमा भर्ना गरेर तिब्बतको युवापुस्तालाई चिनियाँ कम्युनिस्ट पार्टीमा बफादार बनाउने चाल चालिरहेको छ ।

आज यी बोर्डिङ स्कुलमा चारदेखि १८ वर्ष उमेर समूहका लगभग १० लाख बालबालिका अध्ययनरत छन्, जुन तिब्बती बालबालिकाको कुल संख्याको लगभग ८० प्रतिशत हो । यीमध्ये कम्तीमा एक लाख बालबालिका मेरा भतिजीजस्तै केवल चार वा पाँच वर्षका छन् ।

यी साना नानीहरूको कथा सुनेपछि मैले मेरो भाइलाई उसले उनीहरूलाई पढ्न नपठाए के हुन्छ भनेर सोधैं । उसले आँसु झाऱ्यो । यो नयाँ नीतिको अवज्ञा गर्नुको अर्थ सरकारी सुविधाबाट आफ्नो नाम कालोसूचीमा राख्नु हो । यी नयाँ विद्यालयको विरोध गर्नेहरूले भयानक परिणाम भोग्नुपरेको उनले बताए ।

उनीसँग अर्को कुनै विकल्प पनि थिएन । हुन त तिब्बती बालबालिकाका लागि चिनियाँ बोर्डिङ स्कुलहरू सन् १९८० को दशकको सुरुवातदेखि नै सञ्चालन हुँदै आएका हुन्, तर केही समयअघिसम्म पनि यहाँका अधिकांश विद्यार्थी माध्यमिक र उच्च माध्यमिक विद्यालयमा पढ्थे । सन् २०१० को आसपासबाट सरकारले आवासीय पूर्वविद्यालयको नयाँ लहरको तयारीस्वरूप हाम्रो गृहनगरसहित गाउँका स्थानीय विद्यालय बन्द गर्न थाल्यो । त्यसपछि प्राथमिक विद्यालयका लागि पूर्वप्राथमिक विद्यालय पढेकै हुनुपर्ने बनाइयो । तर, धेरैजसो नयाँ बोर्डिङ स्कुलहरू बालबालिकाका घरबाट टाढा छन् । बालबालिकालाई यी स्कुलमा भर्ना गर्न इन्कार गर्नुको अर्थ उनीहरू शिक्षाविनै हुर्किनुपर्नेछ, पहिले नै सीमान्तकृत ती बालबालिका अर्थव्यवस्थाबाट थप सीमान्तकृत हुनेछन् ।

आफ्नो परिवारमा देखिएको यस्तो परिवर्तनबाट व्यथित भएर त्यसपछिको केही वर्षमा मैले चीनले किङ्घाई, सिचुआन र गान्सु प्रान्त भन्ने उत्तरी र पूर्वी तिब्बतका ५० भन्दा बढी आवासीय पूर्वप्राथमिक विद्यालयको भ्रमण गरैं । तीन वर्षको फिल्डवर्क अनि विद्यार्थी, अभिभावक र शिक्षकसँगको भेटघाटका दौरान मैले जे पत्ता लगाएँ, त्यो मैले कल्पना गरेकोभन्दा खराब थियो । मैले आफ्नो मातृभाषा बोल्न नसक्ने स-साना तिब्बती नानीबाबुहरूलाई भेटैं । यी विद्यालयले अभिभावकीय भ्रमणलाई कडाइका साथ नियन्त्रण गर्छन् । केही अवस्थामा स्कुले केटाकेटीले प्रत्येक ६ महिनामा एकचोटि मात्र आफ्नो परिवारलाई भेट्न पाउँछन् । छात्रावास, खेल मैदान र शिक्षकका कार्यालयको निगरानी सघन थियो । मैले कक्षाकोठामा निगरानी क्यामेराहरू जडान गरिएको देखें । निःसन्देह शिक्षकहरूमध्ये धेरैजसो तिब्बती भाषा र संस्कृतिको कुनै पृष्ठभूमि नभएका युवा चिनियाँ स्नातक थिए । यी विद्यालयले केवल सिसिपी-अनुमोदित पाठ्यपुस्तक मात्रै प्रयोग गर्थे ।

यसक्रममा मैले घुमन्तेहरूको सहर जोर्गेमा अवस्थित एउटा स्कुलको भ्रमण गरेको थिएँ । घरको यादले एकदमै निरासिएको एउटा बच्चाले निकै मलीन स्वरमा मसँग यसो भन्यो, 'जब रात पर्छ अनि जब म आफ्नो काम गर्न सक्दिनँ, मलाई मेरी आमा र हजुरबा, हजुरामाको एकदमै याद आउँछ ।' मेरो गाउँकी एउटी महिला, जसका ससाना छोराछोरीहरू बोर्डिङ स्कुलमा थिए, उनले मलाई यसो भनिन्, 'खेतबारीमा दिनभरि काम गरेर थकित भएर घर फर्किंदा म आफ्ना चार-पाँच वर्षका छोराछोरीलाई अँगालो हाल्न चाहन्छु । तर, उनीहरू यहाँ छैनन् ।' आफ्नो विछोडको पीडालाई निको पार्न उनी र उनको गाउँका अन्य जवान आमाहरूको एक समूहले ल्हासाको १२ सय किलोमिटर लामो पैदलयात्रा गरेको थियो ।

एकजना गाउँलेले मलाई यसो भने, 'सरकार हाम्रो होइन भनेर हामीलाई थाहा छ । जब अधिकारीहरू हाम्रो सहरमा आउँछन्, उनीहरूलाई हाम्रो भाषा वा हामीसँग कसरी कुराकानी गर्ने भन्नेसमेत थाहा हुँदैन ।' अर्को एकजनाले चाहिँ यस्तो प्रश्न गरे, 'जे भइरहेको छ, त्यसलाई रोक्न सकेनौं भने हाम्रो भाषा र संस्कृति कसरी बाँच्न सक्ला र ?'

तिब्बती संस्कृति मेट्न बेइजिङले विद्यालयको प्रयोग गर्नु कुनै नौलो कुरा होइन । सांस्कृतिक क्रान्तिको समयमा पनि सरकारले थुप्रै स्कुलमा तिब्बती भाषाको शिक्षामा प्रतिबन्ध लगाएको थियो । त्यसपछि, सन् १९८५ मा तिब्बतभित्र स्थापना गरिएका बोर्डिङ स्कुलका अतिरिक्त, बेइजिङले आफ्नो अन्तरदेशीय स्कुलिङ कार्यक्रम ल्यायो, जसले तिब्बती विद्यार्थीलाई मुख्य भूमि चीनका बोर्डिङ स्कुलमा पठाउँछ । चीनको जातीय नीतिविज्ञ जेम्स लिबोल्ड यी विद्यालयलाई कसरी चिनियाँ हुने, कसरी चिनियाँ तौरतरिका, सोचाइ र जीवनशैलीअनुरूप हुने भनेर प्रशिक्षित गर्ने सैन्य शैलीको बुट क्याम्पका रूपमा वर्णन गर्छन् । यी विद्यालयमा सन् २००५ सम्ममा २९ हजार तिब्बती विद्यार्थीले अध्ययन गरिसकेका थिए ।

यो प्रवृत्ति थप तीव्र भएको छ, अझ साना बच्चामा पुगेको छ । सन् २०१८ को मार्चमा, संसद्को वार्षिक बैठकमा राष्ट्रपति सी चिनफिङले भनेका थिए, 'मूलभूत समाजवादी मूल्यले यस सबै जातीय समूहको साझा आध्यात्मिक घरमा पनि माहोल तयार गर्नुपर्छ' र 'मानिसहरू, विशेषगरी बालबालिका र किन्डरगार्टनहरूमा समेत यसको पक्षपोषण गर्नु आवश्यक छ ।'

युवा तिब्बतीहरूलाई उनीहरूको संस्कृतिबाट अलग गर्ने बेइजिङको यस प्रयासप्रति अन्ततः वासिंटनको ध्यानाकर्षित भएको छ । गत महिना अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले 'तिब्बती बालबालिकालाई सरकारी बोर्डिङ स्कुलमा जबर्जस्ती भर्ना गराउने' कार्यमा संलग्न चिनियाँ अधिकारीमाथि अमेरिकाले भिसा प्रतिबन्ध लगाउने घोषणा गरेका थिए । क्यानडा र अस्ट्रेलियाजस्ता अन्य देशले औपनिवेशिक बोर्डिङ स्कुलहरूको आफ्नो इतिहास स्मरण गर्ने र उनीहरूले पनि ब्लिंकेनकै पदचिह्न पछ्याउने अपेक्षा गर्न सकिन्छ । किनकि चीनले उत्साहपूर्वक मेरो मातृभूमिमा तीनै भयावह स्थिति दोहोऱ्याउँदै छ ।

म अन्तर्राष्ट्रिय ध्यानाकर्षणले बेइजिङलाई आफ्नो नीतिमा पुनर्विचार गर्न र मेरा ती नातेदारजस्ता ससाना बालबालिकालाई बदल्ने कार्य रोक्न बाध्य पार्नेछ भन्ने आशा मात्र गर्न सक्छु । वर्षौंको फिल्डवर्कपश्चात्, म तिब्बती संस्कृतिको भविष्यका लागि अत्यन्त चिन्तित छु । किनकि धेरैभन्दा धेरै बालबालिका चिनियाँ बन्न बाध्य हुँदै गए यो संस्कृति बिस्तारै लोप हुनेछ र मैले जानेको र संवर्द्धन गरेको तिब्बती संस्कृति भावी पुस्ताका लागि जीवित रहनेछैन । मलाई चिन्ता छ, उनीहरू आफ्नै घरमा, आफ्नै मातृभूमिमा आफ्नो पहिचानप्रति सदासर्वदा अपरिचित भएर हुर्किनेछन् ।

- न्युयोर्क टाइम्सबाट

अर्थतन्त्रमा कहाँ छैनन् समस्या ?

बाह्य अर्थतन्त्रमा विप्रेषण प्रवाह र आयातमा गरिएको कडाइले केही सुधार भएको देखिन्छ, तर यी सुधार क्षणिक मात्रै हुन्



अर्थ संवाद

● कृष्णमणि पराजुली

नेपालको अर्थतन्त्रको संरचना करिब ५१ खर्बको छ । यति सानो संरचना भएको अर्थतन्त्रमा धेरै समस्या छन् । अर्थतन्त्र उकास्ने प्रमुख पक्ष भनेका सरकार र निजी क्षेत्र नै हुन् । अस्थिर राजनीतिको कारणबाट कुनै पनि दलले पूर्ण अवधि सरकार चलाउन सकिरहेका छैनन् । परिणामस्वरूप राष्ट्रिय नीति कमजोर भएका छन् । राजनीतिले अरू नीतिलाई डोऱ्याउने भए पनि अहिले राजनीति नै कमजोर भएकाले राष्ट्रिय दृष्टिकोणबाट महत्त्वपूर्ण कतिपय नीति निर्माण हुन सकिरहेका छैनन् भने निर्माण भएका नीति पनि कार्यान्वयन हुन नसकेको अहिलेको अवस्था हो ।

सुदृढ अर्थतन्त्रको प्रमुख घटक भनेको सरकार हो । सरकारले निर्माण गर्ने वित्त नीतिमा कमीकमजोरी देखिएका छन् । बजेट तर्जुमा नै हचुवा किसिमबाट हुने गरेको छ । आम्दानी र खर्चमा सामञ्जस्य हुन सकेन भने निर्धारित लक्ष्य प्राप्त गर्न सकिँदैन । सरकारले गर्ने आम्दानी भनेको राजस्व, वैदेशिक अनुदान, वैदेशिक ऋण र आन्तरिक ऋण नै हुन् । एकातिर सरकारले लक्ष्यअनुसारको आम्दानी गर्न सकेको छैन भने अर्कोतिर खर्च पनि भएको छैन । यस अवस्थामा पूर्वनिर्धारित लक्ष्य हासिल नहुने कुरा स्वाभाविक नै हुन आउँछ ।

अर्थतन्त्र खस्कँदै जानुमा मूलतः ०७२ सालको भूकम्प, कोभिड महामारी र रुस-युक्रेन युद्धलाई अघि सारे पनि यति नै मात्र होइनन् । अर्थतन्त्रका अधिकांश अवयव कमजोर नै छन् । अन्तर्राष्ट्रिय जगत्मा नै अर्थतन्त्र कमजोर भएकाले उनीहरूबाट उपलब्ध हुने वैदेशिक अनुदान निरन्तर घट्दै गएको छ । अहिले नेपालले प्राप्त गर्ने भनेको वैदेशिक ऋण नै हो । वैदेशिक ऋण पनि खर्च गर्न सकिरहेका छैनौं । खर्च गरेको रकम शोधभर्ना प्राप्त नभएर नेपाल सरकारको कोषमा दबाब सिर्जना भएको छ । कतिपय योजना कार्यान्वयन इकाइले शोधभर्ना माग नगरेको हुनाले पनि सरकारी आम्दानी र खर्चमा तालमेल हुन सकेको छैन ।

आर्थिक वर्ष ०७९/८० मा १४ खर्ब रुपैयाँ राजस्व प्राप्त हुनेछ भनी अनुमान गरियो । तर, ९ खर्बभन्दा बढी प्राप्त भएन । त्यस्तै गरी कुल पुँजीगत बजेटको ६१ प्रतिशतभन्दा बढी खर्च हुन सकेन । पुँजीगत बजेट नै खर्च गर्न सकिँदैन भने जनतालाई दिइने सेवा र विकास निर्माण कार्यमा ह्रास आउनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ ।

विकासका लागि पुँजीगत खर्च बढी हुनुपर्छ । तर, केही वर्षदेखि विकास खर्चभन्दा चालूगत खर्च धेरै हुने गरेको छ । यसले के देखाउँछ भने विकास खर्चलाई हाम्रो अर्थतन्त्रले प्राथमिकतामा नराख्दा यो ओझेलमा परेको छ । यस्तो अवस्था आउनुलाई अर्थशास्त्रीय दृष्टिकोणबाट राम्रो मानिँदैन । साथै, पुँजीगत खर्च बढाउनुपर्नेमा चालूगत खर्च बढ्दै गयो भने अनुत्पादक खर्चको बाहुल्यता हुने गर्छ । यसले अर्थतन्त्रलाई धक्का दिनेछ ।

त्यसैगरी, सरकारले गर्ने खर्च मितव्ययी हुन सकेको छैन । सरकारबाट प्रवाह हुने सेवा महँगा भएका छन् । अन्तर्राष्ट्रियस्तरमा नै वस्तु तथा सेवा महँगो हुँदा आयातित वस्तु तथा सेवा स्वतः महँगा छन् । आयातमा आधारित अर्थतन्त्र भएकाले कच्चा पदार्थ, खाद्य सामग्री, प्रविधि तथा निर्माण उपकरणजस्ता वस्तु खरिदको बाह्य भुक्तानीमा ठूलो रकम खर्च हुने गरेको र आयातित वस्तु वृद्धि हुँदा अर्थतन्त्रमा असर परेको छ ।

अहिले देशको अर्थतन्त्र धान्ने काम विप्रेषणले गरेको छ । राष्ट्रिय बजेट खर्चको हाराहारीमा करिब १२-१३ खर्ब विप्रेषणबाट प्राप्त हुने गरेको छ । यदि यो रकम प्राप्त नहुँदो हो त बाह्य अर्थतन्त्रमा ठूलो दबाब आउन सक्थ्यो । देशको अर्थतन्त्र मजबुत भएको अवस्थामा वैदेशिक रोजगारीलाई प्रोत्साहन गर्ने कुरा राम्रो हुन्थ्यो । सस्तो श्रम बेचेर प्राप्त गरेको आम्दानी पनि उत्पादनको क्षेत्रमा लगानी हुन सकेको छैन । जीवन निर्वाहका लागि मात्र विप्रेषणको रकम खर्च गर्ने हो भने देशको अर्थतन्त्र बेलुन फुलेसरह हुनेछ । जुनसुकै अवस्थामा विस्फोट हुन सक्छ ।

बुझ्नुपर्ने कुरा के भने, विप्रेषणबाट आउने सबै रकम वैधानिक बाटोबाट आएको छैन । हुन्डीजस्ता अवैध मार्गबाट प्रवेश गर्ने हुँदा यसले पनि अर्थतन्त्रमा समस्या सिर्जना गरेको छ । विप्रेषणबाट आउने सम्पूर्ण रकमलाई वैधानिक बाटोबाट भित्र्याउन सकियो भने यसले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान दिन सक्नेछ ।

अहिले अर्थतन्त्रको स्थायी शत्रु भनेको भ्रष्टाचार हो । यसलाई नियन्त्रण गर्न सकिएको अवस्था छैन । ठूला-ठूला भ्रष्टाचारका काण्डले देशको ढुकुटीलाई दोहन गरेको अवस्था छ । चर्चित ललितानिवास जग्गा प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, १०० केजी सुन तस्करी प्रकरणजस्ता काण्डले त अर्थतन्त्रमा झनै समस्या सिर्जना गरेका छन् ।

विदेशी मुद्रामा परेको दबाब कम गर्न आयातलाई नियन्त्रण गरे पनि चोरी निकासी नियन्त्रण गर्न नसक्दा रोक लगाइएका वस्तुहरू पनि सजिलै बजारमा उपलब्ध हुने गरेका छन् । जसले गर्दा एकातिर अवैध कारोबार बढ्दै गएको छ भने अर्कोतर्फ सरकारले प्राप्त गर्नुपर्ने राजस्व प्राप्त हुन सकेको छैन । गैरसरकारी संघसंस्थाहरूले भित्र्याउने कतिपय अनुदान रकम पनि वैधानिक बाटोबाट नआउने हुँदा अहिले अनौपचारिक क्षेत्र हावी हुँदै गएको भनिन्छ । अनौपचारिक क्षेत्र हावी हुँदै गयो भने अर्थतन्त्रमा जोखिम नआउला भन्न सकिँदैन ।

अर्थतन्त्र उकास्ने अर्को मुख्य पक्ष भनेको निजी क्षेत्र हो । अर्थतन्त्रको ८० प्रतिशत हिस्सा यस क्षेत्रले ओगटेको छ । यस्तो अवस्था हुँदाहुँदै पनि यही क्षेत्र धराशायी भएको छ । उद्योगी व्यवसायीहरू व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा छन् । अहिले उनीहरूलाई आर्थिक संकट परिरहेको छ । बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम भएर पनि चर्को ब्याजदरका कारण व्यवसायीहरूले स्वीकार नगरेको अवस्था छ । निजी क्षेत्रले बैंकबाट प्रवाह हुने कर्जामा ब्याज घटाउनुपर्ने माग राखेको पनि लामो अवधि भइसकेको छ । तर, सरकारले माग पूरा गर्ने कुनै पहलकदमी नचाल्दा उद्योगधन्दा तथा कलकारखानाले गति लिन सकिरहेका छैनन् । यसरी नै अर्थतन्त्र चलिरहने हो भने देशमा आर्थिक संकट नआउला कसरी भन्न सकिन्छ ?

सरकारी र निजी क्षेत्र दुवै संकटग्रस्त भएको अहिलेको अवस्थालाई कसैगरी नकार्न सकिन्न । बाह्य अर्थतन्त्रमा विप्रेषण प्रवाह र आयातमा गरिएको कडाइले केही सुधार भएको देखिन्छ । तर, यी सुधार क्षणिक हुन् । किनकि, विप्रेषणको निरन्तरता सधैं नहुन सक्छ र आयात खुकुलो गर्दा ह्वात्तै वस्तु तथा सेवामा वृद्धि हुने हुन्छ । परिणामस्वरूप विदेशी मुद्रामा चाप बढ्छ । अहिलेको अवस्थामा अर्थतन्त्रमा सुधार ल्याउन त्यति सहज छैन । व्यवसायीलाई आफ्नै व्यवसायमा विश्वास छैन । सरकार परिवर्तन हुनासाथ नीति परिवर्तन हुन्छन् । विदेशी प्रत्यक्ष लगानी प्रभावित भएको कारण लगानी घट्दो अवस्थामा छ । चर्को ब्याजदरले कर्जाको माग खुम्चिएको छ । घट्दो निर्यात र बढ्दो आयातले व्यापार घाटा बढ्दो छ । निर्माणकार्यले गति लिन सकिरहेको छैन । निर्माण व्यवसायीले सम्पन्न गरेका कामको भुक्तानी पाउन सकेका छैनन् ।

जग्गा कित्ताकाट फुकुवा गरेर अर्थतन्त्र चलायमान हुन्छ भनिए पनि बजार चलायमान हुन सकिरहेको छैन । मूल्यवृद्धि र मुद्रास्फीतिले सीमा नाघिसकेको छ । जनताको दैनिकी कष्टकर बन्दै गएको छ । मुद्राको क्रयशक्ति गिर्दो अवस्थामा छ । बजारमा सामान किनमेल गर्न जाने गृहिणीहरूले खाली झोला फिर्ता ल्याउनुपर्ने अवस्था छ ।

अर्थतन्त्र खस्कँदै गए पनि यसलाई लयमा ल्याउन भने नसकिने होइन । मुख्य प्रश्न राजनीतिक प्रतिबद्धता हो । अस्थिर सरकारका अस्थिर नीतिका कारणले गर्दा व्यवसायी पनि लगानी गर्न विश्वस्त हुन सकेका छैनन् । अमेरिकी लगानीकर्तालेे नेपालमा भ्रष्टाचार नभए लगानी आउन सक्छसम्म भनेका थिए । त्यसकारण नेपालमा भएका भ्रष्टाचारसँग विश्व समुदाय पनि जानकार छन् भन्ने बुझ्न सकिन्छ ।

देशको अर्थतन्त्र प्रबल बनाउन विदेशीको मुख ताक्नुभन्दा पनि स्वदेशी उत्पादन बढाउनुपर्छ । स्वदेशी उत्पादन बढाउन सकियो भने आन्तरिक उत्पादनले विदेशी उत्पादनलाई विस्थापित गर्न सक्छ । आन्तरिक उत्पादनले एकातिर स्वदेशी उद्योगधन्दा दिगो र स्थायी हुन सक्छन् भने अर्कोतर्फ सरकारलाई राजस्व पनि प्राप्त हुन जान्छ । त्यसकारण सर्वप्रथम राज्यले आन्तरिक उत्पादनमा वृद्धि गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनुपर्दछ ।

कृषिप्रधान देश भए पनि कृषिमा आत्मनिर्भर हुन सकेको छैन । करिब ६७ प्रतिशत जनसंख्या कृषिमा लागेको तथ्यांक छ र कुल गार्हस्थ्य उत्पादनमा २४ प्रतिशत योगदान भए पनि यो क्षेत्र उपेक्षित नै छ । बिउ, मल, सिँचाइ, कृषि उपकरणजस्ता आधारभूत कुराको सधैं हाहाकार भइरहन्छ । ऊर्जाशील युवा जनशक्ति विदेश पलायन भएको छ । उनीहरूले पठाएको विप्रेषणले देशको अर्थतन्त्र धानिएको छ । गाउँघरका खेतबारी बाँझो हुँदै गएका छन् । कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान १५ प्रतिशत भए पनि यस क्षेत्रमा विभिन्न समस्या छन् । पर्यटन र विप्रेषणमा केही सुधार भए पनि पर्याप्त भने छैनन् । त्यसकारण भन्न सकिन्छ- अर्थतन्त्रमा समस्या कहाँ छैन ?

(पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन्)



> देशको अर्थतन्त्र सबल बनाउन स्वदेशी उत्पादन बढाउनुपर्छ । स्वदेशमै उत्पादन हुँदा एकातिर उद्योगधन्दा दिगो र स्थायी हुन्छ भने अर्कोतर्फ सरकारले राजस्व पनि प्राप्त गर्छ ।

अर्थ इतिहास

नेपालको पर्यटन इतिहास

नेपालमा पञ्चवर्षीय राष्ट्रिय विकास योजना प्रथमपटक सन् १९५५ मा बनेको थियो, जसको अवधि सन् १९५६ देखि १९६० रह्यो । त्यो पहिलो योजनाले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औंल्याएको थियो । सरकारका तर्फबाट नेपालमा पहिलोपटक राष्ट्रिय संस्थाको रूपमा 'पर्यटन विकास बोर्ड'को सन् १९५७ मा स्थापना गरिएको थियो । त्यसैगरी, सन् १९५८ मा तत्कालीन 'शाही नेपाल वायुसेवा निगम' (हाल नेपाल वायुसेवा निगम) को स्थापना भयो भने सन् १९५९ मा 'पर्यटन विभाग' स्थापना गरियो । सन् १९७८ मा आएर नेपालकै पहिलो 'पर्यटन ऐन' बन्यो ।

यसैगरी, सन् १९६९ सम्म आइपुग्दा पर्यटनलाई नेपालको अर्थतन्त्रको एक प्रमुख अंग मानी त्यसका लागि दीर्घकालीन योजना बन्नुपर्ने कुरामा जोड दिन थालियो । फलस्वरूप त्यसै वर्ष 'पर्यटन विकास समिति' पनि गठन गरियो । त्यसैको अग्रसरतामा सन् १९७२ मा पहिलोपटक नेपालको राष्ट्रिय पर्यटन गुरुयोजना तयार भएको थियो । त्यसका लागि नेपाललाई (तत्कालीन) पश्चिम जर्मनी सरकारले सहयोग गरेको थियो ।



स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

बिजनेस @



डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

संसद्मा दर्ता शिक्षा विधेयकमा परिमार्जन जरुरी छ । सरकारी ढुकुटीको ठूलो रकम खर्चिएको सरकारी विद्यालयको शिक्षा कसरी गुणस्तरीय बनाउने र शिक्षामा मुनाफाखोर व्यापारलाई कसरी बन्देज गर्ने भन्ने अहिलेको मूल मुद्दा हो । विधेयकले यो मुद्दा ठीक हिसाबले सम्बोधन गरेको देखिएन ।

प्रतापजंग पाण्डे, उद्यमी



यही अवस्था रहिरहने हो भने अब प्रायः उद्योग तथा सेवा क्षेत्र बन्द भई बैंकले लिलामी गर्ने र रोजगारदाताले रोजगारी कटौती गरी सरकारले राजस्व गुमाउने खतरा बढ्दै गएको छ । अब युवा तथा विद्यार्थी मात्र हैन, व्यवसयी नै पलायन हुने भए ।



नवराज अधिकारी, पत्रकार

१३.४ किलोमिटर सडकको यात्रा गर्न ४५ मिनेट लगाउने अर्थात् प्रतिघन्टा झन्डै १८ किलोमिटर कुद्ने सवारीलाई द्रुत सेवा भनेर उत्सव मनाउनु पऱ्या छ । समृद्धि र प्रगतिमा पनि यही नियम लागू भएर त होला नि देश पछि परेको ।

अंक र अर्थ

एमसिसी प्रसारण लाइनमा कुन कम्पनीको कति वित्तीय प्रस्ताव ? (रकम करोड डलरमा)

कम्पनी	लट-एक	लट-दुई	लट-तीन
कल्पतरु पावर ट्रान्समिसन लिमिटेड	२३.३१	१४.७८	
केइसी इन्टरनेसनल लिमिटेड		१६.३९	१९.९७
ट्रान्सरेल लाइटिङ लिमिटेड	१३.१५		
टाटा प्रोजेक्ट्स लिमिटेड		१०.५४	१२.९
लार्सन एन्ड टर्बो लिमिटेड	२१.८८		२६.१२

नोट : लट एक (लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा), लट दुई (रातमाटे-न्यु दमौली) र लट तीन (न्यु दमौली-बुटवल-नेपाल-भारत सीमा)

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

वैदेशिक व्यापार घाटा व्यहोर्दै देश

व्यापार घाटा नेपालको वैदेशिक व्यापारको विशेषताजस्तो भएको छ, निर्यातको तुलनामा आयात उच्च हुँदा देशले घाटा व्यहोर्नुपरेको छ



● डा. सुमनकुमार रेग्मी

विगत केही वर्षको वैदेशिक व्यापार : नेपालको वैदेशिक व्यापार सुरुदेखि सन् १९५० को दशकमा दुई छिमेकी देश भारत र चीन तिब्बतसँगको व्यापारदेखि सन् २००४ मा विश्व व्यापार संगठनको सदस्य देश भएपछि पनि निर्यात गर्ने वस्तु संरचनामा खासै परिवर्तन आएको छैन ।

आर्थिक वर्ष (आव) ०७८/७९ मा व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड रुपैयाँ भएको थियो । आव ०७८/७९ मा २ खर्ब रुपैयाँ कटेको निर्यात व्यापार ०७९/८० मा एक खर्ब ५७ अर्ब १४ करोड रुपैयाँमा सीमित हुन गयो । यसरी कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा ०७८/७९ मा ९.४३ प्रतिशत रहेकोमा आव ०७९/८० मा ८.८८ प्रतिशतमा सीमित भयो । निर्यातमा ०७८/७९ को तुलनामा २१ प्रतिशतले कमी आउनु दुःखद विषय हो ।

त्यस्तै, आव ०७८/७९ को तुलनामा सनफ्लावर आयातमा भारतले भन्सार दर घटायो । जसले गर्दा निर्यात कम भयो र आयात-निर्यातमा असर पऱ्यो । आव ०७९/८० को सुरुदेखि सरकारले आयातमा कडाइ गर्दा १६ खर्ब ११ अर्ब ७३ करोडको वस्तु आयात भएको देखिन्छ । तर, ०७८/७९ मा अझ बढी १९ खर्ब २० अर्ब ४४ करोडको वस्तु आयात भयो ।

कुल वैदेशिक व्यापार ०७८/७९ मा २१ खर्ब २० अर्ब ४७ करोड रहेकामा ०७९/८० मा भने १७ अर्ब ६८ अर्ब ८७ करोड रुपैयाँमा झरेको देखिन्छ । आयातमा सबैभन्दा ठूलो हिस्सा इन्धनजन्य पदार्थ छ । ०७९/८० मा दुई खर्ब ८१ अर्ब ७३ करोड रुपैयाँबराबरको इन्धनजन्य पदार्थ आयात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ । अब इन्धनको कुरा गरौं । आव ०७८/७९ मा तीन खर्ब ८ अर्बको इन्धन आयात भएकोमा ०७९/८० मा आयात १३ प्रतिशतले घटेको देखिन्छ । कुल आयातमा इन्धन पदार्थको हिस्सा १७.४७ प्रतिशत छ भने यसपछि क्रमशः फलामका वस्तु, मेसिनरी पार्टपुर्जा, इलेक्ट्रोनिक र इलेक्ट्रिक वस्तु तथा खाद्यान्नलगायतका वस्तु छन् । निर्याततर्फ भने पाम आयल शीर्ष स्थानमा छ । आव ०७९/८० मा २० अर्ब ५० करोडको पाम तेल भारत निकासी भएको छ । कुल निकासीमा पाम तेलको हिस्सा १३.०४ प्रतिशत छ । यसैगरी, दोस्रो स्थानमा कटन र पोलिस्टर धागो तथा तेस्रो स्थानमा ऊनीको गलैंचा छ । नेपालबाट ०७९/८० मा बढी निकासी हुनेमा फलाम र फलामे वस्तु, भटमासको तेल, अलैंची, जुट, तयारी पोसाक, जुस, उलन फेल्ट रहेको छ ।

नेपाल-चीन-भारत व्यापार : नेपालले निर्यातमा त घाटा बेहोरेकै छ, व्यापार घाटा पनि उस्तै छ । छिमेकी देश भारतसँगको व्यापार घाटा ९ खर्ब र चीनसँगको व्यापार घाटा सवा दुई खर्ब देखिन्छ । भारतसँगको व्यापारमा नेपालले एक खर्ब २१ अर्ब १६ करोड घाटा बेहोरेको छ । आव ०७९/८० मा भारतबाट १० खर्ब २७ अर्ब ८४ करोडको आयात गर्दा एक खर्ब सात अर्ब ६८ करोडको निर्यात गरेको देखिन्छ । यस्तै, आव ०७८/७९ मा भारतसँग १० खर्ब ४४ अर्ब ९३ करोड व्यापार घाटा थियो भने चीनसँग दुई खर्ब ६३ अर्ब ९७ करोड थियो । आगामी वर्षमा वैदेशिक व्यापारलाई सुधार्न लजिस्टिक कर घटाउने, स्वदेशमै उत्पादन हुने अवस्था बनाउनुपर्ने तथा आन्तरिक वितरण व्यवस्थामा सुधार गर्नुपर्ने देखिन्छ ।



> वैदेशिक व्यापार विवरण नियाल्दा नेपालले निकासी प्रवर्द्धनका आधार पहिल्याउन आवश्यक देखिन्छ । स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिएको छैन ।

रुस-युक्रेन युद्धका कारण नेपालको वैदेशिक व्यापारमा असर परेको भन्दै त्यसकै कारण उपभोग्य वस्तुका माग कम भई समग्र व्यापारमा प्रभाव देखिएको बताइन्छ । दोस्रो ठूलो देश चीनसँगको व्यापार घाटा ०७८/७९ मा दुई खर्ब २० अर्ब ९५ करोड छ । चीनबाट आव ०७९/८० मा २ खर्ब २२ अर्ब ७१ करोडको आयात भएकोमा नेपालले १ अर्ब ७६ करोडको निर्यात गरको छ ।

निर्यातका आधार पहिचान आवश्यक

माथिका वैदेशिक व्यापार विवरण नियाल्दा नेपालले निकासी प्रवर्द्धनका आधार पहिल्याउन आवश्यक देखिन्छ । व्यापार घाटा नेपालको वैदेशिक व्यापारको विशेषताजस्तो भएको छ । निर्यातको तुलनामा आयात अत्यधिक बढी हुँदा व्यापार घाटा सामना गर्नुपरेको छ । नेपालको व्यापारको कुल हिस्सामा निर्यातको अंश ज्यादै न्यून छ । यहाँबाट निर्यात भएका वस्तुमा धागो, ऊनी गलैंचा, जुट उत्पादन, तयारी पोसाक, जुस, उलन फेल्टका उत्पादन, चिया, कुकुरको आहार, पस्मिना सल, कपडा, चाउचाउ, रोजिन र टर्पेनटाइन, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ता-चप्पल आदि छन् ।

देशमै प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ । यसैगरी, जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउनु पनि आवश्यक छ । निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुसरण गरिएको छ । तैपनि उच्च व्यापार घाटा, निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि तत्कालका लागि कमजोर नै देखिन्छ ।

सरकारी तहमा पुँजी निर्माणको कमजोर स्तरका कारण औद्योगिक क्षेत्रमा ठूलो निजी पुँजी आकर्षित गरी निर्यात बढाउन सकिने सम्भावना पनि कम छ । तर, आन्तरिक मागमा आधारित आर्थिक वृद्धि मोडेलमार्फत उच्च आर्थिक वृद्धि गर्न भने सकिन्छ । धेरैजसो निकासीकर्ताका निकाय र नेपाली निकासी उद्यमी कम्पनीले व्यापार अभिवृद्धि गर्न अझ सक्षम बन्न सकेका छैन् । जसकारण निकासीको वातावरण बन्न सकेको छैन । भौगोलिक अवस्थिति, भारतसँगको खुला सिमाना र नेपाल-भारत व्यापार सम्बन्धका कारणले व्यापार अभिवृद्धि हुन सकेको देखिँदैन ।

आव ०६७/६८ देखि ०८०/८१ सम्मको तेह्रौं, चौधौं र पन्धौं, त्रिवर्षीय र पञ्चवर्षीय योजनाले वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा लक्षित रकम मूल्यका बिन्दुमा पुऱ्याउने अपेक्षित प्रतिफल आशा गरिएकोजति विगतमा हुन सकेन । भन्न त ती योजनाले वाणिज्य क्षेत्रमा थप रोजगारीको अवसर सिर्जना गर्ने भनिएको थिए, त्यो पनि उपलब्धिमूलक देखिएन । ती योजनाको अन्तिम समयसम्म व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतबाट लक्षित प्रतिशतमा झार्ने र आयात-निर्यातको अनुपात बढ्न नदिनेसमेत भनिएको थियो । यी प्रतिफल पूरा गर्न वाणिज्य क्षेत्रको पृष्ठभूमिका आधारमा उद्देश्य, रणनीति र कार्यनीति नै तोकिएको थियो । ०७२ को वाणिज्य नीति, २०७३ र पछिको एनटिआइएस तथा ०७३ देखि ०७९ सालसम्म आएको आर्थिक र व्यापारसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका आदिले ०७२ सालपछि बिग्रिएका आर्थिक तथा व्यापारिक क्षेत्रलाई डोऱ्याउँदै आएका छन् ।

(रेग्मी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन्)

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ४ असोज ०८०

डिजिटल पेमेन्टमा 'मोबाइल बैंकिङ'को हिस्सा ३३ प्रतिशत

महिनामै साढे दुई खर्बको कारोबार

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युतीय भुक्तानी (डिजिटल पेमेन्ट) गर्न मोबाइल बैंकिङको प्रयोग सबैभन्दा धेरै हुने गरेको देखिएको छ। चालु आवको पहिलो महिनामा विद्युतीय भुक्तानीसम्बन्धी कारोबार संख्यामा मोबाइल बैंकिङको हिस्सा झन्डै ३३ प्रतिशत देखिएको छ। विद्युतीय भुक्तानीका लागि मोबाइल बैंकिङ, वालेट, क्युआर, कनेक्ट आइपिएस, इन्टरनेट बैंकिङ, आइपिएसलगायतका उपकरण (सेवाप्रदायक) प्रचलित छन्, त्यसमा मोबाइल बैंकिङको प्रयोग सबैभन्दा बढी हुने गरेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ।

राष्ट्र बैंकले बिभिन्न १५ शीर्षका छुट्ट्याएको विद्युतीय भुक्तानीबाट साउनमा कुल नौ करोड ६१ लाख ६२ हजार पाँच सय ६३ पटक कारोबार भएको छ। त्यसमा मोबाइल बैंकिङबाट मात्रै ३ करोड १२ लाख ८१ हजार पाँच सय ४६ पटकको कारोबारमा दुई खर्ब ४२ अर्ब ९१ करोड रुपैयाँको कारोबार भएको छ। नेपाल डिजिटल भुक्तानीको मापनमा मोबाइल बैंकिङ प्रमुख आधार बनाइएको छ।

सन् २००४ देखि नेपालमा मोबाइल बैंकिङ सेवाको सुरुवात भएदेखि हालसम्म मोबाइल बैंकिङ सेवाको दायरा निकै फराकिलो बनेको छ। जसकारण विद्युतीय भुक्तानीमा मोबाइल बैंकिङको प्रयोग बढ्दै गएको राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा भुक्तानी प्रणाली विभागका प्रमुख गुरुप्रसाद पौडेल बताउँछन्। विशेष गरी कोरोनाकालपछि नेपालले डिजिटल भुक्तानीमा फड्को मारेको छ। साथै, राष्ट्र बैंकले पनि यसको विस्तारमा जोड दिएको छ। फलतः नेपालमा पछिल्लो समय डिजिटल भुक्तानी बढ्दै छ, त्यसमा मोबाइल बैंकिङको प्रयोग उच्च छ।

०७८ को जनगणनाअनुसार ७३ प्रतिशत नेपालीले स्मार्ट फोन प्रयोग गर्छन्। साथै, अधिकांश नेपालीसँग बैंक खाता पनि छ। अहिले नेपालमा पाँच करोड ११ लाख ७७ हजारभन्दा बढी बैंक बचत खाता छन्। त्यसमा दुई करोड १६ लाख ९१ हजार खातामा मोबाइल बैंकिङ खाता रहेका छन्।। यसरी पूर्वाधारहरूको पहुँचले पनि मोबाइल बैंकिङको प्रयोग बढ्दो क्रममा रहेको जानकारवाला बताउँछन्।

जोखिम पनि छ

● **गुरुप्रसाद पौडेल,** कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



पछिल्लो समय मोबाइल बैंकिङजस्ता डिजिटल पेमेन्ट उपकरणको प्रयोग बढ्दै गएको छ। तर, त्यसमा जोखिम पनि बढ्दै गएको छ। ह्याक गर्ने, ठगी गर्ने गिरोहले गर्दा आमग्राहकको पैसा लुटिएको पनि छ। तसर्थ, यसमा ग्राहक सचेत हुनुपर्छ। साथै, त्यसलाई नियन्त्रण गर्न राष्ट्र बैंकले पनि सक्दो प्रयास गरिरहेको छ।

अझै धेरै गर्न बाँकी छ

● **सञ्जीव सुब्बा,** अध्यक्ष फिनटेक एलाइन्स नेपाल



डिजिटल भुक्तानीसम्बन्धी उपकरणको विकास द्रुत गतिमा भएको जस्तो देखिन्छ। तर, त्यो भ्रम हो। हामी यसको प्रारम्भिक चरणमा छौँ। तसर्थ, अझै थुप्रै काम गर्न बाँकी छ। यसको सेवा पनि सीमित नै छन्। नयाँ आयामहरूमा हामी जान सकेका छैनौँ। यसमै रमाएका छौँ। साथै, यसले सबै वर्ग, पेसा, उमेर समूह र क्षमताका व्यक्तिलाई समावेश गर्न सकेको छैन। अब यस्तो सेवालाई विविधीकरण गर्ने, समावेशी र इन्नोभेटिभ बनाउने काम गर्नैपर्छ। आशा छ, हुन्छ पनि।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

समग्रमा ग्राहकमैत्री र सुविधाजनक विशेषताका कारण मोबाइल बैंकिङको प्रयोग बढी भएको कार्यकारी निर्देशक पौडेल बताउँछन्। 'भुक्तानीका अन्य माध्यमको तुलनामा मोबाइल बैंकिङ धेरै सजिलो छ। साथै, यसमा कारोबार सीमा पनि बढी छ। त्यसमाथि अहिले अधिकांश नेपालीसँग स्मार्ट फोन छ,' उनले भने, 'साथै, आमग्राहकमा डिजिटल वित्तीय साक्षरतासमेत बढ्दै गएको छ। यी यस्ता कारण मोबाइल बैंकिङको प्रयोग बढ्दै गएको छ।'

नेपाल इलोक्ट्रोनिक पेमेन्ट सिस्टम (नेप्स)का प्रमुख कार्यकारी अधिकृत तथा फिनटेक एलाइन्स नेपालका अध्यक्ष सञ्जीव सुब्बा पनि डिजिटल पेमेन्टमा मोबाइल बैंकिङको प्रयोग बढी हुने गरेको बताउँछन्। छिटो, छरितो र सरल रूपमा भुक्तानी गर्न सकिने हुँदा यसको प्रयो बढी भएको उनको भनाइ छ।

■ **सुविधा छैनन् पर्याप्त**

यसरी पछिल्लो समय डिजिटल भुक्तानीमा मोबाइल बैंकिङको प्रयोग बढ्दै गएको छ। तर, अन्तर्राष्ट्रिय बजारको तुलनामा यसको सुविधा भने निकै कम भएको फिनटेक एलाइन्सका अध्यक्ष सुब्बा बताउँछन्।

■ **डिजिटल भुक्तानीका प्रमुख उपकरणको साउनको कारोबार संख्या**

भुक्तानीका उपकरण	साउनको कारोबार संख्या
आरटिजिएस	६९,५६८
इसिसी	१,०१४,१५६
आइपिएस	६८६,०७९
कनेक्ट आइपिएस	५,२७५,८२४
डेबिट कार्ड	११,६०९,९१४
क्रेडिट कार्ड	२८५,२०७
इन्टरनेट बैंकिङ	३२३,८७९
मोबाइल बैंकिङ	३१,२८१,५४६
वालेट	२२,२०५,९४७
क्युआरबेस्ड पेमेन्ट	११,२५७,३८८

स्रोत : राष्ट्र बैंक

डिजिटल वित्तीय सेवामा नेपालमा प्रारम्भिक चरणमा रहेको उनको भनाइ छ।

'यसै पनि डिजिटल पेमेन्टमा मोबाइल बैंकिङ भन्ने शब्द नै पुरानो भइसक्यो। त्यसमाथि पनि यसमा सुविधा निकै कम छ। अब सबै सुविधा एकै ठाउँमा भएको उपकरण ल्याउन नेपाल अघि बढ्नुपर्छ,' उनले बताए। साथै, यसको सेवा विस्तारमा पनि जोड दिनुपर्ने उनको भनाइ छ।

■ **चार महिनामा भएको मोबाइल बैंकिङ कारोबार**

महिना	कारोबार संख्या
वैशाख	२७,४२४,७३२
जेठ	२९,२१०,३२२
असार	२८,९०३,८७२
साउन	३१,२८१,५४६

नेपालको मोबाइल बैंकिङको सुविधा भुक्तानीसम्बन्धी कार्यमा मात्रै सीमित छ। तर, अब सबै सुविधा एकै ठाउँमा भएको अर्थात् एग्रिगेटर रूपमा 'सुप्पर एप', ओम्नी च्यानलजस्ता उपकरण सञ्चालनमा आउनुपर्ने सुब्बा बताउँछन्। 'उदाहरणका लागि एउटै एपबाट कुनै अस्पतालको डाक्टरको टिकट (समय) बुक गर्ने, त्यसबाटै निजको शुल्क पेमेन्ट गर्ने, त्यसमै मेडिकल रिपोर्ट आउने, त्यसमै औषधिको विवरण आउनेलगायतका सम्पूर्ण काम गर्न सक्ने हुनुपर्छ,' उनले भने, 'अहिले कुनै एक अनलाइन प्लेटफर्मको एप तथा वेबबाट सामान अर्डर गरिन्छ। तर, त्यसको भुक्तानी गर्न अर्को एप्स (मोबाइल बैंक, वालेटलगायत) प्रयोग गर्नुपर्छ। यसरी त कहिलेसम्म चल्छ ? सबै सुविधा एकै ठाउँमा भएको डिजिटल उपकरण अब आउनुपर्छ।' साथै, त्यो समावेशी हुनुपर्ने पनि उनले बताए।

■ **बढ्दै छ क्युआर बेस्ड पेमेन्ट**

पछिल्लो समय क्युआरमा आधारित भुक्तानीको संख्या पनि पनि उच्च दरमा बढ्दै गएको छ। एक वर्षअघिसम्म अन्यको तुलनामा क्युआरमा आधारित भुक्तानी संख्या निकै पछि थियो। तर, पछिल्लो समय यस्तो भुक्तानी संख्या उच्च दरमा बढेको छ। साउनमा मात्रै क्युआरमा आधारित एक करोड १२ लाख ५७ हजार तीन सय ८८ वटा भुक्तानी भएको छ। कुल विद्युतीय कारोबारमा यसको स्थान चौथो नम्बरमा छ। गत आवको साउनमा ४६ लाख ७२ हजार ५६ वटा यस्तो कारोबार भएको थियो।

पाँच वर्षदेखि ठप्प नेपाल–चीन ऊर्जा संयन्त्र बैठक

प्रधानमन्त्रीको चीन भ्रमणबाट सम्बन्ध सुधारको अपेक्षा



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको हुँदै गरेको चीन भ्रमणबाट चिसिएको नेपाल-चीन ऊर्जा सम्बन्धमा सुधार आउने सरकारको अपेक्षा छ। ऊर्जा मन्त्रालयका एक उच्च अधिकारीले यो भ्रमणबाट ऊर्जा सम्बन्धमा सुधार आउने बताए। 'लामो समयदेखि ऊर्जा संयन्त्रको बैठक हुन सकेको छैन। तर, प्रधानमन्त्रीको भ्रमणले ऊर्जा सम्बन्धमा सुधार आउने अपेक्षा गरेका छौँ,' उनले बताए।

पूर्वसचिव देवेन्द्र कार्कीले पनि प्रधानमन्त्रीको भ्रमणबाट नेपाल-चीन ऊर्जा सम्बन्धलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्ने बताउँछन्। 'यस मामिलामा चीनका गुनासा के हुन्, त्यसलाई हामीले सम्बोधन गर्ने प्रयास गर्नुपर्छ। त्यो विषयलाई यही भ्रमणबाटै सम्बोधन गर्नुपर्छ,' उनले भने, 'कसरी हुन्छ, नेपाल-चीनको ऊर्जा सम्बन्धलाई यही भ्रमणबाट नयाँ दिशामा लैजानुपर्छ।' लगानी, विद्युत् आदानप्रदान, प्रसारण लाइन निर्माणजस्ता विषयमा पनि नेपाल पक्षले जोड दिनुपर्ने उनको भनाइ छ।

नयाँ पत्रिका

नेपाल र चीनबीच ऊर्जामा सहकार्य गर्न बनेको संयुक्त ऊर्जा संयन्त्रको बैठक पाँच वर्षदेखि ठप्प छ। ११ र १२ असोज ०७५ मा काठमाडौँमा नेपाल-चीन ऊर्जा संयन्त्रको पहिलो बैठक भएको थियो। त्यसपछि ऊर्जा संयन्त्रको थप बैठक भएको छैन। सोही बैठकले ऊर्जा संयन्त्रको दोस्रो बैठक चीनमा आयोजना गर्ने निर्णय गरेको थियो। मिति भने तय गरिएको थिएन। पहिलो बैठक सम्पन्न भएको वर्ष नै कोरोना देखिएपछि दोस्रो बैठक आह्वान गर्न नसकेको सरकारी अधिकारीहरू बताउँछन्। तर, कोरोना सकिएको झन्डै दुई वर्ष बित्दासमेत ऊर्जा संयन्त्रको दोस्रो बैठक हुन सकेको छैन।

यसबीचमा भारतसँग १० र अर्को मित्रराष्ट्र बंगलादेशसँग पाँचवटा ऊर्जासचिवस्तरीय बैठक भइसकेको छ। पछिल्लो समयमा ६-६ महिनामै ऊर्जासचिवस्तरीय बैठक हुन थालेका छन्। तर, उत्तर छिमेकी मुलुकसँग ऊर्जा बैठक नहुँदा नेपाल र चीनबीचको ऊर्जा सम्बन्ध राम्रो नदेखिएको पूर्वसचिव देवेन्द्र कार्की बताउँछन्।

५-१० असार ०७५ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणमा ऊर्जामा सहकार्य गर्ने समझदारी भएको थियो। सोही भ्रमणमा तत्कालीन ऊर्जामन्त्री वर्षमान पुन र चिनियाँ समकक्षीले समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। सोहीअनुसार ऊर्जा संयन्त्रको पहिलो बैठक असोज ०७५ मा भएको थियो। बैठकलाई नेपालको तर्फबाट तत्कालीन ऊर्जासचिव अनुपकुमार उपाध्याय र चीनका तर्फबाट इन्टरनेसनल इकोनोमिक डिपार्टमेन्टका उपमहानिर्देशक ही याङले नेतृत्व गरेका थिए।

बैठकमा दुवै पक्षले आ-आफ्नो देशको विद्युत् प्रणालीको परिदृश्य, लगानीको सम्भावना, ऊर्जा बजार, भावी योजनालगायतका विषयमा छलफल भएको थियो। बैठकमा दुवै पक्षले ऊर्जा क्षेत्रमा संयुक्त लगानी सहजीकरण गर्ने सहमति पनि गरेका थिए। साथै, दुवै देशका प्राविधिकको संलग्नतामा संयुक्त कार्य समूह गठन गर्ने सहमति पनि भएको थियो।

विशेषगरी, कोरोना महामारीका कारण दोस्रो बैठक आयोजना गर्न नसकिएको तत्कालीन ऊर्जासचिव अनुपकुमार उपाध्याय बताउँछन्। 'पहिलो बैठक भएको एक वर्षमै चीनमा कोरोना फैलियो। लामो समयसम्म कोरोना महामारी हुँदा दोस्रो बैठक आह्वानै गर्न सकिएन,' उनले भने, 'तर, बैठक नै नभए पनि यससम्बन्धी विभिन्न प्राविधिक काम भने भइरहेका छन्। तसर्थ, यसलाई नकारात्मक रूपमा हेर्नुहुँदैन।' यद्यपि, यसले नेपाल र चीनको ऊर्जा सम्बन्धलाई राम्रो देखाएको एक पूर्वसचिवले बताए। 'अहिले नेपाल ऊर्जा सहकार्यमा भारत र चीनसँग बढी ढल्किएको छ। चीनलाई वास्ता गरेको देखिएको छैन,' स्रोतले भन्यो, 'नेपालले सबै छिमेकी तथा मित्रराष्ट्रसँगको ऊर्जा सम्बन्धलाई सन्तुलनमा राख्न सक्नुपर्छ।'

पूर्वऊर्जासचिव देवेन्द्र कार्की भने यसमा चिनियाँ पक्षले पनि वास्ता नगरेको बताउँछन्। 'नेपालको मात्रै कमजोरी छ भन्न मिल्दैन। म आफैँ ऊर्जासचिव हुँदा दोस्रो बैठक आयोजना गर्न पहल गरेका थिए। तर, १३ महिनासम्म पहल गर्दा पनि सकिएन,' उनले भने, 'तसर्थ, यसमा चिनियाँ पक्षले नै वास्ता गरेको देखिन्न। यद्यपि, यसमा चीनको केही गुनासा हुन सक्छन्। ती गुनासा सम्बोधन गर्न भने नेपाली पक्षबाट प्रयास भएको देखिँदैन।'

विशेषगरी, ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजना आफूलाई नदिएको विषयमा चिनियाँ पक्ष असन्तुष्ट छ। उक्त आयोजना पहिला पावर चाइनालाई दिने तयारी थियो। तर, पछि भारतीय कम्पनी एसजेभिएनलाई दिइयो।

यसैगरी, नेपाली बिजुलीका लागि ठूलो बजार मानिने भारतले यहाँको जलविद्युत्‌मा चिनियाँ लगानी निरुत्साहन हुने नीति ल्याएको छ। साथै, बुढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ पक्षबाट खोसेर आफैँ बनाइँदै छ। तमोर जलविद्युत् आयोजना पनि चिनियाँबाट खोस्ने तयारी छ। त्यसले गर्दा चिनियाँ पक्ष पछिल्लो समय त्यति उत्साहित छैन। तर, त्यसलाई सम्बोधन गर्ने विषयमा नेपाली पक्षबाट प्रयास नभएको कार्की बताउँछन्।

■ **तर, भएका छन् यी काम**

नेपाल र चीनको ऊर्जा संयन्त्रको बैठक नभए पनि केही प्राविधिक काम भने भएका छन्। संयन्त्रको पहिलो बैठकको निर्णयअनुसार गठित संयुक्त वर्किङ कमिटीको पहिलो बैठक गत फागुनमा काठमाडौँमा सम्पन्न भएको छ। त्यो बैठकले अन्तरदेशीय विद्युत् व्यापारबारे अध्ययन गर्ने निर्णय गरेको छ। नेपाल-चीन प्रस्तावित रातमाटे-रसुवागढी-केरुङ अन्तरदेशीय प्रसारण लाइनको नेपाल खण्डको अध्ययन सम्भाव्यता अध्ययन फागुन ०७८ मै सम्पन्न भइसकेको छ। अहिले यसको डिपिआर बन्ने चरणमा छ।

चाडपर्वलक्षित बजार अनुगमन सुरु

काठमाडौं/ प्रमुख अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चाडपर्वलक्षित संयुक्त बजार अनुगमन सुरु गरेको छ। १ असोजबाट विभागको नेतृत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, औषधि व्यवस्था विभाग, आन्तरिक राजस्व विभाग, गुणस्तर तथा नापतौल विभाग, जिल्ला प्रशासन कार्यालयलगायतको प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन सुरु गरेको विभागले जनाएको हो। सोमबार एकैदिन संयुक्त अनुगमन टोलीले ३० व्यापारिक फर्ममा अनुगमन गरी चारवटालाई विभिन्न कसुरमा जरिवानाबापत ८० हजार रुपैयाँ तिराएको छ। अनुगमन भएका १० फर्मलाई नवीकरण, दर्ता इजाजतलगायतका कागजात माग गरिएको छ भने १६ फर्मलाई सामान्य निर्देशन दिएको विभागले जनाएको छ।




त्यस्तै, कुलेश्वर क्षेत्रको एक होलसेल गोदाममा अनुगमन गर्दा चिनी र दालको बोरामा कैफियत देखिएको भन्दै गोदाममा सिल गरेको विभागले जनाएको छ। 'बजारमा देखिने गैरव्यावसायिक क्रियाकलाप, उपभोक्ता ठगी, अनुचित व्यापारिक क्रियाकलाप, बिल-विजक जारी नगर्ने, न्यून गुणस्तरीय वस्तुको बिक्री-वितरणलगायतका क्रियाकलापलाई न्यूनीकरण गर्न तथा स्वच्छ बजार कायम गरी उपभोक्ताको अधिकार संरक्षण गर्न विभाग निरन्तर रूपमा क्रियाशील छ,' जारी विज्ञप्तिमामा उल्लेख छ। विभागले हाल दैनिक कम्तीमा ६ टोली परिचालन गरी अनगमन गरिरहेको जनाएको छ।

विभागले उपभोक्तालाई कुनै गुनासो गर्नुपर्ने टोल फ्री नम्बर ११३७ मा फोन गरी उजुरी टिपाउन पनि आग्रह गरेको छ। यसैबीच विभागले बुधबार सार्वजनिक बिदाका दिनसमेत माछामासु र तरकारी बिक्री गर्ने १६ पसलमा अनुगमन गरेको जनाएको छ। त्यसक्रममा ६५ हजार रुपैयाँ जरिवाना असुल गरिएको विभागले जनाएको छ।

ग्राउन्डेड जहाजको इन्जिन मर्मत र भाडामा लिन एउटै कम्पनीसँग सम्झौता

इन्जिन बनाउन सात महिनासम्म झुलाउने कम्पनीलाई नै नेवानिले दियो अर्को इन्जिन मर्मत गर्ने जिम्मेवारी, चार वर्षसम्मका लागि एमआरओ नियुक्त



नवीन अर्याल/नयाँ पत्रिका

नेपाल वायुसेवा निगम (नेवानि)को जहाजको इन्जिन तीन महिनामा बनाउन सकिने भए पनि सात महिना लगाउने इजरायली कम्पनीले फेरि अर्को इन्जिन मर्मतको जिम्मेवारी पाएको छ। निगम व्यवस्थापनले न्यारोबडी जहाजको इन्जिन मर्मत-ओभरहल तथा भाडामा लिन इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)लाई सुम्पिएको हो। २८ डिसेम्बर २०२१ मा कतारको दोहामा ग्राउन्डेड भएको ९एन-एकेडब्लु जहाजको इन्जिन मर्मत गर्न आइएआईले करिब सात महिना लगाएको थियो।

निगम नेतृत्वले आइएआईलाई चार वर्षसम्मका लागि न्यारोबडी जहाजको लिजसहित इन्जिन मर्मत गर्न एमआरओ नियुक्त गरेको छ। इन्जिन मर्मतमा ढिलाइ र फेक बिल बनाउने कम्पनीलाई ब्ल्याकलिस्टेड गर्नुपर्नेमा निगम व्यवस्थापनले कमिसनको सेटिङमा चार वर्षका लागि एमआरओ छनोट गरेको स्रोतको दाबी छ। निगमले आइतबार विज्ञप्ति जारी गर्दै सार्वजनिक खरिद ऐन तथा निगमको आर्थिक विनियमावलीअनुसार ४५ दिनको म्याद दिई लिजसहितको इन्जिन मर्मतका लागि खुला प्रतिस्पर्धा हुने गरी सिल टेन्डर आह्वान गरेर आइएआईसँग एमआरओ सम्झौता गरेको जनाएको छ।

एमआरओ छनोटका लागि निगमले १२ जुन २०२३ मा गरेको सार्वजनिक आह्वानअनुसार सम्झौता भएको मितिदेखि चार वर्षसम्म एमआरओको समय रहन्छ। त्यस्तै, सम्झौतामा थप दुई वर्षका लागि एमआरओ नवीकरण वा विस्तार गर्न सकिने उल्लेख छ। निगमले चार वर्ष अवधिलाई अंक र अक्षर दुवैमा लेखेको छ, तर थप दुई वर्ष अवधिलाई अक्षरमा मात्र लेखेको देखिन्छ। 'आफूले चाहेको कम्पनीलाई एमआरओ छनोट गर्ने र आपसी समझदारीमा म्याद थप्दै जाने निगम व्यवस्थापनको चलखेल यहीँ झल्किन्छ' स्रोतले भन्यो, 'नत्र दुवै ठाउँ अंक र अक्षरमा लेख्न सकिन्थ्यो, अक्षर मात्र लेख्दा आँखाले भेउ नपाउने ठहर गर्दै यस्तो चलखेल गरिएको हो।'

लिजसहित इन्जिन मर्मत गर्न आइएआई एमआरओ कम्पनीमा छनोट भएपछि ६३ दिनदेखि काठमाडौंमा ग्राउन्डेड ९एन-एकेएक्स जहाजको इन्जिन फेरबदल गर्न १७ सेप्टेम्बरमा इजरायल लगिएको छ। आइएआई कम्पनी र निगमको जहाजको इन्जिन स्पेसिफिकेसन नमिल्दा २० देखि २५ लाख रुपैयाँ अतिरिक्त खर्च गरेर जहाजमा सिस्टम डिग्रेट गर्नुपरेको स्रोतले बतायो।

यसअघि दोहामा ग्राउन्डेड एकेडब्लु जहाजको इन्जिन ६ मार्च २०२२ मा रिपेयर/ओभरहल गर्न इजरायलमा झारिएको थियो। तर, करिब सात महिनापछि ३० सेप्टेम्बर २०२२ मात्रै निगमले इन्जिन मर्मत भएर जहाज फिर्ता पाएको थियो। सामान्यतः विश्वमै इन्जिन मर्मत गर्न करिब तीन महिना लाग्छ। सोहीअनुसार निगमको विनियमावलीमा पनि ९० दिनको समायवधि तोकिएको छ। आइएआई र निगम व्यवस्थापनबीच भित्री समझदारीमै इन्जिन मर्मतमा ढिलाइ गरेर भाडाको इन्जिन अवधि बढाउँदै लगिएको बताइन्छ। निगमले आफ्नो इन्जिन बिग्रिएपछि आइएआईअन्तर्गतकै इजरायली कम्पनी एमटियूसँग तीन महिनाका लागि भाडामा इन्जिन ल्याएको थियो।

दैनिक दुई हजार डलर, प्रतिसाइकल २३९ डलर र प्रतिघन्टा २७६ डलर भाडा तिर्ने गरी ९० दिनका लागि एमटियूसँग भाडामा इन्जिन ल्याइएको थियो। तर, ५४३ दिनपछि ३० अगस्ट २०२३ मा बल्ल सम्झौता खारेज गरिएको थियो। जसबापत ३४ लाख ८६ हजार भाडा तिर्नुपर्‍यो। 'निगम नेतृत्वसँगको कमिसन सेटिङकै कारण आइएआईले इन्जिन मर्मतमा ढिलाइ गरेको हो,' स्रोतको दाबी छ, 'विभिन्न समस्या देखाएर इन्जिन बनाउन ढिलाइ गर्दा एकातिर भाडाको इन्जिन लामो अवधिसम्म राख्न सकियो, अर्कोतिर इन्जिन मर्मतको धेरै पैसा भुक्तानी निकाल्न सहज हुने भयो।'

इन्जिन मर्मतका लागि ३६ लाख डलर लागत अनुमान गरिएको थियो। तर, आइएआईले साढे ४२ लाख डलरको बिल पठायो। कम्पनीले दिएको बिल चुस्तदुरुस्त नभएको भन्दै विरोध भएपछि निगम व्यवस्थापनले छानबिन समिति गठन गर्‍यो। एक महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउनुपर्नेमा समितिले पाँच महिना लगाएर बिल रुजु भएको प्रतिवेदन तयार गर्‍यो। प्रतिवेदनप्रति असन्तुष्टि जनाउँदै एकजना सदस्यले असन्तुष्टि जनाउँदै राजीनामा दिए। नेतृत्वले फेरि आफ्नो पक्षको मान्छेलाई समितिमा नियुक्त गरेर ४० लाख डलरको बिल स्वीकृत गरी भुक्तानी गरिएको स्रोत बताउँछ।

■ **पटक-पटक एउटै कम्पनी**

इन्जिन मर्मत तथा भाडामा लिन एउटै कम्पनीसँग सम्झौता गर्नु खरिद ऐन र विनियमावलीविपरीत रहेको स्रोतको भनाइ छ। एउटै कम्पनीले लिज र मर्मतको जिम्मेवारी पाउँदा आफ्नो इन्जिनको भाडा अवधि लम्ब्याउन मर्मतमा ढिलाइ गरिदिन सक्छ।

निगम नेतृत्वको कमिसन सेटिङमा पटक-पटक इजरायली कम्पनीबाटै इन्जिन मर्मत तथा भाडामा लिने गरिएको स्रोतको भनाइ छ। 'सिल टेन्डर पनि इजरायली कम्पनी नै छानिने गरी आह्वान गरिएको छ,' स्रोत भन्छ, 'नेतृत्वले सेटिङ मिलाएर टेन्डर निकाल्ने गर्दा पटक-पटक एउटै कम्पनीले पाइरहेको हो।'

अहिले आइएआईसँग इन्जिनको स्पेसिफिकेसन नमिल्दा निगमलाई २० देखि २५ लाखसम्म आर्थिक भार थपिएको स्रोतले बतायो। 'टेन्डरमै गलत स्पेसिफिकेसन राख्दा हाम्रो जहाजको सिस्टम डिग्रेट गर्नुपरेको छ, हाम्रो जहाजको सिष्टम डिग्रेट गरेर भाडाको इन्जिनसँग मिलाउनुपर्छ,' स्रोतले भन्यो। ४५ दिनको सिल टेन्डर अवधि नसकिँदै निगम व्यवस्थापनले २२ जुलाईमा ग्राउन्डेड एकेएक्स जहाजका लागि भाडामा इन्जिन चाहियो भनेर सात दिनको अर्को सूचना जारी गरेको थियो। सो सूचनामा निगमले इन्जिन ९० दिनका लागि भनेर उल्लेख गरेको छ। यसको मतलब, इन्जिन अधिकतम ९० दिनमा मर्मत हुन्छ भन्ने हो। इन्जिन मर्मतमा धेरै समय लगाएको कम्पनीलाई पेनाल्टी तिराउनुपर्नेमा उल्टै एमआरओ नियुक्त गरेर पुरस्कृत गरिएको निगमका कर्मचारीको गुनासो छ। अहिले निगमले आइएआईसँग कति भाडा तिरेर इन्जिन भाडामा ल्याउन लागेको हो र कति लागतमा इन्जिन मर्मत गर्न दिएको हो सार्वजनिक गरिएको छैन।

९एन-एकेडब्ल्यु दोस्रोपटक काठमाडौंमा ग्राउन्डेड हुँदा दायाँ इन्जिन मर्मतका लागि जर्मनीको लुफ्थान्सा कम्पनीले पायो। तर, इजरायलको आइएआई कम्पनीमा झारिएको निगमको इन्जिन फ्रान्स पठाउन तीन महिना लागाइयो। आइएआईले पुरानो बक्यौता नतिरेसम्म इन्जिन लैजान नदिने भनेर अड्डी कसेपछि तीन महिना लम्बिएको बताइन्छ। जब कि, अन्तर्राष्ट्रिय लिजिङ प्राक्टिसअनुसार एयरक्राफ्ट अन ग्राउन्डेड (एओजी) गर्नु हवाई नियमको बर्खिलाप गर्नु हो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)अनुसार पनि कुनै जहाज एओजी गर्न पाइँदैन।

■ **निगम व्यवस्थापनको झुट**

निगम व्यवस्थापनले आइतबार प्रकाशित विज्ञप्तिमा इन्जिन हेल्थ मोनिटरिङ (इएचएम) सर्भिस प्रोभाइडर कम्पनीले इएचएमबाट इन्जिनको सामान्य जानकारी दिए पनि इन्जिन डाउन गरी मर्मतमा पठाउनुपर्ने अवस्थाको निर्णायक सूचना दिन नसक्ने दाबी गरेको छ। जब कि, सोही विज्ञप्तिमा जहाजको इन्जिन मर्मत गर्नुपर्ने पूर्वसूचना दिने साधन इएचएम, बोरोस्कोप र भौतिक निरीक्षण नै भएको स्वीकार गरेको छ।

निगम आफैँले एकेएक्स ग्राउन्डेड भएपछि २२ जुलाई २०२३ मा इन्जिन भाडामा लिन सार्वजनिक आह्वान गरेको सूचनाको ८ नम्बर बुँदामा 'लिज इन्जिनका लागि आवश्यक कागजातहरू'को शीर्षकमा पछिल्लो तीन महिनाको इएचएम प्रतिवेदन उपलब्ध गराउनुपर्ने सर्त राखेको छ। 'यदि इएचएम रिपोर्टले सामान्य मात्रै जानकारी दिने हो भने इन्जिन भाडामा लिने सर्तमा इएचएम रिपोर्ट पनि संलग्न राख्नुपर्ने भनियो,' स्रोतले भन्यो।

निगमले रोल्स रोयस कम्पनीसँग सन् २०१८ देखि इन्जिन हेल्थ मोनिटरिङ (इएचएम) सर्भिस लिएको छ। हरेक महिना जहाजको इन्जिनका डाटा इएचएममा पठाइन्छ। इएचएमका डाटा अध्ययन गरेर कम्पनीले निगमलाई प्रतिवेदन पठाउँछ। यदि कुनै इन्जिनमा समस्या आउँदै छ भने निगम व्यवस्थापनलाई ५-६ महिनाअघि नै सूचना प्राप्त हुने स्रोत बताउँछ। यो सेवा प्रयोग गरेबापत निगमले रोल्स रोयसलाई वार्षिक १६ लाख रुपैयाँ भाडा तिर्दै आएको छ।

४.३ प्रतिशतको आर्थिक वृद्धि हुने एडिबीको प्रक्षेपण

मूल्यवृद्धि ६.२ प्रतिशत र बजेट घाटा जिडिपीको २.४ प्रतिशत रहने अनुमान

नयाँ पत्रिका

नेपालले चालू आर्थिक वर्ष ०८०/८१ मा ४ दशमलव ३ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने एसियाली विकास बैंक (एडिबी)को प्रक्षेपण छ। एडिबीले आफ्नो प्रमुख प्रकाशन एसियन डेभलपमेन्ट आउटलुकमार्फत यस्तो प्रक्षेपण सार्वजनिक गरेको हो।

मुद्रास्फीतिमा सामान्य कमी तथा विदेशी विनिमय सञ्चितिमा सहजताका कारण आर्थिक वृद्धिदर बढ्ने एडिबीको अनुमान हो। एडिबीले भनेको छ, 'केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत नीतिगतदर ०.५० प्रतिशत बिन्दुले समायोजन गरी ६.५ प्रतिशत कायम गरेसँगै व्यावसायिक ब्याजदर न्यूनीकरणमा मद्दत पुग्नुका साथै आर्थिक गतिविधिलाई बढवा दिनेछ।' साथै रियलस्टेट, थोक एवं खुद्रा व्यापार तथा आवास र खाद्य सेवाको विस्तारले गति लिने अपेक्षा एडिबीको छ। यद्यपि, यस वर्ष वर्षाऋतुको प्रारम्भमा पर्याप्त वर्षा नहुनुका साथै अनियमित मौसम प्रणाली र लम्पी स्किन प्रकोपले कृषि क्षेत्रको विस्तार भने संकुचित हुने आकलन गरिएको छ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धिमा देखिएको सुस्तता तथा नेपालको आयातको मुख्य स्रोत मुलुक भारतमा मुद्रास्फीतिमा कमी आएसँगै चालू आर्थिक वर्षको औसत मुद्रास्फीति गत वर्षको ७.७ प्रतिशतको तुलनामा घटेर ६.२ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ।

मूल्य स्थिरता तथा बाह्य क्षेत्रमा देखिएको केही प्रगतिका बाबजुद बजेटरी चुनौती भने यथावत् रहेको उल्लेख छ। 'आर्थिक वर्ष ०८०/८१ मा बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको २.४ प्रतिशत कायम रहने अनुमान छ, जुन अघिल्लो आर्थिक वर्षको ६.१ प्रतिशतभन्दा न्यून हो।

यदि सरकारले महत्त्वाकांक्षी राजस्व लक्ष्य हासिल असफल भयो भने वास्तविक बजेट घाटा अनुमान गरेभन्दा धेरै हुन सक्छ,' एडिबी नेपाल नियोगका प्रमुख अर्थशास्त्री इयान ह्यान्सनले भने।

बाह्य क्षेत्र जोखिमसापेक्ष रूपमा निराकरण गरिएको छ। विद्यमान प्रवृत्तिहरू र केन्द्रीय बैंकको मौद्रिक नीतिको व्यवस्थाका कारण कम्तीमा सात महिनाको आयात धान्न पर्याप्त विदेशी मुद्रा सञ्चिति कायम गर्ने लक्ष्य हासिल हुने देखिन्छ। विप्रेषण आप्रवाह र उच्च आयातमा देखिएको स्थायित्वले चालू खाता घाटा फराकिलो भई कुल गार्हस्थ्य उत्पादनको १.८ प्रतिशत हुने अनुमान छ।

आर्थिक वर्ष ०८०/८१ को आर्थिक परिदृश्यमा केही अन्तर्निहित जोखिमका रूपमा भूराजनीतिक तनावतर्फ केन्द्रित अनिश्चिततालाई मध्यनजर गर्दै मूल्य नियन्त्रणका लागि अधिकारीहरूले जारी गर्न सक्ने संकुचनकारी आर्थिक नीतिहरूलाई लिइएको छ। यसले उपभोग तथा आन्तरिक उत्पादनमा ह्रास तथा आर्थिक वृद्धिमा प्रतिकूल प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ। एडिबी समृद्ध, समावेशी, उत्थानशील र दिगो एसिया तथा प्रशान्त क्षेत्रको विकासमार्फत चरम गरिबी निवारणको पहललाई जारी राख्न प्रतिबद्ध छ। सन् १९६६ मा स्थापित, एडिबीमा ६७ देशको स्वामित्व रहेको छ र तीमध्ये ४८ एसिया तथा प्रशान्त क्षेत्रीय राष्ट्रहरू हुन्।

‘यामाहा राइड टु मोटोजिपी’ टोली बुद्ध सर्किटका लागि भारत प्रस्थान

नयाँ पत्रिका

नौजना यामाहा प्रशंसक र उत्साही बाइकरहरू साहसिक अनुभवका लागि पहिलो मोटोजिपी इन्डियाको रोमाञ्चक दृश्यावलोकन गर्न त्यसतर्फ प्रस्थान गरेका छन् । २४ सेप्टेम्बर, २०२३ मा बुद्ध सर्किट, नोएडामा हुने ‘यामाहा राइड टु मोटोजिपी’ इभेन्टमा भाग लिन टोली भारत प्रस्थान गरेको हो ।

उक्त इभेन्टमा राइडर्स टोलीले २३ र २४ सेप्टेम्बरमा रेसको अनुभव लिने र २७ सेप्टेम्बरमा उही बाटो भएर काठमाडौं फर्किने जनाइएको छ । यामाहाले नेपालमा रेसिङ संस्कृतिको परिचय गराई यसको विकास र प्रवर्द्धन गर्न निरन्तर रूपमा काम गरिरहेको जनाएको छ । आफ्नो उद्देश्यअनुरूप नै यामाहाले रेसिङ स्पोर्टस्लाई प्रतिबिम्बित गर्ने धेरै इभेन्टसँग आफ्नो आबद्धता कायम राख्दै यसको प्रवर्द्धनसमेत गरेको दाबी गरेको छ । यस कार्यक्रमले यामाहा मोटरसाइकलको पराक्रम देखाउनुका साथै खुला सडकमा



ब्रान्डप्रतिको माया अभिव्यक्त गर्ने राइडरको जोशलाई उत्सवका रूपमा पनि मनाउने जनाएको छ । छानिएका राइडरमा संग्राम पुडासैनी, सुरेश जिसी, माइकल थापा, रुपेश पण्डित, राजकुमार कुशवाहा, अर्जित महर्जन, राजकुमार कार्की र तारा खड्का तथा मार्सलका रूपमा प्रमोद श्रेष्ठ रहेको जनाइएको छ ।

एमएडब्लु इन्टरप्राइजेज, टु-ह्विलर डिभिजनका सिइओ राजु क्षेत्रीले यामाहा राइड टु मोटोजिपीमा सहभागिताका लागि ठूलो संख्यामा आवेदन परेको बताए ।

तर, सीमित सिट भएकाले आठजना मात्रै छनोट गर्न सकेको उनको भनाइ थियो । उनले भने, ‘यो त केवल सुरुवात हो, यामाहा नेपाल हाम्रा युवाहरूको जोशलाई सम्मान गर्दछ । हामी नेपालमा मोटरस्पोर्टको उत्थान गर्न मिहिनेतका साथ काम गरिरहेका छौं ।’

लगानी भित्र्याउने पहल लिन गैरआवासीय नेपालीलाई अध्यक्ष ढकालको आग्रह

नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी विस्तारका लागि मुलुकबाहिरबाट पहल लिन गैरआवासीय नेपाली संघलाई आग्रह गरेका छन् । नेपालमा लगानीको सम्भावना र गैरआवासीय नेपाली संघको भूमिकासम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई बुधबार जापानको राजधानी टोकियोमा सम्बोधन गर्दै अध्यक्ष ढकालले पर्यटन पूर्वाधारको विकास, जलविद्युत्, कृषि तथा कृषिजन्य उद्योगलगायत धेरै क्षेत्रमा लगानी विस्तारको प्रचुर सम्भावना रहेको बताउँदै यी क्षेत्रमा लगानी जुटाउन तथा प्रविधि भित्र्याउन गैरआवासीय नेपाली संघले मुलुकबाहिरबाट विशेष पहल गर्न सक्ने बताएका हुन् ।



आइएमई ग्रुपका अध्यक्षसमेत रहेका ढकालले गैरआवासीय नेपालीहरूसँगको सहकार्यमा आइएमई ग्रुपले जलविद्युत् पर्यटन पूर्वाधार तथा अन्य धेरै क्षेत्रमा सहकार्य गरिसकेको बताउँदै नेपालमा धेरै र नयाँ सम्भावना रहेको र तिनीहरूमा लगानी र प्रविधि भित्र्याउनसकेमा आफ्नो मातृभूमिलाई योगदान गर्नुका साथै यथोचित फाइदासमेत लिन सकिने उनको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघबीच सुमधुर सम्बन्ध रहेको बताउँदै महासंघले गैरआवसीय नेपालीलाई नेपालमा उपयुक्त साझेदार छनोटका लागि समेत सहयोग गर्न सक्ने उनले बताए ।

पर्यटन पूर्वाधार, जलविद्युत, सूचना प्रविधि, केबलकार, रिसोर्ट तथा थिमपार्कहरूमा लगानी प्रवर्द्धनसँगसँगै प्रत्येक लगानीकर्तालाई नाफाको हिस्सेदार बनाउन सकिने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए ।

गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष महेश श्रेष्ठलगायतको उपस्थितिमा आयोजित कार्यक्रममा अध्यक्ष ढकालले आफ्नो मातृभूमिमा लगानी गरी रोजगारी सिर्जना गर्ने तथा उचित मुनाफा कमाउने अवसर छोप्न गैरआवासीय नेपाली संघका साथीहरू तयार हुन्छन् भन्ने विश्वास लिएको बताए ।

‘आइएमई गरौं, करोडपति बनौं’ योजना सुरु

काठमाडौं/ रेमिटेन्स सेवा प्रदायक कम्पनी आइएमईले ‘आइएमई गरौं, करोडपति बनौं’ योजना सार्वजनिक गरेको छ । कम्पनीले विदेशमा कमाएको रकम औपचारिक माध्यम-रेमिटेन्समार्फत रकम पठाउन थप प्रोत्साहन गर्ने उद्देश्यले योजना सुरु गरेको हो ।



आइएमई गरी रकम पठाउने सेवाग्राहीमध्ये एकजनाले एक करोड रुपैयाँ नगद जित्ने कम्पनीले जनाएको छ । साथै, प्रत्येक महिना एकजनाले एक लाख रुपैयाँ पाउने उल्लेख छ । दसैं, तिहार तथा छठ पर्वमा १८ सय सेवाग्राहीले थप आकर्षक उपहार प्राप्त गर्ने जनाइएको छ ।

आइएमई गरी आइएमई पे वालेट र बैंक खातामा जम्मा गर्ने तथा आइएमई काउन्टरमा रकम पठाउने सेवाग्राही यो योजनामा सहभागी हुन पाउने जनाइएको छ । यो योजना ०८१ भदौ मसान्तसम्म लागू हुने उल्लेख छ ।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीलाई औपचारिक माध्यमबाट रकम पठाउन यो योजनाले उत्प्रेरकको रूपमा काम गर्ने बताए ।

साथै, योजनाले डिजिटल माध्यमबाट रकम पठाउन सेवाग्राहीलाई प्रेरित गर्ने प्रमुख कार्यकारी अधिकृत पौडेलको भनाइ छ ।

एलजीको फ्ल्यागसिप सोरुम पुनः सञ्चालनमा



काठमाडौं/ चौधरी ग्रुपअन्तर्गत मीनभवनमा रहेको एलजी ब्रान्डको आफ्नै सोरुम अपग्रेडपश्चात् पुनः सञ्चालनमा आएको छ । नयाँ र आधुनिक डिजाइनमा सोरुम पुनः सञ्चालनमा ल्याइएको हो ।

सोरुममा एलजी ब्रान्डका एलइडी टिभी, वासिङमेसिन, रेफ्रिजेरेटर, डिसवासर, एयर कन्डिसनर, माइक्रोवेब ओभन, भ्याकुम क्लिनरलगायत अन्य थुप्रै सामग्री उपलब्ध रहेको कम्पनीले जनाएको छ । मीनभवनको गोरखा कम्प्लेक्समा रहेको सोरुम सन् २००५ मा स्थापित एलजी ब्रान्डको पहिलो सोरुम रहेको जनाइएको छ । सोरुम पुनः सञ्चालनका अवसरमा विशेष छुटका साथै निःशुल्क उपहार, शून्य प्रतिशत किस्ताबन्दी र एक्सचेन्ज अफरको पनि सुविधा रहेको उल्लेख छ ।

साथै, प्रोडक्ट लाइभ डेमो, कुकिङ क्लास र प्रिभेन्टिभ मेन्टेनेन्स सर्भिसको पनि व्यवस्था रहेको कम्पनीले जनाएको छ ।

नमस्ते पे एप प्रयोग गर्नेलाई नगद उपहार योजना

काठमाडौं/ नमस्ते पेले आउँदै गरेको चाडपर्वलाई लक्षित गर्दै नयाँ प्रयोगकर्ताका लागि नयाँ अभियान सुरु गरेको छ । कम्पनीले नमस्ते पे एप डाउनलोड गरी पूर्ण केवाइसी दर्ता गर्ने नयाँ प्रयोगकर्ताले ५० रुपैयाँ प्राप्त गर्ने योजना ल्याएको हो ।

यो अभियान १५ असोज ०८० सम्म लागू हुने जनाइएको छ । प्रयोगकर्ताले कुनै पनि लेनदेनमा ५० रुपैयाँको पुरस्कृत रकम प्रयोग गर्न सक्ने उल्लेख छ । प्रयोगकर्ताले मूल कागजातको फोटो अपलोड गरेर केवाइसी प्रमाणित गर्नुपर्ने सर्त राखिएको छ । कागजातहरू नागरिकता, राहदानी, लाइसेन्स र मतदान कार्डमध्ये कुनै एक हुनुपर्ने जनाइएको छ ।

नमस्ते पे नगदरहित समाज सिर्जना गर्ने प्रयासमा उल्लेख्य भूमिका खेल्ने ध्येयले सुरु गरिएको डिजिटल भुक्तानी सेवा भएको कम्पनीले दाबी गरेको छ । आधुनिक प्रविधिको प्रयोगमार्फत सरल र सुरक्षित डिजिटल भुक्तानी सेवा प्रदान गरी बैंक र डिजिटल प्रविधिमा पहुँच भएका तथा नभएका सबै उपभोक्तालाई आधुनिक वित्तीय सेवा प्रदान गर्नु यस वालेट सेवाको उद्देश्य रहेको जनाइएको छ ।

संविधान दिवसको अवसरमा हस्तकला मेला



मकवानपुर/ बागमती प्रदेश सरकारले संविधान दिवस ०८० को अवसरमा प्रदेशको राजधानी हेटौंडामा ‘प्रथम हस्तकला प्रवर्द्धन मेला-२०८०’ आयोजना गरेको छ । प्रदेशको उद्योग वाणिज्य भूमि प्रशासन मन्त्रालयको प्रवर्द्धन तथा बागमती प्रदेश हस्तकला संघको आयोजनामा भएको मेला बिहीबार समापन हुनेछ ।

हेटौंडा उपमहानगरपालिकाको प्रांगणमा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले उद्घाटन गरेको मेलामा विभिन्न स्टलबाट १७ प्रकारका हस्तकलाको प्रदर्शनी भइरहेको छ ।

उद्घाटनपछि प्रदेश प्रमुख शर्माले प्राचीन हस्तकलाको संरक्षण तथा सांस्कृतिक कलाको प्रवर्द्धनले कुनै पनि देशको पहिचानलाई जीवन्त राख्न भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रममा प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशमा रहेका सम्पूर्ण जातजाति र तिनका संस्कृतिको संरक्षणमा प्रदेश सरकारले भूमिका खेल्ने बताए ।

मेलामा हस्तकला प्रवर्द्धनसहित लाइभ डेमो (जीवन्त प्रदर्शनी)को कार्यक्रम पनि रहेको हस्तकला संघका अध्यक्ष नवीन शाक्यले जानकारी दिए । मेलामा सुकुल बुनाई, धातुका ताम्रपत्र बनाउने कलाको लाइभ डेमो गरिएको छ ।

मेलामा चित्रकार समुदायको सांस्कृतिक लोककला ‘पुँ’ कलाको विशेष प्रदर्शनी हुने पनि उनले जानकारी दिए । धातुको मूर्ति, हाते कागज उद्योग, स्थानीय सामग्रीबाट निर्मित हस्तकलाको उत्पादन मेलाका विशेष आकर्षण रहेको अध्यक्ष शाक्यको भनाइ छ ।

कामना सेवा र एट्रिक ग्रुपबीच सम्झौता

काठमाडौं/ कामना सेवा विकास बैंक र एट्रिक ग्रुपबीच मर्चेन्ट सम्झौता भएको छ । सम्झौताअनुसार बैंकसँग आबद्ध सम्पूर्ण ग्राहकले ज्ञानेश्वरमा रहेको एट्रिक रेस्टुरेन्टले प्रदान गर्ने रेस्टुरेन्ट सेवामा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्ने जनाइएको छ । बैंकसँग आबद्धताको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/०४

यस फाइनान्सको शाखा कार्यालय, पेप्सीकोला, काठमाडौंबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तर-ताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : शुष्मा थापा बुबा : काजी बले थापा बाजे : धनबहादुर थापा ना.प्र.नं. : ८/९७६, जि.प्र.का. भक्तपुर मिति : २०४८/०७/१३, ठेगाना : कटुन्जे-१, भक्तपुर हाल : सुर्यविनायक न.पा. ५, भक्तपुर, नेपाल	**नाम : काजी बले थापा** बुबा : धन बहादुर थापा बाजे : बल बहादुर थापा ना.प्र.नं. : १६४/०४६, जि.प्र.का. भक्तपुर मिति : २०४६/०४/३० ठेगाना : कटुन्जे-१, भक्तपुर हाल : सुर्यविनायक न.पा. ५, भक्तपुर, नेपाल ।

धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा शुष्मा थापाको नाममा दर्ता कायम रहेको साविक का.म.न.पा. वडा नं. ३५, नक्सा सिट नं. १०२१२२७०३ स्थित कित्ता नं. ३२०, क्षेत्रफल १२७.५० व.मि. भएको घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

लिलाम बिक्री सम्बन्धी शर्तहरु :

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।

(२) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०६/१८ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी, काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०६/२१ गते दिनको ३:०० बजे मुख्य कार्यालय, भाटभटेनी, काठमाडौंमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।

(४) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधि भित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले शाखा कार्यालय, पेप्सीकोला, काठमाडौंमा सम्पर्क राख्न सक्नु हुनेछ ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल-अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन, कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं फोन नं. ४५२५२९२

www.icfc.com.np

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०६/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण सॉवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (सॉवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	कर्जा शीर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. सवारीसाधन कर्जा	**ऋणीको नामः बिजय इन्टरप्राइजेज** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा, तानसेन मा दर्ता रहेको) दर्ता नं.: २१९/०६५ दर्ता मितिः २०६५/०८/१० स्थायी लेखा नं.: ३००६७०६२२ ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं ४। **प्रोप्राईटरः** **यादव सिंह कार्की** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५४२८(२०४७/१२/१४/पाल्पा) बाजेको नामः तिल बहादुर कार्की बाबुको नामः नृप बहादुर कार्की ठेगानाः पाल्पा जिल्ला, वन्दीपोखरा गा.वि.स, वडा नं. ६। **व्यक्तिगत जमानतकर्ताः** **निल कुमारी कार्की** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९-०१-७२-०५३१९ (२०७२/०६/२२/पाल्पा) बाबुको नामः हुम बहादुर बस्याल ससुराको नामः नृप बहादुर कार्की पतिको नामः यादव सिंह कार्की ठेगानाः पाल्पा जिल्ला, वन्दीपोखरा गा.वि.स, वडा नं. ६।	१. हुम बहादुर बस्याल को छोरी, नृप बहादुर कार्की को बुहारी यादव सिंह कार्की को पत्नी, पाल्पा जिल्ला, वन्दपोखरा गा.वि.स, वडा नं. ६ बस्ने **निल कुमारी कार्की** को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा, जिल्ला, तानसेन न.पा., वडा नं. ४ स्थित कि.न. १५०३ को क्षेत्रफल ०-२-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत पात समेत । २. धनी एनएमबि बैंक लि. / ऋणी बिजय इन्टरप्राइजेज को नाममा लुम्बिनि अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनीः Mahindra & Mahindra मोडेलः Mahendra Scorpio Pickup DC, सवारी दर्ता नंः लु २ च ५८९९ बनेको सालः २०१८ च्यासिस नंः MA1RC4VF2J2J33922 इन्जिन नंः VFJ4J10752
२.	१. आवधिक कर्जा २. अटो कर्जा ३. ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः पाण्डे कुखुरा फार्म** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मा दर्ता रहेको) दर्ता नं.: ४८५५/०७३ दर्ता मितिः २०७३/१०/०९ स्थायी लेखा नं.: ६०५६६१८७७ ठेगानाः पाल्पा जिल्ला, देउराली गा.वि.स, वडा नं ७ । **प्रोप्राईटरः** **सुर्य प्रसाद पाण्डे** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१०३०/१२४(२०६५/३/२५/पाल्पा) बाजेको नामः मोहनीलाल पाण्डे बाबुको नामः राम प्रसाद पाण्डे ठेगानाः पाल्पा जिल्ला, देउराली गा.वि.स, वडा नं ७ । **व्यक्तिगत जमानतकर्ताः** **पवित्रा अधिकारी पाण्डे** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१००१/६६० (२०६९/०२/३०/पाल्पा) बाबुको नामः खिमानन्द अधिकारी ससुराको नामः राम प्रसाद पाण्डे पतिको नामः सूर्य प्रसाद पाण्डे ठेगानाः पाल्पा जिल्ला, रिब्दीकोट गा.वि.स, वडा नं. २।	१. मोहनिलाल पाण्डे को नाति, राम प्रसाद पाण्डे को छोरा, पाल्पा जिल्ला, देउराली गा.वि.स, वडा नं. ७ बस्ने **सूर्य प्रसाद पाण्डे** को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, देउराली गा.वि.स, वडा नं. ७ स्थित कि.न. ४४० को क्षेत्रफल ४-९-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. खिमानन्द अधिकारी को छोरी, राम प्रसाद पाण्डे को बुहारी, सूर्य प्रसाद पाण्डे को पत्नी, पाल्पा जिल्ला, रिब्दीकोट गा.वि.स, वडा नं. २ बस्ने **पवित्रा अधिकारी पाण्डे** को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, देउराली गा.वि.स, वडा नं. ७ स्थित कि.न. ४३६ र ४३७ को क्षेत्रफल ०-३-२-२ र ३-५-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. धनी एनएमबि बैंक लि. (साविक ओम डेभलपमेन्ट बैंक लि.) / ऋणी पाण्डे कुखुरा फार्म को नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनीः Mahindra & Mahindra मोडेलः Mahindra Bolero DC P5 4WD सवारी दर्ता नंः लु ३ च ५२०७ बनेको सालः २०२१ च्यासिस नंः MA1RU4TBKM3K96846 इन्जिन नंः TBM4K80427
३.	सवारी साधन कर्जा	**ऋणीको नामः न्यू आकाश जेनरल स्टोर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा दर्ता रहेको) दर्ता नंः १५९६५/७३५/२०७७/०७८ दर्ता मितिः २०७७/०६/२९ स्थायी लेखा नं.: ६१४१०७८३० ठेगानाः धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १६। **प्रोप्राईटरः** **सुलेन्द्र कुमार महतो** ना.प्र.प.नं (जारी मिति/स्थान): ३३०२१८२७(२०५७/०३/०६/धनुषा) बाजेको नामः महाबीर महतो बाबुको नामः राम लोचन महतो ठेगानाः धनुषा जिल्ला, गिद्धा गा.वि.स. वडा नं. ३। **व्यक्तिगत जमानतकर्ताः** **मिना देवी महतो** ना.प्र.प.नं (जारी मिति/स्थान): १७३०१६/२१६ (२०६३/१२/३०/धनुषा) बाबुको नामः जय किशोर साह ससुराको नामः राम लोचन महतो पतिको नामः सुलेन्द्र कुमार महतो ठेगानाः धनुषा जिल्ला, गिद्धा गा.वि.स. वडा नं. ३ ।	धनी एनएमबि बैंक लि. / ऋणी न्यू आकाश जेनरल स्टोर्स को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनी- MAHINDRA AND MAHINDRA LTD. मोडल -BOLERO SCXLFBP5 सवारी दर्ता नं - प्रदेश २-०२-००१च-०७८३ बनेको साल -2021 च्यासिस नं - MA1ZN2TBKM1G54699 इन्जिन नं - TBM1G16147

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि

FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

भुल सुधार

दूध विकास संस्थान, धनगढी दूध वितरण आयोजना, अत्तरियाको मिति २०८०/०५/१८ गते नयाँ पत्रिका दैनिकमा डिष्ट्रीव्युटर सेवा खरीदको बोलपत्र आह्वानको सूचनामा **प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०५/१८** गते हुनु पर्नेमा अन्यथा भएकोले सच्याई यो सूचना प्रकाशित भएको छ ।

इन्डो-प्यासिफिक क्षेत्रका सेनाप्रमुखहरूको सम्मेलनमा भाग लिन प्रधानसेनापति शर्मा दिल्ली जाँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानसेनापति प्रभुराम शर्मा इन्डो-प्यासिफिक क्षेत्रका प्रधानसेनापतिहरूको सम्मेलनमा सहभागी हुन ७ असोजमा भारतको नयाँदिल्ली जाने भएका छन् । भारतीय सेना र अमेरिकी सेनाले संयुक्त रूपमा सम्मेलन आयोजना गर्न लागेका हुन् । भारतीय समकक्षी सेनाध्यक्ष मनोज पाण्डेको निमन्त्रणामा प्रधानसेनापति शर्मा दिल्ली जान लागेका हुन् ।

कार्यक्रमलाई 'इन्डो प्यासिफिक आर्मिज चिफ कन्क्लेभ' नाम दिइएको छ । सम्मेलनको शीर्षक 'शान्तिका लागि एकैसाथ : हिन्द-प्रशान्त क्षेत्रमा दिगो शान्ति र स्थायित्व' राखिएको छ । सम्मेलन ८, ९ र १० असोजमा हुनेछ ।

सम्मेलनको अघिल्लो दिन अमेरिकी सेनाका तर्फबाट सेनाप्रमुखहरूको सम्मानमा रात्रिभोज र स्वागत कार्यक्रम आयोजना हुने तय भएको छ । सम्मेलनको सह-आयोजक अमेरिकी सेना हो ।

भारतीय सेनाका भाइस चिफ अफ द स्टाफ लेफ्टिनेन्ट जनरल सुचिन्द्र कुमारका अनुसार सम्मेलनमा ३५ मुलुकका सैन्य प्रतिनिधिमण्डल रहनेछन् । जसमध्ये नेपालसहित १५ देशका प्रधानसेनापति सहभागी हुने कार्यक्रम छ । नेपाल, भारत, अमेरिका, अस्ट्रेलिया, बंगलादेश, इन्डोनेसिया, जापान, मलेसिया, भुटान, ब्रुनाई, कम्बोडिया, कोरिया, माल्दिभ्स, मंगोलिया, म्यानमार, न्युजिल्यान्डलगायतका देशबाट प्रधानसेनापतिहरू सहभागी हुनेछन् ।

अहिले सम्मेलनको १३औं संस्करण आयोजना हुन लागेको भारतीय सेनाले जनाएको छ । विभिन्न संकटमा सैन्य कूटनीतिको भूमिकाका विषयमा सम्मेलनमा छलफल हुनेछ ।

सम्मेलनले सुरक्षाका समसामयिक विषयवस्तुबारे हिन्द-प्रशान्त क्षेत्रका स्थल सेनाहरूबीच उच्चस्तरमा आदन-प्रदान गर्ने अवसर उपलब्ध गराउने भारतीय सेनाले जनाएको छ । 'यो



मञ्चको मुख्य प्रयास यस क्षेत्रका सेनाहरूबीच पारस्परिक बुझाइ, संवाद तथा मित्रतामार्फत शान्ति र स्थायित्व प्रवर्द्धन गर्नु रहेको छ,' भारतको प्रेस इन्फरमेसन ब्युरोद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ ।

सम्मेलन दिल्ली क्यान्टको माणिक सा केन्द्रमा आयोजना हुनेछ, जहाँ १५० जना (प्रतिनिधिमण्डल) सहभागी हुनेछन् । भारतीय रक्षामन्त्री राजनाथ सिंहले सम्मेलनको उद्घाटन गर्ने कार्यक्रम छ । कार्यक्रममा भारतीय सेनाका चिफ अफ डिफेन्स स्टाफ अनिल चौहानलगायत सहभागी हुनेछन् ।

असोज ९ गते सम्मेलनका विषयमा भारतीय सेनाध्यक्ष मनोज पाण्डे र अमेरिकी सेनाका भाइस चिफ अफ स्टाफ रेन्डी जर्जले धारणा राख्ने कार्यक्रम छ । सम्मेलन तीन तहमा हुने कार्यक्रम रहेको भारतीय सेनाले जनाएको छ । प्रधानसेनापति शर्मासहितको प्रतिनिधिमण्डल भारतको राष्ट्रिय युद्ध स्मारकमा सहभागी हुनेछ ।

प्रधानसेनापति शर्माले अमेरिका र भारतका समकक्षीहरूसँग साइडलाइनमा भेटवार्ता गर्ने तयारी छ । 'भारतीय र अमेरिकी सेनाप्रमुखसँग कुराकानी गर्ने तय भइसकेको छ, बाँकी सेनाप्रमुखहरूसँग पनि समय अनुकूलता हेरेर साइडलाइनमा छलफल हुनछ,' सैनिक स्रोतले भन्यो ।

नेपाली सेनाका प्रवक्ता सहायकरथी कृष्णप्रसाद भण्डारीका अनुसार प्रधानसेनापति शर्मा ७ असोजमा दिल्ली गएर ११ असोजमा स्वदेश फर्किने कार्यक्रम छ ।

सात सैनिक सहचारी नियुक्त

सरकारले विभिन्न छ मुलुक र संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोगसमेत सातजना सैनिक सहचारी नियुक्त गरेको छ । हाल कार्यरत सैनिक सहचारीहरूको कार्यकाल सकिन लागेका वेला जंगी अड्डाको सिफारिसमा सरकारले उनीहरूलाई नियुक्त गरेको छ । नियुक्त भएकाहरू सबै नेपाली सेनाका महासेनानी हुन् ।

भारतका लागि महासेनानी प्रकाश लामिछाने, चीनका लागि महासेनानी जयन्त केसी र अमेरिकाका लागि महासेनानी पूर्ण ढकाल सैनिक सहचारी नियुक्त भएका छन् । त्यसैगरी, न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघीय स्थायी नियोगमा महासेनानी दिरेन्द्र मल्ल, बेलायतका लागि महासेनानी अनुप शाह, बंगलादेशका लागि महासेनानी अन्जनकेशर खत्री र पाकिस्तानका लागि महासेनानी भेषबहादुर केसी सहचारीमा नियुक्त भएका छन् ।

उनीहरूको कार्यकाल चार वर्षको रहनेछ । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले उनीहरूलाई आगामी सातादेखि एक साताको तालिम सञ्चालन गर्ने कार्यक्रम छ ।

दाङमा पाँच वर्षमा डुबेर २ सय २८ को मृत्यु

दाङ/ दाङमा डुबेर ज्यान गुमाउनेको संख्या बर्सेनि बढिरहेको छ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र दाङले दिएको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा जिल्लामा डुबेर मृत्यु हुनेको संख्या दुई सय २८ पुगेको छ । तीमध्ये एक सय ७४ पुरुष र ५४ महिला छन् ।

डुबेर मृत्यु हुनेमा सबैभन्दा धेरै घोराही उपमहानगरपालिकाका छन् । तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा घोराहीका ७१, तुलसीपुरका ४५, लमहीका ३१, राप्तीका २२, गढवाका १६ जनाको मृत्यु भएको छ । यसैगरी बबईका नौ, दंगीशरणका आठ, शान्तिनगर र राजपुरका समान पाँच-पाँच, बंगलाचुलीका तीन तथा अन्य जिल्लाका १६ जनाको पाँच वर्षको अवधिमा डुबेर ज्यान गएको छ । जिल्ला विपत् व्यवस्थापन समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी सुशील वैद्यका अनुसार जिल्लामा आर्थिक वर्ष ०७९/८० मा ४५ जनाको जिल्लाका विभिन्न स्थानमा डुबेर मृत्यु भएको छ । यस्तै, आव ०७८/७९ मा ६३, आव ०७७/७८ मा ५५, आव ०७६/७७ मा ३७ र आव ०७५/७६ मा २९ जनाको डुबेर मृत्यु भएको तथ्यांक छ । डुबेर ज्यान गुमाउनेमा २० वर्षमुनिका ८५ जना छन् ।

प्रमुख जिल्ला अधिकारी वैद्यले १३ महिनाकी शिशुदेखि ८० वर्षमा वृद्धसम्मका व्यक्ति रहेको जानकारी दिए । घोराही- ९ की १३ महिनाकी शिशुको २२ फागुन ०७८ मा घरअगाडि राखेको बाल्टिनको पानीमा डुबेर मृत्यु भएको थियो । बंगलाचुली गाउँपालिका- ७ का ८० वर्षीय दयाराम बुढामगरको २१ असोज ०७९ मा खोला तर्ने क्रममा चिप्लेर मृत्यु भएको थियो । जिल्ला प्रहरी कार्यालय दाङले डुबेर भएका मृत्युमध्ये अधिकांश लापरबाहीका कारण भएको जनाएको छ । 'पानीसँग खेलबाड गर्दा कतिपय घटना भएको पाइएको छ ।

'गम्भीर लापरबाहीका कारण बगाएर, कतिपय घटनामा पौडिन नजान्दा तथा कतिपय घटना भवितव्यका कारण भएका छन्,' जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वीरबहादुर वलीले भने, 'केही घटना पानीमा हामफालेर आत्महत्या गरेका पनि छन् । तर, अधिकांश डुबेर मरेका घटनाको अनुसन्धान गर्दा लापरबाहीका कारण भएको देखिएको छ ।' उनले पानी र आगोसँग कहिले खेलबाड गर्नुहुँदैन भन्ने जान्दाजान्दै पनि बेवास्ता गर्दा ज्यान गुमाएको अवस्था रहेको बताए । जिल्लाको भौगोलिक अवस्था तथा वर्षाका समयमा सावधानी नअपनाउँदा पनि बगाएर वा डुबेर मृत्यु भएका जिल्ला प्रहरी नायब उपरीक्षक प्रहरी प्रवक्ता राजनकुमार गौतमले बताए ।

जनस्वास्थ्यमाथि...

पृष्ठ १ बाट क्रमशः

बजारमा रहेको नेपाल औषधि उत्पादक संघको अनुमान छ । सरकारले फार्मेसीमा भएका औषधि बिक्री नगर्ने तथा नष्ट गर्न कुनै सूचना जारी नगरेकाले अझै पनि यी एन्टिबायोटिक औषधिको प्रयोग हुने खतरा जीवितै छ । किनभने डब्लुएचओले प्रतिबन्ध लगाएको थाहा पाउँदा-पाउँदै पनि चिकित्सकले समेत पेसागत धर्म र नैतिकता बिर्सेर बिरामीलाई निर्बाध सिफारिस गर्दै आएका छन् । विशेषज्ञ डाक्टरबाहेक एमबिबिएस डाक्टर, नर्स र फर्मासिस्टहरूले पनि आफूखुसी बिरामीलाई सिफारिस गर्दै आएका छन् ।

यसमा प्रमुख लापरबाही सरकारकै भएको बताउँछन् त्रिवि शिक्षण अस्पतालका फर्माकोलोजिस्ट (औषधि विशेषज्ञ) डा. प्रदीप ज्ञवाली । 'यो निकै सिरियस विषय हो, त्यतिवेलै सरकारले लागू गर्नुपर्ने थियो, तर दुई वर्षसम्म पनि कार्यान्वयन गरेन, यसले गर्दा कति बिरामी प्रभावित भए होलान्? त्यसको जिम्मेवार को हुने ?' उनले भने ।

डब्लुएचओले प्रतिबन्ध लगाएको, तर नेपालमा प्रयोग हुँदै आएका १४ प्रकारका एन्टिबायोटिक निकै कडा भएकाले यसको प्रयोगपछि अन्य एन्टिबायोटिकले काम गर्न नसक्ने उनको चेतावनी छ । सरकारले गरेको निर्णयबारे जनस्तरमा व्यापक जानकारी दिनुपर्ने र बिक्री-वितरण ठप्प पार्न सरकारले कडा अनुगमन गर्नुपर्ने उनको सुझाव छ । अनुसन्धानकर्तासमेत रहेका डा. ज्ञवालीले भने, 'सरकारले ढिलै भएपनि यो नियम पालना गर्न लागेको छ, बन्देज गरिएका एन्टिबायोटिक औषधिको प्रयोग अब कुनै हालतमा गर्न दिनुहुँदैन । सरकारले देशभरका स्वास्थ्य संस्थामा प्रयोग भए-नभएको अनुगमन गर्न जरुरी देखिन्छ । अन्यथा लुकिछिपी वा थाहा नभएर बिक्री-वितरण हुने अवस्था रहन्छ ।'

बन्देज गरिएका एन्टिबायोटिक औषधि नाक, कान, घाँटी, दाँत तथा सर्जरीलगायतको संक्रमणका वेला प्रयोग गरिन्छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का निर्देशक डा. रुद्र मरासिनी यी एन्टिबायोटिक नेपालमा धेरै प्रयोग हुने गरेको बताउँछन् । 'यी एन्टिबायोटिक औषधि नेपालमा धेरै नै प्रयोग हुने गरेका छन्, तर डब्लुएचओको सूचना थाहा पाएपछि मैले सिफारिस गर्न छाडेको छु,' उनले भने, 'डब्लुएचओले नै सिफारिस गरिसकेपछि सरकारले प्रयोगमा तत्काल प्रतिबन्ध लगाउनुपर्थ्यो ।'

डब्लुएचओले प्रतिबन्ध लगाएको दुई वर्षपछि मात्रै गत १८ भदौमा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग, नेपाल औषधि उत्पादक संघलगायत सरोकारवाला निकायको बैठक बस्यो । उक्त बैठकले नेपालमा उत्पादन र प्रयोगमा ल्याइएका १४ प्रकारका एन्टिबायोटिकको उत्पादन रोक्ने र वितरण नगर्ने निर्णय गरेको थियो । यी एन्टिबायोटिकको दर्ता, नवीकरण, पैठारी र प्रयोगमा प्रतिबन्ध लगाएको छ । त्यस्तै, निर्णय भएको ६ महिनाभित्र त्यस्ता औषधि उत्पादनका लागि लिएको अनुमतिको विवरण विभागमा पेस गर्न उत्पादक र वितरकलाई निर्देशक दिएको छ । सोहीअनुसार आइतबार विभागले सूचना जारी गरेको हो ।

जब कि औषधि उत्पादक संघले नै डब्लुएचओको सूचना आउनेबित्तिकै यी एन्टिबायोटिक प्रयोगमा रोक लगाउन भनेको थियो । संघका उपाध्यक्ष सन्तोष बराल डब्लुएचओको निर्देशनसमेत अटेर गरेर एन्टिबायोटिक प्रयोग गर्नु गलत रहेको बताउँछन् । 'हामीले त डब्लुएचओको सूचना आउँदाबित्तिकै ती औषधि प्रयोग नगर्न भनेका हौं, तर सरकारले समयमै बन्देज गरेन, यो लापरबाही हो ।'डब्लुएचओले प्रतिबन्ध लगाएका १४ एन्टिबायोटिक औषधि उत्पादन गर्ने नेपालमा ६ उद्योग छन् । नेपाल फर्मास्युटिकल्स, देउराली जनता कम्पनी, एसियन औषधि उत्पादक कम्पनी, लोमस औषधि उद्योग, क्युरेक्स औषधि कम्पनी, एसआर औषधि उत्पादक कम्पनीलगायतले उत्पादन गर्ने गरेका छन् । विदेशबाट भने नेपालमा ४० कम्पनीले सप्लाई गर्छन् । माग बढेपछि नै स्वदेशी कम्पनीले करिब ५-६ वर्षदेखि विदेशबाटै कच्चपदार्थ ल्याएर उत्पादन थालेको संघका उपाध्यक्ष बरालले बताए ।

कुन औषधि प्रयोगमा के गर्ने वा डब्लुएचओको निर्णय कार्यान्वयन गर्ने काम औषधि व्यवस्था विभागको हो । विभागका महानिर्देशक नारायणप्रसाद ढकाल डब्लुएचओले प्रयोग नगर्न भनेका औषधि नेपालमा दुई वर्षसम्म चलाइनु गम्भीर विषय भएको स्विकार्छन् । तर, कार्यान्वयनको समयमा आफू उक्त पदमा नभएको बताउँछन् । 'यो निकै गम्भीर विषय हो, तर त्यतिवेला पदमा थिइनँ, म यहाँ आएको तीन महिनामात्रै भयो, त्यतिवेला भरत भट्टराई हुनुहुन्थ्यो, उहाँले किन लागू गर्नुभएन, त्यो थाहा भएन,' उनले भने, 'त्यतिवेला स्वास्थ्य मन्त्रालयले पनि विभागलाई कार्यान्वयन गर्न भनेको रहेछ ।'

तर, तत्कालीन महानिर्देशक भट्टराईले त्यस विषयमा आफूले केही नबोल्ने प्रतिक्रिया दिए । 'त्यतिवेलाको विषयमा अहिले आएर बोल्दिनँ, मैले बोल्ने विषय नै केही छैन । अहिलेका महानिर्देशकलाई सोध्नू ।'

ढिलै भएपनि सरकारले एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न र यसको प्रयोगमा न्यूनीकरण गर्न प्रतिजैविक प्रतिरोधको विश्वव्यापी कार्ययोजनामा मेल खानेगरी 'एक स्वास्थ्य अवधारणा' (वन हेल्थ अप्रोच) अनुरूप राष्ट्रिय कार्ययोजना भने तयार पारेको छ । सोही कार्ययोजनाअनुरूप एन्टिबायोटिक प्रयोगलाई नियन्त्रण गर्न खाजेको विभागले बजारमा रहेका एन्टिबायोटिक प्रयोग नगर्न र त्यसलाई नष्ट गर्न भने कुनै सूचना गरेको छैन ।

एक महिनामा...

पृष्ठ १ बाट क्रमशः

अधिकृत थिए । संघले पाण्डेयलाई १० महिनामै सरुवा गरेर रिमाललाई प्रमुख प्रशासकीय अधिकृत बनाएको थियो । संघ र पालिकाबीचको विवादले कालीगण्डकीमा हाल नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइएको छैन, । अहिले पालिका निमित्त प्रशासकीय अधिकृतले चलाइरहेका छन् ।

इलामको माईजोगमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान राईले कार्यालयभित्रै अनैतिक यौन गतिविधि गरेपछि उनलाई मन्त्रालय तानियो । त्यहाँ ताप्लेजुङको सिरिजंगा गाउँपालिकामा कार्यरत स्काई पोखरेललाई ४ भदौमा पठाइयो । तर, आफूलाई हाजिर गर्न नदिइएको आरोप उनले लगाए । २४ भदौमा पालिकामा हाँजिर गर्न जाँदा पालिका अध्यक्षले नदिएको उनको आरोप छ । 'मन्त्रालयले सरुवा गरेपछि हाँजिर गर्न जाँदा पालिका अध्यक्षले हाँजिर गर्न दिनुभएन,' उनले भने, 'हाँजिर नगराउनुपर्ने आधार र कारण पनि मलाई दिइएन । अहिले मन्त्रालयबाट स्विकृत गरेर बिदामा छु ।'

तर, माईजोगमाईका अध्यक्ष कुशबहादुर थेबे भने पोखरेलले साबिकको पालिकामा लेखापरीक्षण गराउनुपर्ने काम बाँकी रहेको भनेकाले सबै टुंग्याएर आउन भनेको बताउँछन् । 'म कार्यालयमा भएका वेला उहाँ आउनुभएको थिएन । हाजिर गर्नुपूर्व कुराकानी गरेर समन्वयमा अघि बढौं भनेको हुँ । पोखरेल फर्केर आउनुभएको छैन,' थेबेले भने । पोखरेल अहिले गाउँपालिकाको सम्पर्कमा नरहेको उनी बताउँछन् । यो गाउँपालिका अहिले प्रमुख प्रशासकीय अधिकृतविहीन छ । निमित्तले चलाइरहेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार एक महिनामै बैतडीको डिलासैनी, हुम्लाको सिमकोट, कपिलवस्तुको मायादेवी, धनुषाको जनकनन्दिनी, दैलेखको ठाँटीकाँध र सिराहाको बरियारपट्टी गाउँपालिकाले पनि प्रशासकीय अधिकृत फिर्ता पठाएका छन् । यीमध्ये अधिकांशले नयाँ प्रशासकीय अधिकृत पाइसकेका छन् । सिमकोट गाउँपालिकामा सुवास आले, मायादेवी गाउँपालिकामा सुरेश भण्डारी, जनकनन्दिनी गाउँपालिकामा अयोधी दास र बरियारपट्टी गाउँपालिकामा रणजितकुमार यादव नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा पुगेका छन् ।

डिलासैनीमा गणेशसिंह बोहोरा र ठाँटीकाँधमा नेमबहादुर खत्री निमित्त प्रमुख प्रशासकीय अधिकृत छन् ।

सामान्य प्रशासन मन्त्रालयले लोकसेवा आयोगबाट भर्खर नियुक्ति पाएका ८० शाखा अधिकृतलाई ४ भदौमा प्रशासकीय अधिकृत बनाएर पदस्थापन गरेको थियो ।

पूर्वसामान्य प्रशासन सचिव पूर्णचन्द्र भट्टराई एउटा तह (संघ) ले कानुनबमोजिम पठाएको कर्मचारीलाई अर्को तह (पालिका)ले हाजिर नगराउने र फिर्ता गर्ने कुरा सामान्यतया कल्पना पनि गर्न नसकिने बताउँछन् । स्थानीय तहमा कर्मचारी खटाउँदा संघीय मन्त्रालयले प्रभावकारी समन्वय गर्न नसकेको र केही हदमा स्थानीय तहको पनि कमजोरी रहेको उनी बताउँछन् । 'कानुनमा लेखे पनि नलेखे पनि संघीय मन्त्रालयले स्थानीय तहसँग समन्वय गरेर काम गर्नुपर्छ । मन्त्रालय यसमा चुकेकोजस्तो लाग्छ,' उनले भने, 'संघले पठाएका कर्मचारीभन्दा निमित्तसँग काममा रुचि देखाउने समस्या स्थानीय तहमा छ ।' संघीय निजामती सेवा ऐन नआउँदा पनि यस्ता समस्या निम्तिएको उनको भनाइ छ ।

भट्टराईले भनेझैं संविधान जारी भएको आठ वर्षसम्म पनि संघ सरकारले निजामती सेवा ऐन जारी गर्न नसक्दा कर्मचारी खटनपटनमा समस्या भइरहेको छ । विशेषगरी प्रमुख प्रशासकीय अधिकृतका सवालमा संघ र स्थानीय तहबीच चरम विवाद छ । मापदण्डविना मन्त्रालय मनलाग्दी सरुवामा छ भने स्थानीय तहका जनप्रतिनिधिले स्वार्थअनुकूल कर्मचारी खोज्दा पालिका प्रशासकीय अधिकृतविहीन हुने र निमित्तको भरमा चल्ने परम्परा नै बनेको छ । जसको असर सेवा प्रवाहमा देखिएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सुमन दाहाल पनि निजामती सेवा ऐन नआउँदा धेरै असर देखिएको बताउँछन् । त्यसमध्येको एउटा समस्या कर्मचारीको खटनपटन र सरुवा व्यवस्थापन रहेको उनको भनाइ छ । मन्त्रालयले प्रायः पालिकासँग समन्वय गरेर नै कर्मचारी खटाउने भए पनि सबै कुरा संघीय मन्त्रालयले पनि थाहा नपाउने उनी बताउँछन् । कतिपय समस्या स्थानीय तहमै रहेको उनको भनाइ छ । 'संघले प्रमुख प्रशासकीय अधिकृत पठाउन खोज्दा नपठाइदिए हुन्थ्यो, आफूले रोजेकै चाहिने, निमित्तले नै काम गराउन पाए हुन्थ्यो जस्ता रुचि स्थानीय तहबाट पनि आउने गरेका छन्,' उनले भने, 'स्थानीय तह आफैं पनि सरकार हो, सम्मान उसलाई पनि दिनुपर्छ । तर, उसले खोजेकै पनि दिन सकिन्नँ ।'

कर्मचारी खटनपटनमा समस्या रहेको, तर त्यसलाई सुधार्ने बाटोमा मन्त्रालय रहेको उनी बताउँछन् । 'स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको खटनपटनलाई व्यवस्थित गर्नुपर्छ र त्यसलाई स्थिरता दिनुपर्छ भन्ने सोचमा मन्त्रालयले पनि काम गरिरहेको छ ।'

स्थानीय तहहरू भने कर्मचारी खटनपटनमा संघले मनोमानी गरेको आरोप लगाउँछन् । कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा प्रमुख प्रशासकीय अधिकृतको सरुवामा संघीय मन्त्रालयले मनोमानी गरेको बताउँछन् । संघले मनोमानी गरेपछि नयाँ पठाएको प्रमुख प्रशासकीयलाई आफूले फिर्ता पठाएको उनले बताए । 'यो कोही व्यक्ति विशेष र ऊसँगको मामिला होइन,' उनी भन्छन्, 'कर्मचारी खटनपटन पनि एउटा थितिमा हुनुपर्छ ।'

आफूनै गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सरुवा हुँदा आफूलाई थाहै नभएको उनको भनाइ छ । प्रमुख प्रशासकीय अधिकृतले काम गरिरहेको अवस्थामा जानकारी र समन्वय नै नगरी हठात् सरुवा गरेकामा उनले रोष प्रकट गरे । १० महिनामै प्रमुख प्रशासकीयको सरुवा गर्नु गलत भएको उनको भनाइ छ । 'एकपटक सरुवा गरेर पठाएपछि कम्तीमा दुई वर्ष त काम गर्न दिनुपर्‍यो,' उनले भने, 'विशेष अवस्थामा बीचमा चलाउनुपर्ने भए पनि समझदारीमा गर्नुपर्छ, मनलाग्दी गरेर हुँदैन ।'

संघीय निजामती सेवा ऐन नआउँदा समस्या निम्तिएको छ



- **पूर्णचन्द्र भट्टराई, पूर्वसचिव**

संघले कानुनबमोजिम पठाएका कर्मचारीलाई अर्को तह (पालिका)ले हाजिर नगराउने र फिर्ता गर्ने सामान्यतः कल्पना नै गरिँदैन । कमजोरी मन्त्रालय र पालिका दुबैमा छन् । संघले पठाएका कर्मचारीभन्दा निमित्तसँग काममा रुचि देखाउने समस्या पालिकामा छ भने संघले कर्मचारी खटाउँदा स्थानीय तहसँग समन्वय गर्नुपर्नेमा वास्ता गरेको छैन । संघीय निजामती सेवा ऐन नआउँदा समस्या निम्तिएका हुन् ।

संघले पालिकामा कर्मचारी खटाउँदा मनोमानी गरेको छ



- **खिमबहादुर थापा, अध्यक्ष कालीगण्डकी गाउँपालिका**

संघले पालिकामा कर्मचारी खटाउँदा मनोमानी गरेको छ । मन्त्रालयले कर्मचारी खटाउँदा कम्तीमा खाली भएको ठाउँ र वेलामा पठाउनुपर्‍यो । एकपटक कर्मचारी खटाएपछि पटक-पटक चलाउनुभएन । कम्तीमा दुई वर्ष सरुवा नगर्ने व्यवस्था गर्नुपर्‍यो । विशेष अवस्थामा चलाउनुपर्ने भए पनि समझदारीमा गर्नुपर्छ । मनलाग्दी गरेर हुँदैन ।

स्थानीय तहले खोजेकै दिन सकिँदैन



- **सुमन दाहाल, सहसचिव, संघीय मामिला मन्त्रालय**

मन्त्रालयले प्रायः पालिकासँग समन्वय गरेर नै कर्मचारी खटाउँछ । सबै कुरा त संघीय मन्त्रालयले पनि थाहा पाउँदैन । अर्कोतिर स्थानीय तह प्रशासनिक मात्र नभएर राजनीतिक संरचना पनि हो । त्यसैले, राजनीतिक विषय त्यहाँ पनि हुन्छन् । संघले प्रमुख प्रशासकीय अधिकृत पठाउन खोज्दा नपठाइदिए हुन्थ्यो, आफूले रोजेकै चाहिने, निमित्तले नै काम गराउन पाए हुन्थ्यो जस्ता रुचि स्थानीय तहबाट पनि आउने गरेका छन् । स्थानीय तह आफैं पनि सरकार हो, सम्मान उसलाई पनि दिनुपर्छ, तर उसले खोजेकै पनि दिन सकिन्नँ । कर्मचारी खटनपटनमा समस्या छन् । यसलाई सुधार गर्दै जाने हो । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको खटनपटनलाई व्यवस्थित गर्नुपर्छ र त्यसलाई स्थिरता दिनुपर्छ भन्ने सोचमा मन्त्रालयले पनि काम गरिरहेको छ । संघीय निजामती सेवा ऐन नआउँदा देखिएका असरमध्ये कर्मचारीको खटनपटन र सरुवा व्यवस्थापन पनि हो ।

ॐ

॥ न जायते म्रियते वा कदाचि नायं भूत्वा भविता वा न भूयः
अजो नित्यः शाश्वतोयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥
भगवद् गीता २–२०

हार्दिक श्रद्धाञ्जली



जन्म
ई.सं. १३ मार्च १९३८

स्वर्गारोहण
ई.सं. ९ सेप्टेम्बर २०२३

स्व. श्याम लाल गर्ग

हरपल फुड्स प्रा. लि. का संस्थापक श्री रवीन्द्र कुमार गर्गज्यूका पुजनीय पिता श्याम लाल गर्गको ८५ वर्षको उमेरमा मिति २०८० साल भदौ महिनाको २३ गतेका दिन भएको असमायिक निधन प्रति हामी स्तब्ध भएका छौं । तेह्रौं दिनको पुण्य तिथिको अवसरमा दिवगंत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजन, ईष्टमित्र तथा शुभचिन्तकहरू प्रति गहिरो सहानुभूति प्रकट गर्दै धैर्य धारण गर्ने शक्ति मिलोस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अध्यक्ष
हरपल फुड्स प्रा. लि. परिवार
का.म.पा.-१४, कुलेश्वर, काठमाडौं

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: ***2080/06/04 (Sept 21,2023)***

1. *The* ***Province Health Logistic Management Center Dhangadhi-05, Kailali*** *invites* ***electronic*** *bids from eligible bidders for the* ***Procurement Supply & Delivery of Medicines for Basic & Emergency Health service.*** *under National competitive bidding –* ***Single Stage Two Envelope procedures*** *specified in public procurement Act & Regulations as:*

IFB no:-	*Description of Goods:*	*Bid Security*	*Bid Security Validity*
PHLMCSP/G/NCB-03/2080-081	*Procurement Supply & Delivery of Medicines for Basic & Emergency Health service.*	*Nrs.4,30,000/-*	*2080/11/12 (feb 24,2024)*

2. *Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system* **www.bolpatra.gov.np/egp.** *For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com*

Acting Director

बिहीबार ४ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

यस्तो छ एसियन खेलकुदको इतिहास

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

चीनमा १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)को उद्घाटन शनिबार हुँदै छ। उद्घाटनअगाडि पुरुष फुटबल, महिला क्रिकेट र पुरुष भलिबल प्रतियोगिताका खेल सुरु भइसकेका छन्। नेपाल पुरुष भलिबलतर्फ लगातार दुई खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिसकेको छ। चीनले सन् २०१० पछि प्रतियोगिता आयोजना गर्न लागेको हो। दक्षिण एसियाली राष्ट्र भारतले सन् १९५१ मा पहिलोपटक प्रतियोगिताको पहिलो संस्करण आयोजना गरेको थियो। पहिलो संस्करणमा ६ खेलमा खेलाडीले भाग लिए। यसपटक चीनको हाङ्झाउ सहरमा हुने एसियाडमा ४५ देशका खेलाडीले ४० खेलमा चार सय ८१ इभेन्टमा प्रतिस्पर्धा गर्नेछन्। कोभिडका कारण प्रतियोगिता निर्धारित समयभन्दा एक वर्षपछि हुन गइरहेको छ। तेह्रोपटक प्रतियोगिता आयोजना गर्न अवसर पाएको चीनले अहिलेसम्म सर्वाधिक एक हजार चार सय ७३ स्वर्ण जितेको छ। नेपालले पहिलो संस्करणदेखि नै प्रतियोगितामा भाग लिएको छ। नेपालले सन् १९८६ को दक्षिण कोरियाको सोलमा भएको १०औँ एसियाडमा पहिलोपटक पदक जितेको थियो।

१ सन् १९५१ नयाँदिल्ली (भारत)

एसियाली राष्ट्रहरूको मिनी ओलम्पिक मानिने एसियाडको पहिलो संस्करण भारतमा भएको थियो। सन् १९५१ मा तत्कालीन एसियन गेम्स फेडेरेसनले भारतलाई एसियाड आयोजना गर्ने अवसर दियो। सन् १९८२ देखि ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले एसियाड गरिरहेको छ। भारतले तयारीमा ढिलो गर्दा निर्धारित समयभन्दा एक वर्षपछि प्रतियोगिताको आयोजना गऱ्यो। पहिलो संस्करणमा ११ राष्ट्रका खेलाडीले भाग लिए। नेपालले समेत डेब्यु गरेको एसियाडमा विभिन्न ६ खेलमा एक सय ६९ पदकका लागि खेलाडीले प्रतिस्पर्धा गरे। जापानले सर्वाधिक २४ स्वर्ण जित्यो। भारत १५ स्वर्णसहित दोस्रो भयो।

२ सन् १९५४ मनिला (फिलिपिन्स)

फिलिपिन्सको मनिलामा १९५४ मे १ देखि ९ सम्म दोस्रो संस्करण भयो। यसपटक खेलाडीले आठ खेलमा भाग लिए। मनिलामा १९ राष्ट्रका नौ सय ७० खेलाडी दुई सय २९ पदकका लागि भिडे। लगातार दोस्रोपटक पनि पदक तालिकाको शीर्ष स्थानमा रहेको जापानले सर्वाधिक ३८ स्वर्ण जित्यो। फिलिपिन्स १८ स्वर्णका साथ दोस्रो भयो।

३ १९५८ टोकियो (जापान)

जापानको टोकियोमा सन् १९५८ मे २४ देखि जुन १ सम्म भएको तेस्रो संस्करणमा २० राष्ट्रका एक हजार आठ सय २० खेलाडीले भाग लिएका थिए। आयोजक जापानले यसपटक चार खेल थप गरेको थियो। खेलाडीले १२ खेलमा तीन सय ५० पदकका लागि प्रतिस्पर्धा गरे। जापानले लगातार तेस्रोपटक पदक तालिकाको शीर्ष स्थानमाथि कब्जा जमायो। जापानले ६७ स्वर्ण हात पारेको थियो।

४ सन् १९६२ जाकार्ता (इन्डोनेसिया)

इन्डोनेसियाले भौतिक पूर्वाधारमा सुधार गरेपछि सन् १९६२ अगस्ट २४ देखि सेप्टेम्बर ४ सम्म चौथो संस्करणको एसियाड आयोजना गर्न अवसर पायो। यसपटक एक खेल मात्र थप हुँदा १३ खेलमा खेलाडीले तीन सय ७२ पदकका लागि प्रतिस्पर्धा गरेका थिए। जाकार्ताको मुख्य रंगशाला बुङ कार्नो रंगशालामा उद्घाटन र समापन भएको थियो। १७ राष्ट्रबाट एक हजार चार सय ६० खेलाडी सहभागी थिए। जापान ७३ स्वर्णका साथ शीर्ष स्थानमा रह्यो। आयोजक इन्डोनेसिया ११ स्वर्णका साथ दोस्रो स्थानमा रह्यो।

५ सन् १९६६ बैंकक (थाइल्यान्ड)


थाइल्यान्डका राजा भुमिबोलले सन् १९६६ डिसेम्बर ९ मा एसियाडको उद्घाटन गरेका थिए। २० डिसेम्बरसम्म बैंककमा चलेको एसियाडमा १८ राष्ट्रका एक हजार नौ सय ४५ खेलाडीले भाग लिए। पाँचौँ संस्करणमा १४ खेलमा चार सय ६० पदकका लागि प्रतिस्पर्धा भएको थियो। जापान ७८ स्वर्णका साथ शीर्ष स्थानमा रह्यो। दक्षिण कोरिया १२ स्वर्ण जित्दै दोस्रो भयो। समान १२ स्वर्ण जितेको थाइल्यान्ड रजतमा पछि पर्दा तेस्रो भयो।

६ सन् १९७० बैंकक (थाइल्यान्ड)

एसियाडको इतिहासमा ब्याक टु ब्याक प्रतियोगिता आयोजना गर्ने थाइल्यान्ड पहिलो राष्ट्र हो। दक्षिण कोरियाले छैटौँ संस्करण गर्नुपर्ने थियो। तर, दक्षिण र उत्तर कोरियाबीचको अन्तरिक द्वन्द्वसँगै सुरक्षा व्यवस्थामा प्रश्न उठेपछि थाइल्यान्डले प्रतियोगिता आयोजना गऱ्यो। यसपटक १५ खेलमा खेलाडीहरूले चार सय २३ पदकका लागि भिडे। १८ राष्ट्रका २४ सय खेलाडीले भाग लिए। पुनः एकपटक जापान ७४ स्वर्णका साथ शीर्ष स्थानमा रह्यो।

७ सन् १९७४ तेहरान (इरान)

पहिलोपटक एसियन खेलकुद मध्यपूर्वी एसियामा भयो। इरानको तेहरानमा सन् १९७४ सेप्टेम्बर १ देखि १६ सम्म प्रतियोगिता आयोजना भयो। इरानका मोहमद रेजाले प्रतियोगिताको उद्घाटन गरेका थिए। सातौँ संस्करणमा १८ खेलमा ६ सय नौ पदकका लागि खेलाडीले प्रतिस्पर्धा गरेका थिए। लगातार जापानले पदक तालिकामा एकछत्र राज गर्दै ७५ स्वर्णका साथ शीर्ष स्थानमा रह्यो। आयोजक इरान दोस्रो स्थानमा रहँदा ३६ स्वर्ण हात पारेको थियो।



सन् १९५१ मा नयाँदिल्लीमा भएको पहिलो एसियाडमा आयोजक भारतका खेलाडी मार्चपास गर्दै।

८ सन् १९७८ बैंकक (थाइल्यान्ड)

त्यसवेला पूर्वी एसियामा भौतिक, आर्थिक तथा खेलकुद संरचनामा थाइल्यान्ड निकै बलियो देखियो। थाइल्यान्डले आठ वर्षपछि एसियाड आयोजना गर्दै ह्याट्रिक गऱ्यो। छोटो समयमै तेस्रोपटक प्रतियोगिता आयोजना गर्न अवसर पाउने थाइल्यान्ड पहिलो राष्ट्र हो। यसअघि सिंगापुरले प्रतियोगिता आयोजना गर्ने भनिएको थियो। तर, सिंगापुरमा पनि सुरक्षाका कारण प्रतियोगिता गर्न नमिलेपछि छिमेकी राष्ट्र थाइल्यान्डले आयोजना गर्ने अवसर पायो। यसपटक १९ खेलमा खेलाडीहरूले ६ सय २६ पदकका लागि प्रतिस्पर्धा गरे। प्रतियोगितामा २५ राष्ट्रका तीन हजार आठ सय ४२ खेलाडीले सहभागिता जनाए। जापान ७० स्वर्णका साथ शीर्ष स्थानमा रह्यो।

९ सन् १९८२ नयाँदिल्ली (भारत)

इतिहासमै पहिलोपटक आयोजना गरेको भारतलाई दोस्रोपटक प्रतियोगिता गर्ने अवसर ३१ वर्षपछि जुऱ्यो। भारतले सन् १९८२ नोभेम्बर १९ देखि डिसेम्बर ४ सम्म नयाँदिल्लीमै एसियाड गऱ्यो। प्रतियोगितामा २१ खेलमा चार हजार पाँच सय ५९ खेलाडीले भाग लिएका थिए। ३३ राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गर्दा गल्फ, ह्यान्डबल, हर्स राइडिङ र रोविङ नयाँ खेलका रूपमा रह्यो। लगातार आठौँ संस्करणसम्म पदक तालिकाको शीर्ष स्थानमा रहेको जापानको आधिपत्यलाई चीनले तोडेको थियो। चीन सर्वाधिक ६१ स्वर्णका साथ शीर्ष स्थानमा रह्यो। पहिलोपटक दोस्रो स्थानमा झरेको जापानले ५७ स्वर्ण हात पारेको थियो।

१० सन् १९८६ सोल (दक्षिण कोरिया)

अघिल्लोपटक प्रतियोगिता आयोजना गर्नबाट वञ्चित भएको दक्षिण कोरियाले सन् १९८६ को सेप्टेम्बर २० देखि अक्टोबर ५ सम्म दशौँ संस्करण गऱ्यो। २७ राष्ट्रका खेलाडीले २४ खेलमा आठ सय ४८ पदकका लागि प्रतिस्पर्धा गरेका थिए। यसपटक चार हजार आठ सय ३९ खेलाडीले भाग लिए। चीनले पदक तालिकामा लगातार दोस्रोपटक आफ्नो प्रभुत्व देखायो। चीनले सर्वाधिक ९४ पदक जित्यो। राम्रो तयारी गरेको दक्षिण कोरिया ९३ स्वर्णका साथ दोस्रो स्थानमा रह्यो। जापान पहिलोपटक शीर्ष दुईको रेसबाट टाढियो। अस्वाभाविक रूपमा नेपालले यसै एसियाडमा पहिलोपटक पदक जित्यो। बक्सिङ र तेक्वान्दोका खेलाडीले नेपाललाई पदक दिलाए।

११ १९९० बेइजिङ (चीन)

एसियाली खेलकुद चीनले आयोजना गर्दा धेरैजसोले विरोध नै गरेका थिए। चीनले सन् १९९० को सेप्टेम्बर २२ देखि अक्टोबर ७ सम्म बेइजिङमा एसियाड आयोजना गऱ्यो। यसपटक २७ खेलमा सर्वाधिक ३६ राष्ट्रका ६ हजार एक सय १२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। चीनले बेसबल र सफ्ट टेनिसलाई प्रदर्शनी खेलमा राखेको थियो। चीनले घरमै आयोजना गरेको प्रतियोगितामा सर्वाधिक एक सय ८३ स्वर्ण जितेको थियो।

१२ सन् १९९४ हिरोसिमा (जापान)

सन् १९६४ पछि जापानले दोस्रोपटक एसियाड आयोजना गर्न ३० वर्ष प्रतीक्षा गऱ्यो। जापानले प्रतियोगिताको आयोजना दोस्रो विश्वयुद्धमा ध्वस्त भएको सहर हिरोसिमामा गरेको थियो। जापानले सन् १९९४ अक्टोबर २ देखि १६ सम्म आयोजना गरेको प्रतियोगितामा ४२ राष्ट्रका ६ हजार आठ सय २८ खेलाडी सहभागी थिए। ३४ खेलमा सर्वाधिक एक हजार ७९ पदकका लागि खेलाडीले प्रतिस्पर्धा गरे। चीनले लगातार शीर्ष स्थानमाथि कब्जा जमाउँदै एक सय २६ स्वर्ण जित्यो।

१३ सन् १९९८ बैंकक (थाइल्यान्ड)

एसियाडको इतिहासमा चारपटक प्रतियोगिता गर्न अवसर पाउने पहिलो राष्ट्र थाइल्यान्ड हो। थाइल्यान्डले दुई दशकपछि १३औँ संस्करण आयोजना गर्दा ३६ खेल समावेश गरेको थियो। सन् १९९८ डिसेम्बर ६ देखि २० सम्म बैंककमा आयोजना भएको एसियाडमा ४१ राष्ट्रका ६ हजार पाँच सय ५४ खेलाडीले प्रतिस्पर्धा गरे। खेलाडीले एक हजार दुई सय २५ पदकका लागि प्रतिस्पर्धा गरे। चीनले पदक तालिकामा सर्वाधिक एक सय २९ स्वर्ण जित्यो।

> सन् १९५१ को पहिलो एसियाडदेखि सहभागी नेपालले १०औँ संस्करणमा आएर पदक जितेको थियो। तेक्वान्दोकी सविता राजभण्डारीले सन् १९९८ मा नेपाललाई पहिलोपटक रजतपदक दिलाएकी थिइन्। पाँच वर्षअघि इन्डोनेसियामा प्यारागलाइडिङको टिम इभेन्टसमा नेपाली टोलीले दोस्रोपटक रजत हात पाऱ्यो।

१४ सन् २००२ बुसान (दक्षिण कोरिया)

दक्षिण कोरियाले बुसानलाई आधुनिक सहरका रूपमा परिचित गराउन एसियाड आयोजना गरेको थियो। सन् २००२ सेप्टेम्बर २९ देखि अक्टोबर १४ सम्म बुसानमा आयोजना भएको एसियाडमा ३८ खेलमा ४४ राष्ट्रका सात हजार सात सय ११ खेलाडीले भाग लिएका थिए। कोरियाले प्रतियोगितामा चार सय १९ इभेन्ट राखेको थियो। यसटक खेलाडीहरूले एक हजार तीन सय ५० पदकका लागि प्रतिस्पर्धा गरेका थिए। चीनले सर्वाधिक १५० स्वर्ण हात पारी शीर्ष स्थानमाथि कब्जा जमायो।

१५ सन् २००६ दोहा (कतार)

पूर्वी मध्यएसियामा दोस्रोपटक एसियाड आयोजना गर्न तीन दशकभन्दा बढी समय लाग्यो। कतारको दोहामा सन् २००६ को १ डिसेम्बरदेखि १६ सम्म प्रतियोगिता आयोजना भएको थियो। दोहा एसियाडमा ओलम्पिक काउन्सिल अफ एसियामा आबद्ध सबै ४५ राष्ट्रले भाग लिए। यसपटक खेलसँगै खेलाडी संख्या पनि बढ्यो। ९ हजार पाँच सय २० खेलाडीले ३९ खेलमा एक हजार तीन सय ९३ पदकका लागि भाग लिए। चीनले सर्वाधिक एक सय ६५ स्वर्ण जित्यो। नेपालका दीपक विष्टले ब्याक टु ब्याक कांस्य पदक जित्दै नेपाली खेलकुदमा इतिहास बनाए।

१६ सन् २०१० ग्वाङझाउ (चीन)

चीनले २० वर्षपछि पुनः एकपटक एसियाड आयोजना गर्न अवसर पायो। १६औँ संस्करणको आयोजक राष्ट्र बनेको चीनले प्रतियोगिता औद्योगिक सहर ग्वाङझाउमा सन् २०१० को नोभेम्बर २ देखि ११ सम्म गऱ्यो। यसपटक ४२ खेलमा एक हजार पाँच सय ७७ पदकका लागि ४५ राष्ट्रका नौ हजार सात सय ४ खेलाडीले भाग लिए। आयोजक चीनले शीर्ष स्थानमा रहँदा एक सय ९९ स्वर्ण जित्यो।

१७ सन् २०१४ इन्चोन (दक्षिण कोरिया)

दक्षिण कोरियाको इन्चोनमा १७औँ एसियाड भयो। कोरियाले सन् २०१४ सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म प्रतियोगिता आयोजना गर्दा ४५ राष्ट्रका नौ हजार पाँच सय एक खेलाडीले भाग लिए। यसपटक ३६ खेलमा एक हजार चार सय ५४ पदकका लागि प्रतिस्पर्धा भयो। अघिल्लो संस्करणको तुलनामा चीनको स्वर्ण संख्या कम हुँदा पनि शीर्ष स्थानमै रह्यो। चीनले सर्वाधिक एक सय ५१ स्वर्ण हात पाऱ्यो।

१८ सन् २०१८ जाकार्ता (इन्डोनेसिया)

सन् १९६२ पछि इन्डोनेसियाले दोस्रोपटक एसियाड आयोजना गर्न अवसर पायो। इन्डोनेसियाले पहिलोपटक दुई सहरमा प्रतियोगिता आयोजना गरेको थियो। १८औँ संस्करण सन् २०१८ अगस्ट १८ देखि सेप्टेम्बर २ सम्म भएको थियो। यसपटक ४० खेलमा ४५ राष्ट्रका खेलाडीले चार सय ६५ स्वर्णका लागि प्रतिस्पर्धा गरेका थिए। चीनले शीर्ष स्थानमा रहन सर्वाधिक एक सय ३२ स्वर्ण जित्यो। पदक तालिकामा जापान दोस्रो र दक्षिण कोरिया तेस्रो भयो। आयोजक इन्डोनेसिया चौथो भयो। नेपालले २० वर्षपछि एसियाडमा दोस्रोपटक रजत जित्यो। प्यारागलाइडिङको क्रसकन्ट्रीको टिम इभेन्टमा नेपालले रजत जितेको थियो।

वडा १४ लाई फुटसल उपाधि



काठमाडौं/ वडा १४ ले बुधबार महानगरपालिकाका वडाहरूबीच लैनचौर फुटसल मैदानमा भएको प्रतियोगिताको फाइनलमा वडा १३ लाई ३-२ ले हराउँदै उपाधि हात पारेको छ। वडा १४ का मनीष रानाभाटले दुई गोल गरेका थिए। च्याम्पियन टोलीलाई दिलीप थापाले एक गोल गरे। वडा १३ का अभय राना र आशिष कपालीले एक-एक गोल गरे। फाइनलमा वडा १४ का आरोन खड्का म्यान अफ दी म्याच भए। उपाधि विजेताले दुई लाख र उपविजेताले एक लाख पाएका छन्। विधागततर्फ उत्कृष्टमा वडा १३ का आशिष कपाली सर्वश्रेष्ठ खेलाडी भए। वडा १४ का मनीष सर्वाधिक गोलकर्ता बने। वडा १४ कै विपिन थापामगर सर्वश्रेष्ठ गोलरक्षक घोषित भए। तीनै उत्कृष्ट खेलाडीले जनही दश हजार रुपैयाँ पाए। प्रतियोगिताको विजेता र खेलाडीलाई काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाह, उपप्रमुख सुनिता डंगोल र वडा २३ का अध्यक्ष मचाराजा महर्जनले पुरस्कृत गरेका थिए।

बुल्समेन शारीरिक सुगठन शनिबार

काठमाडौं/ बुल्समेन क्लब पोखराको आयोजनामा मिस्टर बुल्समेन खुला राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिताको चौथो संस्करण ६ आसोजमा हुने भएको छ। यसअघि, प्रतियोगिता ०७१, ०७३ र ०७५ मा भएको थियो। कोरोनाका कारण ०७७ मा प्रतियोगिता हुन सकेन। प्रतियोगितामा पुरुषतर्फ बडीबिल्डिङमा ५५, ६०, ६५, ७०, ७५, ८० र ८० केजी तौलमाथि समूह इभेन्ट्स रहेको छ। फिजिकमा एक सय ७० सेमिभन्दा माथि गरी नौ विधा समावेश गरिएको आयोजकले जनाएको छ। यसैगरी, महिलातर्फ महिला फिजिक हुनेछ। ओभरल च्याम्पियनले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्।

■ साफ यू-१९ च्याम्पियनसिप आजदेखि

सहभागी टोलीका प्रशिक्षक र कप्तानको उपाधि जित्ने दाबी

रमेश सुवेदी/नयाँ पत्रिका

पाँचौँ दक्षिण एसियाली यू-१९ फुटबल च्याम्पियनसिप (साफ) आजदेखि दशरथ रंगशालामा सुरु हुँदै छ। सहभागी ६ राष्ट्रका कप्तान तथा प्रशिक्षकले उपाधि जित्ने योजना बनाएका छन्। घरेलु टोली नेपालले तेस्रोपटक उपाधि जित्ने लक्ष्य राखेको छ। प्रशिक्षक सुनील श्रेष्ठ र कप्तान जियारथ शेखले उपाधि जित्न टोली सक्षम रहेको बताएका छन्। नेपालका मुख्य प्रशिक्षक र कप्तान घरेलु मैदानको वातावरण र समर्थकको साथ पाउनेमा आशावादी छन्। नेपालले पछिल्ला दुई संस्करणमा राम्रो प्रदर्शन गरेको छैन। लगातार दुई संस्करणको विजेता नेपाल तेस्रोमा समूह चरणबाटै बाहिरिएको थियो। गत संस्करणमा तेस्रो भएको थियो। यसपटक नेपाली टोलीमा यू-१६ र यू-१७ राष्ट्रिय टोलीमा प्रतिनिधित्व गरिसकेका खेलाडी छन्।

प्रशिक्षक श्रेष्ठले घरेलु मैदानमा उपाधि जित्ने दाबी गरेका छन्। 'दरशथ रंगशालामै हामीले पहिलो संस्करणको उपाधि जितेका थियौँ, अहिले सोही कथा दोहोऱ्याउने लक्ष्य छ,' उनले भने। उनले सहभागी सबै टोलीले उपाधि जित्न सक्ने जनाए। 'सहभागी सबै टोली बराबरीकै छन्। सबैको लक्ष्य उपाधि नै हो, नेपाल क्रमिक रूपमा अगाडि बढी उपाधि उचाल्ने योजनामा छ,' उनले भने। नेपालका कप्तान शेखले तयारी उत्कृष्ट रहेको र प्रतियोगिता जित्न खेल्ने बताएका छन्। प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, माल्दिभ्स, भुटान र पाकिस्तानको सहभागिता छ। खेलअघि भएको पत्रकार सम्मेलनमा पाँच टोली सहभागी हुँदा पाकिस्तान आइनपुगेकाले सहभागी भएन।

नेपाल र भारत समान दुईपटक च्याम्पियन

प्रतियोगितामा नेपाल र भारत समान दुईपटक च्याम्पियन हुन्। भारतले तेस्रो र चौथो संस्करण जितेको थियो। पहिलो तीन संस्करण यू-१९ आधारमा भएको थियो। कोरोना महामारीका कारण एक वर्षपछि सन् २०२० मा आयोजना भएको प्रतियोगितामा यू-२० उमेरसमूहको साफ च्याम्पियनसिप खेलाइएको थियो। सन् २०१५ मा सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको पहिलो संस्करणमा भारतलाई हराउँदै नेपाल च्याम्पियन भएको थियो। विमल घर्तीमगरको कप्तानीमा नेपालले फाइनल जितेको हो। सन् २०१७ मा भुटानको थिम्पुमा भएको प्रतियोगिता पनि नेपालले जित्यो। गोलरक्षक अर्पण कार्कीको कप्तानीमा नेपाल राउन्ड रोबिन पद्धतिमा भएको प्रतियोगिताको शीर्ष स्थानमा रहँदै च्याम्पियन भएको थियो। सन् २०१९ को तेस्रो संस्करण नेपालमै आयोजना भयो। तर, घरेलु मैदानमा उपाधिमाथि ह्याट्रिक गर्ने दाउमा रहेको नेपाल समूह चरणबाट माथि बढ्न सकेन। जय गुरुङको कप्तानीमा रहेको नेपाली टोली असफल भएपछि प्रशिक्षक चेतनारायण श्रेष्ठले राजीनामा दिएका थिए।



तस्बिर : दिपेन्द्र दुंगाना/ नयाँ पत्रिका

दुई वर्षदेखि निरन्तर अभ्यासमा भारत

प्रतियोगितामा आयोजक नेपालसहित केही राष्ट्रको तयारी दुई महिनाको मात्रै रहँदा भारतीय टोलीले दुई वर्षदेखि निरन्तर अभ्यास गरेको छ। भारत प्रतियोगिताको सबैभन्दा बलियो टोली हो। पछिल्लो समय भारतीय जुनियर खेलाडीले सानदार प्रदर्शन गर्दै आएका छन्। अधिकांश युथ टोलीको उपाधि जितेको छ। भारतले गत महिना मात्रै भएको साफ यू-१६ च्याम्पियनसिपको उपाधि हात पारेको थियो। साफ यू-२० को पछिल्लो संस्करणको विजेता पनि भारत नै हो। भारतका प्रशिक्षक शुभेन्दु पान्डाले तयारी राम्रो भएको र सुखद नतिजा आउने विश्वास गरे। 'सन् २०२१ देखि लगातार प्रशिक्षणमा रहँदा हाम्रो टोली सन्तुलित छ। यो दुई वर्ष टोली निर्माणमै रह्यौँ। अब नतिजा देखाउने समय आएको छ,' उनले भने। भारतीय खेलाडी साउदी अरेबियामा प्रशिक्षण गरी काठमाडौं आएका हुन्।

बंगलादेशी प्रशिक्षक रसिद अहमदले चार हप्ताको मात्रै अभ्यास भएको र लगातार फाइनलमा स्थान बनाउन खेल्ने बताएका छन्। माल्दिभ्सका प्रशिक्षक अहमद साकिरले सबै खेलाडी घरेलु लिग खेलेको भए पनि बन्दसत्र कम समय भएको बताए। भुटानका प्रशिक्षक हाइडहरू टाकाहसीले चुतौनी सामना गर्न तयार रहेको बताएका छन्।

खेल संक्षेप

बक्सिङ खेलाडीको बिदाइ



काठमाडौं/ नेपाल बक्सिङ महासंघले १९औँ एसियाली खेलकुद प्रतियोगितामा सहभागी हुने विभिन्न १३ तौल समूहका खेलाडीलगायत अफिसियलहरूलाई बुधबार बिदाइ गरेको छ। चीनमा सेप्टेम्बर २१ देखि ८ अक्टोबरसम्म हुने प्रतियोगितामा बक्सिङले भाग लिनेछ। बक्सिङको खेल २४ सेप्टेम्बरमा हुनेछ। बिदाइमा खेलाडीहरूलाई स्पोर्ट्स् साइक्लोजिस्ट डाक्टर इन्द्र गुरुङ र महासंघका सचिव पुष्करराज पन्तले मोटिभेटसनल प्रशिक्षण र जितको मानसिकता विधिहरू सिकाएका थिए।

सत्यसाई र पारामाउन्टको जित

काठमाडौं/ सत्यसाई र पारामाउन्ट १७औँ ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा विजयी भएका छन्। सत्यसाईले युनिभर्सिटीलाई ३५-२४ ले हरायो। पारामाउन्टले भद्रकालीलाई २२-१७ ले पराजित गऱ्यो। सिनियर पुरुषमा गोल्डेन पिकले स्किब्सलाई ४८-३३ ले पाखा लगायो। सेवासदनले भद्रकालीलाई ३२-२० ले निराश पाऱ्यो। पञ्चायणले सिद्धार्थलाई ५७-३७ र टिआइएले युनिभर्सिटीलाई १८-१३ ले हराए।

एनएसआरएको सहज जित

काठमाडौं/ नेपाल स्क्वास एन्ड ज्याकेट्स संघको आयोजनामा बुधबार एनएसआरए इन्टर क्लब स्क्वास टिम च्याम्पियनसिप २०२३ सुरु भएको छ। पहिलो दिन बुधबार क्लब इन्टरनेसनलले ब्रिटिस आर्मी ए टिमलाई ३-० ले हरायो। इटालीका रेन्जो एन्डोर्नोले श्यामलाई समान ३-० सेटमा हराए। क्लब इन्टनेसनलका धीर पुनले अन्तिम खेलमा सविन गुरुङलाई ३-१ सेटमा पराजित गरे। आयोजक एनएसआरएको तीनै टिमले पहिलो दिन जित निकाल्यो। एनएसआरए सीले पनि ब्रिटिस आर्मी बीलाई तीनै खेलमा हरायो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com